नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA
मंगलबार भदौ ५, २०७५ | Tuesday, August 21, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलाथ्व १० | वर्ष २४, अंक २२३ | पृष्ठ १२ | मूल्य रू १०/–



साँझपाख सानोभ्र्याङबाट देखिएको हलचोकको डाँडा । नागार्जुन नगरपालिकामा रहेको यो ठाउँबाट काठमाडौं हेर्नेको भीड लाग्ने गर्छ । तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# मुद्दा पेचिला संयन्त्र फितला

टीका बन्धन, काठमाडौं

वातावरणीय मुद्दा फराकिलो बन्दै गइरहेका बेला सरकारी संयन्त्र भने ज्यादै फितलो छ, यस विषयका सरकारी जनशक्ति पर्याप्त छैनन्। पर्याप्त विज्ञ नहुँदा वातावरणीय अनुगमनसमेत प्रभावित बन्ने गरेको छ।

अनुगमनका लागि वातावरण विभाग मातहत हाल १६ जना मात्रै वातावरण निरीक्षक छन्। यो सीमित जनशक्ति काठमाडौं उपत्यकासहित अन्यत्र खटिनुपर्ने बाध्यता छ। हावा, पानी, माटो, ध्वनि, विभिन्न किसिमका यन्त्र/उपकरण वातावरणीय मापदण्डअनुसार सञ्चालन तथा कार्यान्वयन भए/नभएको अनुगमन र प्रतिवेदन तयार गर्न निरीक्षक खटिन्छन्।

> वातावरण विभाग मातहत हाल १६ जना मात्रै वातावरण निरीक्षक छन्, यो सीमित जनशक्ति काठमाडौं उपत्यकासहित अन्यत्र खटिनुपर्ने बाध्यता छ।

यसै गरी वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) र प्रारम्भिक वातावरणीय परीक्षण (आईई) प्रभाव न्यूनीकरणका उपाय कार्यान्वयन भए/नभएको अनुगमनसमेत यस्ता निरीक्षक गर्दै आएका छन्। वातावरण संरक्षण ऐन-२०५३ को दफा ८ ले वातावरण निरीक्षक पदको व्यवस्था गरेको छ। सोही ऐनले प्रदूषण अनुगमन/नियन्त्रणको जिम्मा निरीक्षकलाई तोकेको छ।

विभागले आर्थिक वर्ष २०७४/०७५ मा मुलुकभर १ सय ४० उद्योग कल-कारखानाको अनुगमन गरेको थियो भने ७० स्थानको ईआईए र आईई अनुगमन गरेको तथ्यांक छ। 'एक वर्षको अनुगमन ज्यादै थोरै भएन र!' भन्ने जिज्ञाशामा विभागका निवर्तमान महानिर्देशक दुर्गाप्रसाद दवाडीले भन्नुभयो- 'जनशक्तिको हिसाबले यो त ठूलो उपलब्धि हो, लक्ष्य १ सय ५० को थियो, हामी लक्ष्यकै हाराहारीमा पुग्यौं।' निरीक्षकको संख्या नबढाएसम्म अनुगमन प्रभावकारी नहुने दवाडीसहित विभागका अन्य अधिकारी बताउँछन्।

ईआईए र आईईमा धेरै जनशक्ति खट्नुपर्ने भएकाले छुट्टै 'वातावरण परिषद्' स्थापना गर्नुपर्ने बहससमेत हुन थालेको छ। ५ वर्षअघि राप तृतीय श्रेणीमा निरीक्षक पदको व्यवस्था गर्दै आन्तरिक र खुला प्रतिस्पर्धाबाट स्थायी कर्मचारी नियुक्ति गरिएको थियो। २०७० मा ८, २०७१ मा ९ र २०७२ मा २ जना निरीक्षक नियुक्ति भएका छन् भने त्यसयता सो पदमा नयाँ दरबन्दी माग गरिएको छैन। १६ जना विभाग र अन्य सडक विभाग, विद्युत् विकास विभाग र एक जना जल तथा सिँचाइ विभागमा कार्यरत छन्।

वन तथा वातावरण मन्त्रालयमा २, कृषि, भौतिक पूर्वाधार, यातायात मन्त्रालयसहित लगानी बोर्ड र राष्ट्रिय सर्तकता केन्द्रमा एक/एक जना निरीक्षकको पद सिर्जना गरिए पनि पूर्ति हुन सकेको छैन। स्नातकोत्तर तहको शैक्षिक योग्यता भएका वातावरण इन्जिनियर, वातावरण व्यवस्थापन र वातावरण विज्ञानमा स्नातकोत्तर तह उत्तीर्ण गरेकाहरूले सो पदमा आवेदन दिन सक्छन्। तर, यसरी नियुक्त हुने कर्मचारी बढुवा हुने प्रावधान भने छैन।

वातावरणका विविध विषयको अनुगमनमा खटिने कर्मचारीको खाँचो बढिरहेका बेला विद्यमान संख्या ज्यादै न्यून हुनु दुःखद भएको विभागका पूर्वमहानिर्देशक एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. युवकध्वज जीसीले बताउनुभयो। वातावरणका हरेक विषय बारेका छुटाछुट्टै विज्ञको खाँचो औंल्याउँदै उहाँले भन्नुभयो- 'वातावरण निरीक्षकको संख्या उपत्यकाबाहिर पनि बढाउन ढिलो भइसकेको छ, यस्ता कर्मचारीलाई प्रोत्साहन गर्न बढुवा हुने प्रावधान खुला गरिनुपर्छ।'

केही महिनाअघि 'एक प्रदेश एक निरीक्षक' को आवश्यकता औंल्याउँदै प्रदेशका हरेक मन्त्रालय र वातावरण शाखामा एक/एक जना यस्ता अधिकारीको व्यवस्था तोकिए पनि पदपूर्ति हुन सकेको छैन।

संघीय वातावरण संरक्षण ऐन मस्यौदाका क्रममा रहेकाले सो ऐन टुङ्गो नलागेसम्म नयाँ पदपूर्ति हुने सम्भावना नरहेको जानकारहरू बताउँछन्। स्थानीय तहलाई आवश्यक पर्ने जनशक्ति लोक सेवाको केन्द्र अथवा प्रदेश तहले परिपूर्ति गर्ने भन्ने व्यवस्था प्रस्ट हुन नसक्दा नियुक्ति प्रक्रिया अझै लम्बिन सक्ने विभागका वातावरण निरीक्षक भूपेन्द्र शर्माले बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# पूर्वराजदूत झाको हत्या अभियोगमा ३ पक्राउ

काठमाडौं, (नेस)

पूर्वराजदूत केशवराज झाको हत्या अभियोगमा ३ जनालाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको छ। प्रहरीले झाको हत्या भएको ठहर गर्दै घरका सुरक्षागार्ड सानु तामाङसहित अन्य दुई सहयोगीलाई नियन्त्रणमा लिएको हो।

फ्रान्सका लागि पूर्वराजदूत झा सोमबार बिहान बबरमहलस्थित आफ्नै घरको ओछ्यानमा मृत फेला पर्नुभएको थियो। उहाँको टाउको र घाँटीमा चोट लागेको, हत्यामा घरकै भान्साको चक्कु प्रयोग भएको पाइएको प्रहरीले जनाएको छ। घटनाको अनुसन्धानका लागि सुरक्षागार्ड तामाङ र झाको घरमा मालीका रूपमा काम गर्ने अन्य दुई जनालाई नियन्त्रणमा लिइएको महानगरीय अपराध महाशाखाले जनाएको छ।

८० वर्षीय झाको हत्या रातको १ देखि २ बजेको हाराहारीमा भएको पोस्टमार्टम रिपोर्टले देखाएको छ। श्रीमान्-श्रीमती फरक-फरक कोठामा सुत्ने गरेकाले बिहान अबेरसम्म झा नउठेपछि झाकी श्रीमती ज्ञानुले सुरक्षागार्ड तामाङ र मालीको सहयोगमा ढोका खोल्दा उहाँ मृत अवस्थामा फेला पर्नुभएको बताइएको छ। झा सुत्ने कोठाको झ्यालको



जाली च्यातिएको पाइएकाले हत्या नियोजितरूपमा भएको प्रहरीको ठहर छ।

उहाँका छोरा किरणराज र बुहारी आयरल्यान्ड बस्दै आउनुभएको छ। उहाँहरू गत शनिबार मात्रै त्यता जानुभएको पारिवारिक स्रोतले जनाएको छ। छोरी राजश्री संयुक्त राष्ट्रसंघमा कार्यरत रहेकाले उहाँ पनि स्वदेशमा हुनुहुन्न। ३० वर्षसम्म परराष्ट्र सेवामा बिताउनुभएका स्वर्गीय झा परराष्ट्र सेवाबाटै २०४९ देखि २०५४ सम्म फ्रान्सका लागि राजदूत बन्नुभएको थियो। राजदूत नियुक्त हुनुअघि उहाँ परराष्ट्रमा शिष्टाचार महापाल र त्यसअघि न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको स्थायी नियोगमा कार्यरत हुनुहुन्थ्यो।

(क्रमशः पृष्ठ ९ मा)

# अपराधपीडितले राहत पाउने पहिलो विधेयक प्रस्तुत

गंगा बराल, काठमाडौं

नेपालमै पहिलोपटक अपराधपीडितले राहत वा क्षतिपूर्ति पाउने कानुन ल्याउन लागिएको छ। उक्त राहत वा क्षतिपूर्ति अपराधकर्ममा संलग्नबाट भराइनेछ। कसूरदार वा अभियुक्तले तिर्न नसक्ने प्रमाणित भई पीडितले तत्काल क्षतिपूर्ति वा राहत रकम नपाउने भएमा पीडित कोषले व्यहोर्नेछ।

कानुनमन्त्री भानुभक्त ढकालद्वारा गत बिहीबार राष्ट्रिय सभामा प्रस्तुत भएर सोमबार छलफल भएको अपराधबाट पीडितको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा यस्तो प्रावधान राखिएको हो। उक्त विधेयक पारित भएमा यस्तो कानुन ल्याउनेमा नेपाल निकै अगाडि हुनेछ। उक्त विधेयक पारित भएपछि बन्ने 'अपराधपीडित संरक्षण ऐन-२०७५' मा पीडित कोषको व्यवस्था गरिएको छ। उक्त ऐनअनुसार पीडित कोष भनेको प्रचलित कानुनबमोजिम स्थापना भएको पीडित राहत कोष हो।

संविधानको धारा २१ मा 'अपराधपीडितको हक' को व्यवस्था गरेको देखिन्छ। यसैको उपधारा (१) मा भनिएको छ- 'अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ।' उपधारा (२) मा 'अपराधपीडितलाई कानुनबमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ' लेखिएको छ।

संविधानको भाग ३ मा 'मौलिक हक र कर्तव्य' सम्बन्धी प्रावधान रहेको छ। धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको प्रावधान राखिएको छ।

> अभियुक्तले क्षतिपूर्ति पनि तिर्नुपर्ने, तिर्न नसके पीडित कोषले व्यहोर्ने

संविधान बनेको ३ वर्षभित्रमा कानुनलाई कार्यान्वयन गरिसक्नुपर्ने भएकाले मौलिक हकलाई पनि आगामी असोज २ गते राति १२ बजेसम्म कानुन बनाएर कार्यान्वयनमा ल्याइसक्नुपर्ने सरकारको दायित्व रहेको छ। केही मौलिक हकसम्बन्धी कानुन पहिले नै बनिसकेकाले थोरै मात्र बनाउनुपर्ने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सूचना अधिकारी विनोदकुमार भट्टराईले बताउनुभयो। उहाँका अनुसार मन्त्रालयले समयसीमासम्म काम सक्ने गरी आन्तरिक गृहकार्य गरिरहेको छ।

नेपाल पक्ष बनेका संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि-२००० तथा भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि-२००३ मा अपराधपीडितको हकको कार्यान्वयन गर्न उपयुक्त व्यवस्था मिलाउने दायित्व पक्ष राष्ट्रको हुने उल्लेख छ। विधेयकको दफा ८ मा रहेको 'अभियोजनसम्बन्धी सूचनाको अधिकार' मा मुद्दा नचलाउने निर्णय गरेको भएमा यसको आधार र कारण पीडितले मागेमा त्यसको सूचना यथाशीघ्र दिनुपर्नेछ।

दफा (९) मा 'न्यायिक कारबाहीसम्बन्धी सूचनाको अधिकार' मा अभियुक्त पुर्पक्षका लागि थुनामा बस्नुपर्ने भएमा, थुनामा बस्नु नपर्ने भएमा वा थुनाबाट छुट्नुपर्ने भएमा, अदालतमा सुनुवाइको मिति, स्थान र समय पीडितले माग गरेमा पनि त्यसको सूचना यथाशीघ्र दिनुपर्नेछ।

अदालतले कसूरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको नाममा छुट्टै कक्ष उपलब्ध गराउन सक्ने विधेयकमा प्रस्ताव गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# कर्मचारीले तलब पाएनन्

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा मन्त्रालय र त्यसपछिको सबैभन्दा ठूलो निकाय शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका कर्मचारीले अझै तलब खान नपाएको बताएका छन्।

नयाँ गठित शिक्षा तथा मानव स्रोत विकास केन्द्रका नयाँ दरबन्दीमा कार्यरत १ सय १ कर्मचारीले साउनको तलब पाएका छैनन्। मन्त्री र सचिवले कर्मचारी व्यवस्थापनको विषयमा गम्भीरता नदेखाउँदा मन्त्रालयमा मात्र २ सय उपसचिव कामविहीन भएका छन्। शिक्षा विकास र केन्द्रमा मात्रै झन्डै ६० उपसचिव कामविहीन छन्।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको बेवास्ताका कारण तलब नपाएको भन्दै कर्मचारीले विरोध जनाउन थालेका छन्। 'मन्त्री र सचिवले यस विषयमा चासो नदेखाएपछि समस्या भएको हो। हुँदाहुँदा तलब खानसमेत पाएका छैनौं।' -मन्त्रालय स्रोतले नेपाल समाचारपत्रसँग भन्यो।

मन्त्रालयमा पदस्थापन गरेका र विभिन्न शाखाबाट आएका सबै उपसचिव एकै ठाउँमा थुप्रिएको र ती उपसचिवलाई कुनै जिम्मेवारी नदिएका कारण तलब खुवाउनसमेत समस्या परेको हो।

(क्रमशः पृष्ठ ९ मा)

## कालीमाटीमा बिचौलियाको दादागिरी

# सरकार लाचार कि 'तरकारी माफिया' शक्तिशाली ?

हेमन्त जोशी, काठमाडौं

सोमबार बिहान ३ बजे आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागको अनुगमन टोली कालीमाटी फलफूल तथा तरकारी बजार पुग्यो। शाखा अधिकृत दीपकराज पोखरेलको संयोजकत्वमा गएको १३ सदस्यीय अनुगमन टोलीको उद्देश्य थियो- किसानले उत्पादन गरेको ठाउँदेखि कालीमाटीसम्म आइपुग्दा कति ठाउँमा बिचौलिया लाग्दारहेछन् र कति मूल्य बढाइँदोरहेछ ?

अनुगमन टोली कालीमाटी पुग्दा बाहिर जिल्लाबाट आएको सामान झार्ने काम भइरहेको थियो। टोलीले ना४च ६६३४ र बा५च ९६४ नम्बरको टाटा मोबाइल गाडीबाट झार्दै गरेको सामानको बिलबीजकलगायत कागजात माग्यो। तर, उक्त सामानको कुनै पनि कागजात नभटिएपछि अनुगमन टोलीले प्रहरी प्रशासनको सहयोगमा उक्त गाडी नियन्त्रणमा लियो। त्यति बेलासम्म बजारमा ठूलो संख्यामा तरकारी र फलफूल व्यवसायी जम्मा भइसकेका थिए। अनुगमन टोलीसँग उनीहरूको बाझाबाझ शुरू भइसकेको थियो। टोलीले २ वटा गाडीबाहेक अन्य गाडीमा चेकजाँच गर्नै सकेन।

त्यसपछि अनुगमन टोली कालीमाटी फलफूल तथा तरकारी बजार समितिका अध्यक्ष, निर्देशक, व्यापारीहरूका प्रतिनिधि संस्थाका सदस्यसँग उक्त विषयमा छलफलमा व्यस्त भयो। त्यति बेलासम्म बाहिर ठूलै भीड र हल्लीखल्ली शुरू भइसकेको थियो। अनुगमन टोली, समितिका पदाधिकारी र व्यवसायीका प्रतिनिधिको छलफल



चलिरहेका बेला कालीमाटी फलफूल तथा तरकारी व्यवसायी संघका अध्यक्ष भरत खतिवडाले बाहिर ठूलो संख्यामा व्यवसायी जम्मा भएकाले अनुगमन टोलीलाई असुरक्षा हुन सक्छ भनेर सचेत गराए। हुन पनि त्यो बेलासम्म व्यवसायीहरूले कालीमाटी बजारको मुख्य गेट नै बन्द गरिसकेका थिए। त्यसपछि टोलीले तालुखवाला मन्त्रालय, प्रहरी प्रशासन, जिल्ला समन्वय समितिलगायतलाई आफूहरू असुरक्षित हुन सक्ने भन्दै सुरक्षाका विषयमा जानकारी गराए।

अनुगमनका क्रममा अवरोध देखिएपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवको नेतृत्वमा मन्त्रायका सचिव चन्द्रकुमार घिमिरे, सहसचिवद्वय नवराज ढकाल र रविशंकर सैंजु, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक योगेन्द्र गौचन टोलीले स्थलगत निरीक्षण गऱ्यो।

(क्रमशः पृष्ठ ९ मा)

### 'म त किसान हुँ, व्यापारी हैन'

***सुख दोर्जे गोले***
***नियन्त्रणमा लिइएको सामानका मालिक***

मेरो घर बारा जिल्ला निजगड नगरपालिका-१३ डम्बरपुर हो। म व्यापारी होइन, किसान हुँ। मैले आफैंले उत्पादन गरेको ६/७ क्विन्टल फर्सी पनि बेच्न ल्याएको छु। सबै फर्सी मेरो भने होइन। यसमा मेरा आफन्तहरूको पनि छ। अहिले मकै उखालेर खेत जोत्ने बेला हो। मकै बालीमा लगाएको फर्सी गाउँमै नकुहियोस् भनेर यता बेच्न ल्याएको हुँ। कालीमाटीमा ल्याएर फर्सी झार्नै लाग्दा विभागको अनुगमन टोली आएर मसँग फर्सीको बिलबीजक माग्यो। मसँग भ्याटबिल, व्यवसाय दर्ता, किसानसँग संकलन गरेको रकमको बिल केही पनि छैन।

(क्रमशः पृष्ठ ९ मा)

सरकारले एकीकृत परीक्षा प्रणाली लागू गर्ने योजना बनाएको भए पनि यो वर्ष सम्भव नभएकाले काठमाडौं विश्वविद्यालय, धरान, त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम), पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका चिकित्सा शिक्षाका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका निकायहरूले छुट्टै सूचना निकाली विद्यार्थीको परीक्षा तय गरेका हुन्।

# चिकित्सा शिक्षा र नेपालको अवस्था

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

उच्च श्रेणीमा उत्तीर्ण विद्यार्थीहरूको रोजाइमा पर्ने चिकित्सा शिक्षा अध्ययनका लागि यस वर्ष देशैभरि आवेदन खुला गर्ने र आवेदन लिई परीक्षा लिने कार्य धमाधम चलिरहेको छ। अभिभावकको चाहना र विद्यार्थीको मुखारस भएका विषयहरू भविष्यमा के बन्ने भन्नासाथ डाक्टर, इन्जिनियर, पाइलट, नर्स अर्थात् चिकित्सा विज्ञानका क्षेत्रमा उत्कृष्ट व्यक्ति बन्ने भन्ने गरेको सुनिन्छ। यिनै विषयमा काठमाडौं विश्वविद्यालयले आवेदन खुला गरेर पनि आवेदन दिने म्याद सकिएको जनाएको छ।

चिकित्सा शिक्षाका लागि दिइने प्रवेश परीक्षालाई विश्वसनीय बनाउन समय समयमा उठ्ने गरेका गम्भीर प्रश्नहरूलाई चिर्नुपर्ने बाध्यता बेला बेलामा देखिने गर्दछन्। कहिले प्रश्नपत्र बाहिरिएको त कहिले परीक्षामै हस्तक्षेपकारी भूमिका भएको घटनाबाट यस्ता विषय र चिकित्सा पेसालाई व्यवस्थित र मर्यादित बनाउनकै लागि सरकारको ध्यान केन्द्रित भएको छ।

दक्षिण एसियामा नै चिकित्सा शिक्षाको नमुना बनिसकेको त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम)ले यसवर्ष समयको मागलाई समेत सम्बोधन गर्दै एमबीबीएससहित ब्याचलर तहको विभिन्न विषयको विद्यार्थी भर्नाका लागि आवेदन खुला गरेको छ। यही भाद्र १ गते शुक्रबारदेखि प्रवेश परीक्षाका लागि आवेदन फर्म खुला गरेको छ।

आईओएमले सार्वजनिक गरेको सूचनाअनुसार आवेदन फर्म भरेकाहरूको प्रवेश परीक्षा असोज ६, ७ र ८ गते हुनेछ। आईओएमले यसपटक एक विषयसहित अन्य विषयमा पनि आवेदन दिन सक्ने व्यवस्था गरेको आईओएमका डीन प्राडा जगदीशप्रसाद अग्रवालले बताउनुभयो। विद्यार्थीको मागलाई ध्यानमा राखेर आईओएमले एमबीबीएसमा आवेदन दिएकाले आयुर्वेद तथा अन्य कुनै एक गरी तीन विषयमा आवेदन दिन सक्ने व्यवस्था गरिएको हो। यसरी आवेदन दिने विद्यार्थीले सबै विषयमा प्रवेश परीक्षा दिई उत्तीर्ण भएको अवस्थामा आफूले चाहेको विषय पढ्न पाउनेछन् र एकवर्ष पर्खनुपर्ने झन्झटबाट मुक्ति पाउनेछन् भन्ने ठम्याइ आईओएमको रहेको पनि डा. अग्रवालले बताउनुभयो।

उहाँ भन्नुहुन्छ- 'प्रमाणपत्र तह नर्सिङ उत्तीर्ण गरी न्यूनतम योग्यता पुगेका परीक्षार्थीले बीएनका साथै बीपीएचमा समेत आवेदन दिन पाउनेछन्। यसका साथै प्लस टु तथा पीसीएल बायोलोजी समूहका परीक्षार्थीले एमबीबीएस र बीडीएस वा बीपीएचमध्ये कुनै एकसहित अन्य थप दुई गरी तीन शैक्षिक कार्यक्रममा आवेदन दिन पाउनेछन्। यसका लागि विद्यार्थीले विषयअनुसार छुट्टाछुट्टै फारम भरी परीक्षामा उत्तीर्ण हुनुपर्नेछ। यिनै विषयलाई ध्यानमा राखी परीक्षाको मिति फरक पारिएको छ।

सरकारले चिकित्साशास्त्रतर्फ सबै विश्वविद्यालय तथा प्रतिष्ठानका एमबीबीएस र बीडीएस तहको प्रवेश परीक्षा एउटै बनाउन एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स एक्जाम)को तयारी अगाडि बढाएको भए पनि यो वर्ष सम्भावना टरेको छ।

चिकित्सा शिक्षाको माग र आवश्यकताअनुसार सँगसँगै सबै विश्वविद्यालयले सञ्चालनमा ल्याउने परीक्षामा सहभागी हुने विद्यार्थीको चाप बढेको देखिन्छ। सीमित सिट संख्यामा हुने परीक्षाका लागि निकै ठूलो मेहनत र संघर्ष गर्नुपर्ने डा. अग्रवाल बताउनुहुन्छ। मेरिटका आधारमा परीक्षार्थी उत्तीर्ण तथा भर्नाका लागि योग्य हुने प्रावधान रहेकाले चिकित्सा शिक्षाका लागि निकै मेहनत र लगनशीलताको खाँचो हुने पनि उहाँ बताउनुहुन्छ। यति प्रतिस्पर्धा गर्नुपर्ने भएकै कारण विद्यार्थीमा निखारपन र योग्य र दक्ष विद्यार्थीको छनोट गर्न चिकित्सा शास्त्र अध्ययन संस्थानलाई जिम्मेवारी बोध भएकै छ। यो नै गुणस्तरीयता कायम गर्ने मूल आधार हो।

त्यसैगरी धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले ब्याचलर तहको विभिन्न विषयको विद्यार्थी भर्नाका लागि आवेदन खुला गरेको छ। प्रतिष्ठानले पनि प्रवेश परीक्षाका लागि भाद्र १ गतेदेखि नै आवेदन फर्म भर्न खुला गरेको हो।

प्रतिष्ठानका अनुसार आवेदन फर्म भरेकाको प्रवेश परीक्षा असोजमा हुनेछ। प्राय: नेपालका चिकित्सा शिक्षा अध्ययन गराउने संस्थाहरूले विद्यार्थीहरूको चिकित्सा शिक्षा अध्ययन गर्ने उच्च चाहनाको कदर गर्दै परीक्षाको मिति सकेसम्म नजुध्ने गरी तय गरेको बुझिएको छ। धरानले एमबीबीएसको परीक्षा असोज २० गते, बीएससी नर्सिङ र बीएससी एमआईटीको परीक्षा असोज २६ गते गर्ने मिति तय गर्नुले पनि यी कुरालाई पुष्टि गरेको छ।

सरकारले एकीकृत परीक्षा प्रणाली लागू गर्ने योजना बनाएको भए पनि यो वर्ष सम्भव नभएकाले काठमाडौं विश्वविद्यालय, धरान, त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम), पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका चिकित्सा शिक्षाका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका निकायहरूले छुट्टै सूचना निकाली विद्यार्थीको परीक्षा तय गरेका हुन्। यतिबेला चिकित्सा शिक्षा अध्ययन गर्ने चाहना भएका विद्यार्थीको निकै दौडधूप चलेको छ। असोज महिनामा हुने परीक्षा र भर्खरै खुलेको आवेदन फर्म अनलाइनमा भर्नेहरूको चटारो हेर्दा लाग्छ अब नेपालमा चिकित्सकको अभाव हुनेछैन र कुनै पनि बिरामीले चिकित्सकको सेवा नपाएर अकालमा ज्यान गुमाउनुपर्ने छैन।

देशका यति प्रतिष्ठित संस्थामा नाम निकाल्नु, पढ्नु र पेसामा समर्पित भई देश र जनताको सेवा गर्न पाउनु भाग्यको कुरा हो। चिकित्सा शिक्षा अत्यन्तै महँगो शिक्षा भएका कारण सर्वसाधारण जनताले चाहेर पनि आफ्ना छोराछोरीलाई चिकित्सा शिक्षा पढाउनबाट वञ्चित हुनु नपरोस् भन्दै सरकारले छात्रवृत्तिमा वृद्धि गरी चिकित्सकलाई नेपाल र ग्रामीण भेगसम्म कार्यरत रहने वातावरण बनाउन गुणस्तरीय चिकित्सा सेवा सर्वसुलभ बनाउनुपर्ने माग अघि सार्दै पटकपटक आमरण अनशनमा उत्रँदै आउनुभएका चिकित्सा शास्त्र अध्ययन संस्थाका प्राडा गोविन्द केसीको अडान अहिले पनि कायमै छ। सरकारले पनि उहाँले उठान गर्नुभएको मागप्रति सकारात्मक धारणा अघि सार्दै सुधार गर्ने प्रतिबद्धता गरिसकेको अवस्था छ।

चिकित्सा शिक्षाका लागि प्रवेश परीक्षाको आवेदन खुल्दा, परीक्षामा सामेल हुँदा र दीक्षान्तका समयमा विद्यार्थीको उत्साहलाई हेर्दा लाग्छ अब नेपालमा २०७२ को संविधानले सुनिश्चित गरेको स्वास्थ्यसम्बन्धी नैसर्गिक अधिकार अब पक्कै पूरा हुन्छ। पुन: अस्पताल, स्वास्थ्य संस्था, स्वास्थ्यचौकी र ग्रामीण भेगमा हेर्दा कहाँ गए ती डाक्टर, नर्स, वैद्यहरू र आज नेपालमा यति ठूलो संख्यामा बिरामीहरू चिकित्सकको अनुहारसम्म देख्न नपाई रोग र शोकमा डुबेका छन्। अबको आवश्यकता दक्ष जनशक्ति उत्पादन र देशकै भूबनोटअनुसार बाँडफाँड र टिकाउका लागि सरकार, निजीक्षेत्र, संघसंस्था र समुदायले समेत ऊर्जामय वातावरण सृजना गर्नुपर्ने देखिन्छ। सरकारले यस्तो कार्यका लागि कानुनी व्यवस्थामा समेत ध्यान दिएर समय सापेक्ष कानुनी मर्यादामा समेत ध्यान दिनुपर्ने देखिन्छ। पैसामा किनबेच हुने प्रमाणपत्र र पैसाका आडमा बिरामीमाथि गरिने अन्यायपूर्ण व्यवहारको पनि अन्त्य गर्नु जरुरी छ।

पहुँच र पदको आडमा देशको ढुकुटी रित्याएर विदेशमा गई उपचार गराएर देशमा भएका जनताको अधिकारलाई आँखा चिम्लिने प्रथाको अन्त्य गर्दै देशमा उपचार सम्भव नभए मात्र विदेशमा जाने वातावरण सृजना गर्नुपर्ने पनि राज्यको दायित्व हुन आउँछ। व्यक्तिगतरूपमा पहुँच भएका व्यक्तिको हकमा भन्दा राज्यको कोष खर्चिने र जनस्वास्थ्यलाई व्यवस्था गर्ने परिपाटीको अन्त्यका लागि सरकारले कडा निर्णय लिनै पर्छ। यो नै देश र जनताको हितमा हुनेछ।



## डा. केसीका माग पूरा गर्न सरकारले इमानदारिता देखायो

चिकित्सा शास्त्र अध्ययन संस्थाका प्राडा गोविन्द केसीसँग १५औं अनशन तोड्ने क्रममा सरकारले गरेको सम्झौताअनुसारको काम आइतबारदेखि शुरू गरेको छ। सरकारले डा. केसीसँगको सहमतिअनुसार विश्वविद्यालय र प्रतिष्ठानमा पदाधिकारी नियुक्ति गर्ने मापदण्ड निर्धारणसम्बन्धी सिफारिस गर्ने कार्यदल गठन गरेको छ।

डा. केसीसँग सरकारले २७ दिन लामो अनशनपछि सम्झौता गरी साउन १० गते अनशन तोडाएको थियो। नौ बुँदे सहमतिको ५ नम्बर बुँदामा १५ दिनभित्र कार्यदल गठन गर्ने उल्लेख गरिएको थियो। सरकारले सम्झौताअनुरूप समयमै काम सम्पन्न गर्न डा. केसीले अस्पतालबाट आफू डिस्चार्ज हुँदा अर्थात् अनशन तोडेको १३औं दिनका दिन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। यसलगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीले डा. केसीलाई प्रधानमन्त्री निवास बालुवाटरमै बोलाएर सम्झौताअनुसार बचन पूरा गर्ने विश्वास दिलाउँदै २ घण्टा लामो छलफल गर्नुभएको थियो।

डा. केसीसँगको छलफल टुंगिएलगत्तै प्रधानमन्त्री ओलीले शिक्षामन्त्री गिरिराजमणि पोखरेललाई प्रधानमन्त्री निवासमा बोलाई डा. केसीसँग भएका सबै बुँदाको कार्यान्वयनका लागि छिटो पहल गर्न निर्देशन दिनुभएको थियो। सोहीअनुरूप मन्त्री पोखरेलले आइतबार २४औं दिनका दिन डा. केसीसँगको सहमतिअनुसार कार्यदल गठन गर्नुभएको हो।

कार्यदल शिक्षा मन्त्रालयका सहसचिव डा. हरिप्रसाद लम्सालको संयोजकत्वमा गठन गरिएको छ। सदस्यहरूमा कानुनविद् इन्द्र अर्याल, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्राध्यापक डा. मधुर बस्नेत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिव र शिक्षा मन्त्रालयको कानुन तथा फैसला कार्यान्वन शाखाका प्रमुख सदस्य रहने व्यवस्था गरिएको छ। समितिको समयावधि डा. केसीसँग समन्वय गरी एक महिनाको तोकिएको पनि शिक्षा मन्त्रालयले जनाएको छ।

त्यसैगरी सोही सम्झौताको कार्यान्वयनका लागि पाँचथर, इलाम, डडेल्धुरा, डोटी र उदयपुरमा मेडिकल कलेज खोल्नका लागि शिक्षा मन्त्रालयबाट मन्त्रीस्तरीय निर्णय गरी आइतबारै अध्ययन अनुसन्धानका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक डा. मधुसूदन सुवेदीको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेको छ। समितिमा धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा. शैलेशमणि पोखरेल, शिक्षा मन्त्रालयका सहसचिव डा. हरि लम्साल, सुदूरपश्चिम विश्वविद्यालयका उपप्राध्यापक डा. शंकर भट्ट, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सहसचिवस्तरको एक जना सदस्य र नेपाल मेडिकल काउन्सिलको प्रतिनिधि सदस्य रहेका छन्।

आइतबारै शिक्षा मन्त्री पोखरेलले जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएसलगायत ब्याचलर तहका कार्यक्रम सञ्चालनका लागि समिति गठन गर्नुभएको छ। २४ दिनअघि डा. केसीसँग भएको सहमतीअनुसार मन्त्री पोखरेलले डा. श्रीकृष्ण गिरीको संयोजकत्वमा समिति गठन गर्नुभएको हो। समितिमा डा. केसीका सहयोगी डा. जीवन क्षेत्री र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राडा केदार बराल सदस्य तोकिएको छ। समितिमा कर्णाली प्रदेश सरकारको प्रतिनिधि, कर्णाली प्रतिष्ठानका प्रतिनिधि र सुर्खेत अञ्चल अस्पतालका प्रतिनिधिसमेत सदस्य रहनेछन्।

डा. केसीसँग सहमतिको २ नम्बर बुँदामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एबीबीएसलगायतका स्नातक तहको विद्यार्थी भर्ना गर्ने सम्बन्धमा संघीय सरकारको प्रतिनिधि, कर्णाली सरकारको प्रतिनिधि, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रतिनिधि, सुर्खेत अञ्चल अस्पतालको प्रतिनिधि र विज्ञ समूहबाट २ जना रहेको कार्यदल गठन गर्ने उल्लेख गरिएको छ।

## विदेशमै बसेर नेपालमा उपचार कसरी ?

समयले दिएको प्रविधिको प्रयोगबाट अब विदेशमा बसेर पनि नेपालमा रहेका बूढा बाबुआमाको उपचार गर्न सकिने भएको छ। हातमा प्रविधि बोकेर समयलाई अत्यन्तै सदुपयोग गर्ने समुदायका लागि घरघरमै डकनकले डाक्टर, औषधी, एम्बुलेन्सजस्ता अपरिहार्य सेवा उपलब्ध गराउने अठोटका साथ हालै एक कार्यक्रमका बीच स्वास्थ्य सेवाका लागि नभई नहुने याप सार्वजनिक गरेको छ। यो याप डक्टर अनडिमाण्ड प्रालिका संस्थापक दीक्षित गौतम र डा. सुशील सिग्देलको समूहले लामो समयको मेहनत र परिश्रमपछि सार्वजनिक गरेका हुन्। यो याप्सका आविष्कारक गौतमको टोली लामो समयदेखि अमेरिकामा बस्दै आएका छन्।

छोराछोरी विदेशमा बूढा बाबुआमा नेपालमा हुनेहरूका लागि यो याप्स अत्यन्तै उपयोगी हुने ठम्याइका साथ आफूले तयार पारेको गौतमले बताउनुभयो। उहाँले यो कामका लागि आफ्नै १ सय १ वर्षीया हजुरआमाको स्वास्थ्य परीक्षणले हौसाएको बताउनुभयो। मेरो हजुर आमा प्रतिनिधि पात्र मात्र हो। यस्ता धेरै नेपाली हजुर आमा, हजुर बुबा, आमा, बुबाहरूका लागि डकनक यापले सारथीको काम गर्ने विश्वास लिएको पनि गौतमले बताउनुभयो।

अब तपाईं बिरामी पर्नुभयो या घरमा कोही बिरामी परेमा अस्पताल दौड्ने चिन्ता नगर्नुस् पहिला डकनक याप मोबाइलमा डाउनलोड गरिराख्नुस्। समस्या पर्नासाथ तपाईंलाई डाक्टर, एम्बुलेन्स, औषधी के चाहिएको हो त्यसमा क्लिक गरेर सेवा लिनुस्। यो सेवा आकस्मिक उपचारका लागि भन्दा दीर्घरूपमा स्वास्थ्य सेवा लिनुपर्ने बिरामीका लागि प्रभावकारी हुने याप्स निर्माण टिमको ठम्याइ छ।

### डकनक किन ?

आज प्रविधि जीवनको अभिन्न अंग भएको छ। प्रविधिको सहीरूपमा प्रयोगबाट दैनिक जीवनलाई हामी धेरै सहज बनाउन सक्छौं। त्यसमा पनि अति नै संवेदनशील स्वास्थ्यसँग जोडिएका विषयहरू डाक्टर, नर्सजस्ता जनशक्ति




खोज्न, औषधी मगाउन, एम्बुलेन्स बोलाउनदेखि प्रयोगशाला जाँचका लागि समेत घरैमा बसीबसी सेवा प्रदायकलाई बोलाउन वा सेवास्थलमा समय लिन सक्नुहुन्छ। शहरी क्षेत्रमा लामो ट्राफिक जामका कारण पनि अस्पतालसम्म पुग्न जटिल हुनसक्छ। यस्तो अवस्थामा समयको बचत र सहज सेवाका लागि डकनक प्रभावकारी हुनेछ। सहज स्वास्थ्य सेवाका लागि सहयोग होस् भन्ने हेतुले तयार पारिएको मोबाइल एप्लिकेसन हो- 'डकनक'। यो एप्लिकेसन 'डक्टर अन डिमाण्ड प्रालि'नामक कम्पनीअन्तर्गत छ।

### डकनक के हो ?

यो एउटा मोबाइल एप्लिकेसन हो, जसको सहायताले सहजै आवश्यक परेका व्यक्तिले चाहेको स्थानमा डाक्टर झिकाउन वा डाक्टर रहेको ठाउँमै पुगेर सेवा लिनका लागि समयसम्म यकिन (एपोइनमेन्ट)समेत लिन सक्छ। चाहे त्यो स्थान घर होस् वा कार्यालय वा अन्य कुनै आस्मिक परेको ठाउँ। आफै मात्रै होइन, एप्सको सहायताले तपाईं अरू कसैका लागि समेत त्यस्तो सेवा लिइदिन सक्नुहुन्छ। स्वास्थ्यसँग सम्बन्धित सेवा प्रदायक व्यक्ति र संस्था र सेवाग्राही दुवै पक्ष एप्समार्फत जोडिएका हुन्छन्। जसले गर्दा दुवै पक्षले सेवा लिनसक्छन्। हाम्रा सेवाहरू डाक्टर भेट्ने/बोलाउने कुनै विषयमा स्वास्थ्य परीक्षण वा नियमित जाँचका लागि आफ्नो सबैभन्दा नजिक रहेको डाक्टरलाई बोलाउन सक्नुहुन्छ। यो एप्लिकेसनमा रजिस्ट्र डक्टर्समध्ये उपलब्धमध्ये सबैभन्दा नजिक भएका डाक्टरको सेवा लिनसक्नुहुन्छ। घरैमा बसीबसी आफूले चाहेको विशेषज्ञसँग भेटका लागि पनि समय बुक गर्न सहजै सक्नुहुन्छ।

नोट: अत्यवश्यकीय अवस्थामा तत्कालै उच्च तहको सेवा चाहिने अवस्थामा भने यो सुविधा प्रयोग नगर्नुहोला।

आकस्मिक सेवा आकस्मिक अवस्थामा तपाईंको नजिकै रहेको एम्बुलेन्स बोलाउनका लागि यो सुविधा प्रयोग गर्नसक्नुहुन्छ। यो एप्लिकेसनमा गएर एम्बुलेन्स अप्सनमा गएर लोकेसन दिनासाथ सिस्टमले नै नजिकको एम्बुलेन्ससम्म यो खबर पुऱ्याउँछ। औषधी मगाउन यो एप्लिकेसनबाट औषधी मगाउन (अर्डर गर्नसमेत सकिन्छ। डाक्टर्सले लेखेको अक्षर टाइप गरेर वा प्रेस्क्रिप्सनको फोटो खिचेर सिस्टममा अपलोड गरेर पनि चाहिएको औषधी घरैमा मगाउन सक्नुहुन्छ।

### प्रयोगशाला परीक्षण (ल्याब टेस्ट)

यही एप्लिकेसनको सहायतामा प्रयोगशाला परीक्षण सेवासमेत लिन सकिन्छ। घरैमा बसिबसी आफूलाई चाहिने जाँच सेवा अर्डर गरे पनि हामी नमुना संकलनका लागि तपाईंको घरमै आउँछौं। नमुना संकलन मात्रै होइन, रिपोर्ट लिनसमेत तपाईं प्रयोगशाला धाउनुपर्दैन। डक्टर र नर्स भेट्ने व्यवस्था आफूले खोजेको डाक्टरका लागि एपबाट नाम पठाएपछि उपलब्ध समयअनुसार निश्चित भएको समयको जानकारी तपाईंलाई गरिन्छ।

सीधा सम्पर्क तथा सहायता एप्लिकेसन प्रयोग गर्दा सबै प्रक्रिया जटिल लाग्छ भने नपाईंले सीधै अपरेटरसँग कुरा गरेर चाहेको सेवाबारे जानकारी वा सेवा लिन सक्नुहुन्छ। जसले सेवा लिन अझै सहज बनाउँछ।

डकनक नै किन ?

धेरै सेवाग्राहीका लागि कम ज्ञान भएको र बढी प्राविधि विषयमा सहज र सरल तरिकाले सेवा प्राप्त गर्न डकनक-डाक्टरहरू तपाईंको साथमा रहेको मोबाइलसँग जोडिनुभएको छ। केबल केही क्लिक टाढा हुनुहुन्छ डकनक निओलोकेसनमा आधारित एप हो। धेरै डक्टरहरू स्थानीय हुन्छन् सायद तपाईंकै छिमेकी पनि। यो एप डाउनलोड नि:शुल्क हुन्छ, हामी डक्टरलाई जागिर वा तलब दिने होइनौं, उनीहरू तपाईंले जस्तै हाम्रो एपमा खाता खोल्नेछन्। हमी सम्पर्क माध्यम मात्रै हौं। काठमाडौं उपत्यकाका धेरैजसो स्थानमा हामी तपाईंको घरदैलोमा ३० देखि ६० मिनेटभित्रै पुग्ने र सेवासँग जोड्ने जिम्मेवारी लिन्छौं।



## बर्थडे

आगामी शुक्रबारबाट रिलिजमा आउन लागेको फिल्म *रेनी*की नायिका, लेखिका तथा गीतकार सनम मल्ल आइतबार बर्थडे मनाउँदै।

## PAGE3

## ढाका मोह

नायिका सुरक्षा पन्त ढाका टोपी पहिरेर सेल्फी फोटो खिच्दै।



# लोकप्रियताका आधारमा अमेरिकामा नेम्पा अवार्ड



नेपाली फिल्मको विकास, विस्तार, प्रवर्द्धन र सम्वर्द्धनका लागि भन्दै नेपाल चलचित्र संघले अमेरिकाको सिकागोमा *नेम्पा पपुलर फिल्म अवार्ड-२०१८* गर्ने भएको छ। एसोसियसन अफ नेप्लिज इन मिड वेस्ट अमेरिका, नेप्लिज एसोसियसन इन साउथेस्ट अमेरिका र नेप्लिज एसोसियसन इन द अमेरिका र नेपाल चलचित्र संघको संयुक्त आयोजनामा अवार्ड हुन लागको हो।



संघद्वारा सोमबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष प्रदीपकुमार उदयले आगामी भदौ १५ देखि १७ सम्म अमेरिकाको सिकागोमा हुने *नेपाली नेसनल कन्भेन्सन* चल्ने र सोअन्तर्गत *नेम्पा पपुलर फिल्म अवार्ड* आयोजना हुनेछ। उदयका अनुसार लोकप्रियताका आधारमा विधा तय गरिएको छ। जसअन्तर्गत *नेम्पा पपुलर फिल्म, निर्देशक, नवनिर्देशक, अभिनेता, अभिनेत्, दशक अभिनेता, दशक अभिनेत्, सहअभिनेता, सहअभिनेत्, हास्य कलाकार, संगीतकार, गायक, गायिका* तथा *नेम्पा अचिभमेन्ट अवार्ड* र *लाइफ टाइम अचिभमेन्ट अवार्ड* गरी कुल १५ विधामा अवार्ड प्रदान गरिनेछ।

कार्यक्रममा सहभागी हुन नेपाल चलचित्र संघका पदाधिकारीहरुका साथै कलाकारहरु नीर शाह, भुवन केसी, सुनील थापा, रेखा थापा, झरना थापा, दीपकराज गिरी, दीपाश्री निरौला, अनमोल केसी, केकी अधिकारी, अर्जनु श्रेष्ठ, अञ्जु पन्त, सुगम पोखरेल, अर्जुन पोखरेल, विल्सनविक्रम राई, नीता ढुंगाना, जितु नेपाल, केदार घिमिरे, सरिता लामिछाने, सुमन गिरी र सीतादेवी तिमल्सिनालगायत अमेरिका जानेछन्।

कार्यक्रममा बोल्दै संघका अध्यक्ष प्रदीप उदयले आफूहरूले अमेरिकामा नेपालीको बाक्लो बस्ती रहेको विभिन्न स्थानमा नेपाली फिल्म कसरी प्रभावकारी ढंगमा रिलिज गर्न सकिन्छ र नेपाली फिल्मको विकासका लागि के-के गर्न सकिन्छ भन्ने विभिन्न विषयमा अन्तरक्रियात्मक छलफल गर्ने पनि बताए। 'यस विषयको छलफलका लागि अवार्ड समारोह राम्रो प्लेटफर्म भएकाले हामीले अवार्डलाई माध्यम मात्र बनाएका हौं', पोखरेलले भने- 'जहाँ नेपालबाट सहभागी हुने कलाकार, प्राविधिक, निर्माता, वितरक तथा प्रदर्शक र अमेरिकामा रहेका नेपालीबीच नेपाली चलचित्रसम्बन्धी अन्तरक्रिया कार्यक्रम हुनेछ।' संघका तृतीय उपाध्यक्ष नरेन्द्र महर्जनले नेपाली फिल्म क्षेत्रमा फरक खालको काम गर्ने सोचबाट अमेरिकामा अवार्ड कार्यक्रम गर्न लागेको बताए। 'हामी अवार्ड मात्र नभएर अन्तर्राष्ट्रिय बजारमा कसरी नेपाली फिल्म पुर्‍याउने भन्ने कुरामा पनि छलफल गर्नेछौं', महर्जनले भने- 'अवार्ड कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका माधवकुमार नेपाल प्रमुख अतिथि हुनुहुन्छ र नेपालका लागि अमेरिकी राजदूतको पनि सहभागिता हुनेछ। यही अवसरमा नेपाली फिल्मलाई अन्तर्राष्ट्रियस्तरमा लैजाने कुरामा छलफल पनि हुनेछ।' समारोहमा गीत, संगीत, हास्य तथा नृत्यको पनि प्रस्तुति रहने कार्यक्रममा जानकारी दिइएको छ। जमानामा *मोसन पिक्चर अवार्ड* आयोजना गर्दै आएको संघले गत वर्ष अमेरिकामै अवार्ड कार्यक्रम गर्ने घोषणा गरे पनि अमेरिकी सरकारले मनोनयनमा परेका कतिपय कलाकार तथा प्राविधिकलाई नै भिसा नदिएपछि स्थगित गरेको थियो। यस वर्ष भने प्रतिस्पर्धाका आधारमा नभई लोकप्रियताका आधारमा अवार्ड प्रदान गरिने कार्यक्रम तय गरिएको उदयले बताए।

### दिमागको शल्यक्रियाका कारण कन्सर्टमा जान नपाएकी

# फ्यानकै घर पुगिन् केटी पेरी

हलिउड गायिका केटी पेरी आफ्नो अस्ट्रेलियन टुरको क्रममा आफ्नो एक फ्यानलाई सरप्राइज दिनका लागि उनको घर पुगेकी छिन्। केटी ग्रेस नामक उक्त फ्यानको दिमागको शल्यक्रिया गरिएकाले उनलाई सरप्राइज दिन उनको घर पुगेको एजेन्सीले जनाएको छ।

ती फ्यान शल्यक्रियाका कारण कन्सर्टमा पुग्न सक्ने अवस्थामा नभएकाले उनलाई भेट्न केटी आफ्नो व्यस्त सेड्युलको बावजुद समय निकाली उनको घर पुगेको समाचारमा चर्चा गरिएको छ। समाचारमा जनाइएअनुसार केटीले उनका लागि गीत पनि गाइदिएकी थिइन्। रिपोर्ट अनुसार ग्रेसको बहिनी टियानाले केटीसँग भेट्नका लागि ट्विटरमा एक अभियान चलाएकी थिइन्। उनको ट्विटरमा २० हजार रिट्विट भएपछि केटी पेरीको समूहले उनीसँग सम्पर्क गरी भेट्ने व्यवस्था मिलाएको हो। ग्रेसकी बहिनीले ग्रेस केटीको निकै ठूलो फ्यान भएको बताएकी छन्। ग्रेस कन्सर्टमा जाने तयारीमा थिइन् तर उनको स्वास्थ्यका कारण सहभागी हुन पाएकी थिइनन्।

# फिल्ममा जस्तै मेरो जीवन नक्कली नोटले चंगा चेट भयो : माधव वाग्ले

*चंगा चेट* फिल्मको सुटिङका लागि प्रयोजनसमेत खुलाउँदै छापिएको नक्कली नोट बाहिरिएपछि पक्राउ परी धरौटीमा रिहा भएका निर्माता माधव वाग्लेले फिल्ममै जस्तो आफ्नो जीवन चंगा चेटको अवस्थामा पुगेको बताए।

'फिल्ममा जस्तै मेरो जीवन पनि नक्कली नोटले चंगा चेट भयो। फिल्मसँग सरोकार राख्ने सबै संस्थाबाट इजाजत लिएरै नोट छपाएर प्रयोग गरेको थिएँ। चलचित्र विकास बोर्डबाट पनि अनुमति लिएको थिएँ। तर, केही मिडियाले अपराधिकै रूपमा चित्रण गरेर समाचार लेख्दा दुःख लाग्यो। अहिले मेरो मुद्दा न्यायालयमा चलिरहेको छ। त्यहाँबाट न्याय पाउनेछु भन्नेमा आशावादी छु।' -वाग्लेल सोमबार राजधानीमा आयोजिते *चंगा चेट*को *गोजीमा दाम छैन* बोलको गीत रिलिज कार्यक्रममा भने। उनले सुनाए- 'कमेडी नजरामा बनेको यो फिल्ममा तीन पात्रको जिन्दगी नक्कली नोटकै कारण चंगा चेट हुन्छ। फिल्ममा जस्तै मेरो जीवन पनि नक्कली नोटले चंगा चेट भयो।' कार्यक्रममा निर्देशक दीपेन्द्र के खनालले फिल्मको कथा चंगा चेटमै घुमेको बताए। 'फिल्मका पात्र सबै गरिब हुन्छन्। यो अवस्थामा को के-कसरी चंगा चेट हुन्छन् पछि थाहा हुन्छ। यो अहिले बनिरहेका कमेडी फिल्मभन्दा फरक छ। हँसाउनकै खातिर कुनै पनि संवाद र दृश्य जबरजस्ती राखेका छैनौं।' -खनालले भने। सार्वजनिक गीतमा प्रियंका कार्की, आयुषमान् देशराज जोशी, सुरक्षा पन्त, रवीन्द्र झा, सन्दीप क्षत्री र परमिता राणाले फिचरिङ गरेका छन्। हरिहर तिमल्सिनाको शब्द र राजनराज शिवाकोटीको स्वर तथा संगीत रहेको गीतमा मेलिना



राई र ग्रिष्मा शिवाकोटीले स्वरमा साथ दिएका छन्। यसका लागि कोरियोग्राफी प्रवीण सिंहले गरेका छन्। माधव वाग्ले र शर्मिला पाण्डेद्वारा निर्मित फिल्ममा प्रदीप भारद्वाजको पटकथा र संवाद, राजनराज र अर्जुन पोखरेलको संगीत, निरक कँडेलको छायांकन र दीर्घ खड्काको सम्पादन रहेको छ।







सर्वत्र बजारमा उपलब्ध

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू

» आयुष्मान + प्रियंका = आयंका
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» कति चाँडै तीजको लहर !
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» सेलाउँदै सिनेमा
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» सफलतासँगै असफलता
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» शेयर वृद्धि राहत, बक्स अफिस आहत !
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» आमाअघिको नेपाली सिनेमा
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयाँ।

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# विचार

संसारमा केवल दुई शक्ति छन्- तरबार र कलम। सधैं तरबारको हार र कलमको विजय हुन्छ।
- नेपोलियन

माता, मित्र र पिता तीन स्वभावैले हित गर्ने हुन्छन्। यी बाहेक अरुचाहिँ कार्य र कारणले गर्दा या स्वार्थवश हित गर्ने हुन्छन्।
- हितोपदेश

## सम्पादकीय

नेपाल समाचारपत्र

# राजधानीको सुरक्षा संवेदनशीलता

जनताको जीउधनको सुरक्षा गर्नु राज्यको प्राथमिक दायित्व हो। राज्यले शान्ति–सुरक्षाको प्रत्याभूत गर्ने सर्तमा जनताले आफूले सकी–नसकी कमाएको सम्पत्तिको कर तिर्छन् भन्ने राजनीतिशास्त्रको मान्यता पनि रहेको छ। तर अहिलेको सन्दर्भमा दुई तिहाइ बहुमतको बलमा उभिएको सरकार शान्ति–सुरक्षाको सवालमा खरो उत्रिन सकेको छैन। देशमा शान्ति–सुरक्षाको अवस्था फितलो हुँदै गएको राजधानी काठमाडौंमा भएका पछिल्ला घटनाक्रमले नै देखाएका छन्। ११ वर्षीय बालक निशानको अपहरणपछि हत्या भएको खबर सेलाउन नपाउँदै पूर्वराजदूत केशवराज झाको आफ्नै निवासमा शंकास्पद हत्या भएको छ। पूर्वराजदूत झाको हत्याले राजधानीको शान्ति–सुरक्षाको कमजोर स्थितिलाई फेरि एकचोटि उजागर गरिदिएको छ।

प्राप्त जानकारीअनुसार पूर्वराजदूत झा आइतबार बेलुका खाना खाएर बबरमहलस्थित आफ्नै निवासमा सुत्नुभएको थियो। सोमबार बिहान अबेरसम्म नउठेपछि उहाँकी श्रीमतीले प्रहरीलाई खबर गर्नुभएको थियो। प्रहरी कोठाभित्र छिर्दा झा मृत अवस्थामा भेटिनुभएको थियो। उहाँको धारिलो हतियार प्रयोग गरेर हत्या भएको प्रहरीले जनाएको छ। प्रहरीले घटनास्थलबाट एउटा चक्कुसमेत फेला पारेको जनाइएको छ। उहाँको हत्या कसले र किन गर्‍यो ? अनुसन्धान हुने नै छ। यसरी हत्या एवम् बलात्कारका घटना बढ्दै जाँदा राजधानी असुरक्षित भएको महसुस भएको छ। राजधानीभित्रको शान्ति–सुरक्षाप्रति नै प्रश्न खडा भएको छ। शान्ति–सुरक्षाको संवेदनशीलताप्रति सरकार गम्भीर बन्नै पर्छ।

हत्या, अपहरण, फिरौती माग, बलात्कार आदि कुकृत्य हुनु मानिसको बाँच्न पाउने संविधानप्रदत्त मौलिक अधिकार एवम् विश्वव्यापी मानवअधिकार ठाडो उल्लंघन हो। राजधानीमा मात्र नभएर मुलुकमै बढिरहेका यस्ता कार्यले राज्यसंयन्त्र र प्रहरी संगठनप्रति नै अविश्वास बढाउने निश्चित छ। सरकार गम्भीर बन्न सकेन भने शान्ति–सुरक्षा कमजोर भएको मौकाको फाइदा उठाउने आपराधिक व्यक्तिहरूको मनोबल बढ्नेछ। त्यसैले यतिखेर राज्यले आफ्नो सुरक्षा संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउनुपर्छ। शान्ति–सुरक्षाका सवालमा सरकारले कुनै कसर बाँकी राख्नुहुँदैन। कानुन सबैका लागि हो, राजनीतिक पहुँचको आडमा कुनै पनि आपराधिक क्रियाकलाप गर्ने व्यक्तिलाई सरकारले उन्मुक्ति दिनुहुँदैन। नागरिकको शान्ति–सुरक्षाप्रति संवेदनशील हुनै पर्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# जनतालाई रूष्ट पार्ने कस्तो कर नीति !



बद्री तिवारी

प्रदेश र स्थानीय तहका सरकारहरूले आ-आफ्नै अनुकूलता तथा फाइदा हेरेर कर निर्धारण, वृद्धि र असुली गर्न थालेपछि सर्वसाधारण नागरिक हैरान मात्र बनेका छैनन्, आन्दोलित मनस्थितिमा छन्। संघीय शासन प्रणालीलाई कल्याणकारी राज्यका रूपमा लिने जनताको दृष्टिमा सरकारको यस्तो व्यवहार धोका नै भएको टीका-टिप्पणी पनि सुनिदै छ। त्यति मात्र होइन, कल्याणकारी राज्यको अवधारणामा पनि प्रश्नचिह्न खडा भएको उनीहरूको ठम्याइ छ। अझ यतिखेर त नयाँ-नयाँ क्षेत्र तथा शीर्षकहरूमा जथाभावीरूपमा निर्धारण गरिएको कर तथा विभिन्न सेवा, वस्तु तथा सम्पत्तिमा यसअघिदेखि नै लाग्दै आएको करमा थप वृद्धि गरिएपछि यस्तो कदमको सडकदेखि संसद्सम्म सर्वत्र विरोध गर्ने क्रम बढेको छ। कतिपय सांसदहरूले त जनतामा संघीयताप्रति नै वितृष्णा उत्पन्न हुने गरी कर निर्धारण तथा वृद्धि गरिएको भन्दै चर्को विरोध गरेका छन्।

प्रतिनिधिसभामा विशेष समय लिएर सत्तापक्ष र विपक्षी सांसदहरूले प्रदेश र स्थानीय सरकारहरूले जनतालाई मर्का पर्ने गरी कर वृद्धिको निर्णय गरेको भन्दै करकै कारण संघीयता खतरामा पर्न सक्नेतर्फ सचेत गराएका छन्। हुन पनि अनावश्यकरूपमा कर वृद्धि गर्दै जाने हो भने सांसदहरूले भनेजस्तै हुन बेर लाग्दैन।

देशमा कर वृद्धिविरुद्ध आन्दोलन शुरु भइसकेको र यसले संघीयताका अतिरिक्त अन्य धेरै क्षेत्रलाई घाइते बनाउने धारणा व्यक्त गरेर सांसदहरूले सरकारको ध्यानाकर्षण गराउनुलाई सकारात्मकरूपमै लिन सकिन्छ। किनकि जनहित तथा राष्ट्रहितका पक्षमा बोलिने तथा चालिने कदम सही नै मानिन्छ। सांसद हृदयेश त्रिपाठीले स्थानीय तहबाट स्याङ्जामा जोतिषीलाई पनि कर तिराइएको तथा मुलुकका कतिपय स्थानमा परेवा, कुखुरा, साइकल जे देख्यो त्यसमै कर लगाउने गरिएको भन्दै त्यसविरुद्ध आक्रोश व्यक्त गर्नुभएको घटना ताजै छ। नेपाली कांग्रेसकी सांसद डिला संग्रौलाले जन्म दर्ता र मृत्यु दर्ताको सिफारिस गर्दासमेत एकहजार रुपियाँ लिनु न्यायोचित नभएको बताएर जनताको पक्षबाट वकालत गर्नुभई सरकारको ध्यानाकर्षण गराउनुभएकै हो। यी त चर्को कर वृद्धिविरुद्धका प्रतिनिधिमूलक अभिव्यक्ति मात्र हुन्, आमसर्वसाधारणलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित बनाउने अनुचित करवृद्धिको कुनै न कुनै किसिमबाट विरोध भइरहेको छ। यसले सरकारको लोकप्रियतालाई घटाउने मात्र होइन, जनता नै सरकारप्रति नकारात्मक बन्ने खतरा उत्पन्न हुन्छ। हुन पनि यति बेला देशका विभिन्न स्थानीय तह र प्रदेश सरकारहरूले आ-आफ्नै मनोमानी हिसाबले कर लाद्न थालेपछि जनता आन्दोलित बन्नुपर्ने अवस्था निम्तिएको हो। माछा मार्ने बल्छीमा समेत कर, एक प्रदेशबाट अर्को प्रदेशमा खरिद बिक्रीका लागि लगिएका भेडाबाख्रा, गाईवस्तुलगायतमा समेत कर लाग्न थालेपछि जनता नरिसाऊन् पनि कसरी ? बडो चिन्ताको विषय बनेको छ कर नीति। उनीहरूको चिन्ता अस्वाभाविक नै भने होइन, किनकि सरकारबाट जे अपेक्षा गरिएको थियो त्यसको सट्टा उल्टै आर्थिक बोझ थोपर्ने खालका कामहरू हुँदै जानुलाई सहजरूपमा लिन सकिँदैन। यस्ता शीर्षकमा पहिलोपटक कर लगाइएका कारण पनि विरोध भएको हुनसक्छ। त्यसो त केन्द्रले प्रदेश र स्थानीय तहलाई आफ्नो नियन्त्रणमा राख्न नसक्नुको परिणाम यस्तै हुन्छ भनेर टिप्पणी गर्नेहरूको पनि कमी छैन।

> स्थानीय, प्रदेश र केन्द्र सरकारका निर्वाचित पदाधिकारीहरूलाई तलब भत्ता, महँगा गाडी, भ्रमण खर्च र विविध सुविधा तथा भत्तालगायतका खर्चका लागि मात्रै नेपाली जनताबाट कर उठाउने नीति भएसम्म यो विवाद निरन्तरचलिरहनेछ। त्यसैले कर तिर्ने नागरिकलाई कर तिरेबापत हात लाग्यो शून्य भएसम्म सरकारले कहिल्यै पनि जश पाउने अवस्था देखिँदैन।

यसै विषयलाई केन्द्रीय सरकारका अर्थमन्त्री डा. युवराज खतिवडा भने सन्तुलितरूपमा प्रस्तुत हुँदै आउनुभएको छ। उहाँको भनाइअनुसार गण्डकी प्रदेशबाहेक मुलुकका अन्य छवटा प्रदेश सरकारहरूले संविधानविपरीत कर उठाइरहेकोमा तत्काल सो कार्य रोकिएको तथा विवाद समाधानका लागि मन्त्रालयले अध्ययन गरिरहेको छ। गत साता संसदको अर्थ समितिको बैठकमा बोल्दै अर्थमन्त्री डा. खतिवडाले कतिपय स्थानीय सरकारहरूले नबुझेरै कर लगाउने गरेकोले त्यसको सुधारका लागि सरकारले आन्तरिक छलफल अघि बढाएको बताउनुले केही आशा भने जगाएको छ। उहाँको भनाइलाई लिने हो भने, स्थानीय तहले कर संकलन गरेर विकास गर्न खोज्दा अन्यथा लिन नहुने बताएर सरकार जनतालाई अनावश्यक भार बोकाउने पक्षमा छैन। त्यसो त कर उठाउनै हुन्न भन्न खोजिएको पनि होइन, जनताबाट कर संकलन नगरी विकास निर्माणका कार्यहरू गर्न सकिँदैन। तर त्यस्तो कर वैज्ञानिक हिसाबले लगाएर जनताकै लागि खर्च गर्ने योजनाहरू निर्माण गरिनु आवश्यक छ।

कर विवाद अत्यधिक बढ्दै गएपछि त्यसको वास्तविकता पत्ता लगाउनका लागि अर्थ मन्त्रालयले उच्चस्तरीय कार्यदल बनाएर अनुसन्धान कार्यलाई अघि बढाएको छ। करको दर बढ्दैमा राजनीति र संघीयतालाई कुनै असर नपर्ने अर्थमन्त्रीको दाबी भने कत्तिको सही ठहरिने हो ? भविष्यले नै बताउनेछ। विपक्षी दलहरूले कर वृद्धिलाई यति धेरै उठाएका छन् कि अब यही करकै कारणले संघीयता कार्यान्वयन चुनौतिपूर्ण बनेको छ। नयाँ नगरपालिकाहरूले एकीकृत सम्पत्ति कर लागू गर्दाको अवस्थामा देखिएको अनुचित व्यवहारका कारण करको विवाद र असन्तुष्टि छताछुल्ल भएको कुरा पनि बिर्सनुहुँदैन।

आखिर राजनीतिक नारा जे-जस्ता भए पनि करवृद्धिको वास्तविकता भने फरक देखा पर्न सक्छ। प्रदेश र स्थानीय सरकारहरूले करवृद्धि गर्नुको पछाडि केही कारणहरू हुन सक्छन्। एक त केन्द्र सरकारले विनियोजन गर्ने बजेटले मात्रै सरकार सञ्चालन गर्न नपुग्ने भएकाले संवैधानिक अधिकार प्रयोग गर्दै कर संकलनको नीति लिएको हुन सक्छ भने अर्को स्वायत्त शासनको अवधारणालाई आत्मसात् गर्दै आत्मनिर्भरताको लागि अपनाइएको सत्प्रयास पनि हुन सक्छ। यद्यपि साधारण तथा प्रशासनिक खर्च धान्नका लागि जनताबाट कर असुल्ने तर सुविधाका नाममा केही पनि उपलब्ध गराउन नसक्नेले कसरी सरकार चलाइराख्न सक्छन् ? यस्ता सवालले संघीयतासँग गाँसिएका अन्य पक्षहरूलाई उजागर गर्दछन्।

केन्द्र सरकारले आम्दानीका खास स्रोतहरूमा आफ्नै अधिकार कायम गरी प्रदेश सरकार र स्थानीय सरकारलाई सीमित क्षेत्रमा मात्रै कर संकलन गर्ने अधिकार दिएकोले पनि आर्थिक स्रोत कमी हुने महसुस गर्दै आफैं नियम बनाएर कर संकलन थालिएकोले समस्या देखा परेको हो। पूरा सुझबुझका साथ वैज्ञानिक हिसाबले कर संकलन नीति लागू गरिएको भए स्थानीय तहका सरकारहरू अनावश्यक विवादमा फस्नु पर्दैनथ्यो होला। वर्तमान अवस्थामा निर्धारण गरी लगाइएका करहरू तथा पुरानै करहरूको दरमा गरिएको परिवर्तनलाई जसले जसरी व्याख्या गर्दै आए पनि सरकारको कमी-कमजोरीलाई भने बिर्सन मिल्दैन। संसद् वा सडक, जहाँ करका कुरा उठाइए पनि सरकारका पक्षबाट आमजनमानसलाई पर्याप्त मात्रामा बुझाउने काम नहुनु नै कमजोरीका रूपमा लिनुपर्ने हुन्छ। जबकि सबै करहरू संविधानले व्यवस्था गरेका प्रावधानअनुरूप नै निर्धारण गरिएका छन् भने जनतामा त्यस कुराको पर्याप्त व्याख्या एवम् विश्लेषण गर्न सक्ने पदाधिकारीहरूलाई चयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

करका सामान्यदेखि सर्वमान्य सिद्धान्तलाई हेर्ने हो र विदेशी मुलुकहरूको कर संकलन परिपाटीलाई नियाल्ने हो भने कर संकलन कार्यलाई निर्विवादरूपमा अघि बढाउन सकिन्छ भन्ने आत्मविश्वास सरकारमा हुनु जरुरी छ। हुनेसँग लिएर नहुनेलाई पनि सुविधा दिने, थोरै कमाउनेसँग थोरै कर र धेरै कमाउनेसँग धेरै कर असुल्ने, नियमानुसार कर भुक्तानी गर्ने करदातालाई राज्यले सोहीअनुरूपका सुविधाहरू प्रदान गर्ने तथा आम्दानी बढ्दै जाँदा कर पनि बढाउँदै जाने र सुविधा पनि बढ्दै जाने प्रणालीको विकास गर्ने हो भने कर तिर्नका लागि तँछाडमछाड गर्दै मानिसहरू लामबद्ध हुन जान्छन्। त्यसतर्फ सरकारले कुनै ध्यान दिन सकेको जस्तो देखिँदैन। स्थानीय, प्रदेश र केन्द्र सरकारका निर्वाचित पदाधिकारीहरूलाई तलब भत्ता, महँगा गाडी, भ्रमण खर्च र विविध सुविधा तथा भत्तालगायतका खर्चका लागि मात्रै नेपाली जनताबाट कर उठाउने नीति भएसम्म यो विवाद निरन्तर चलिरहनेछ। त्यसैले कर तिर्ने नागरिकलाई कर तिरेबापत हात लाग्यो शून्य भएसम्म सरकारले कहिल्यै पनि जश पाउने अवस्था देखिँदैन।

**संवैधानिक व्यवस्था**

- संविधानको धारा ५९ उपधारा १ ले आर्थिक अधिकारको प्रयोगबारे उल्लेख गरेको छ- 'संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्नेछन्।'
- धारा ५९ उपधारा २ मा 'संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्नेछ' भन्ने उल्लेख छ।
- त्यस्तै संविधानका अनुसूची ५, ६, ७, ८ र ९ ले तीनवटै तहका सरकारले असुल गर्न पाउने कर, सेवाशुल्क, जरिबाना र दस्तुरलगायतका शीर्षकहरूलाई समेटेको पाइन्छ।
- अनुसूची ५ ले संघ अर्थात् केन्द्रलाई दिएको आर्थिक अधिकार उल्लेख गरेको छ- भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन शुल्क, सेवाशुल्क दस्तुर र जरिबाना।
- अनुसूची ६ ले प्रदेश सरकारको आर्थिक क्षेत्र निर्धारण गरेको छ- घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर र दण्ड जरिबाना।
- अनुसूची ८ ले स्थानीय तहका अधिकार उल्लेख गरेको छ- स्थानीय कर: सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर तथा मालपोत, दण्ड जरिबाना र मनोरञ्जन कर।
- त्यस्तै अनुसूची ७ ले संघ र प्रदेशका साझा सूची र अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहका साझा सूची समेटेको छ।

संविधानले स्पष्टसँग तीनवटै तहका सरकारको आर्थिक अधिकार क्षेत्रलाई छुट्याएको अवस्थामा पनि जनतालाई बुझाउन नसक्नु, आपसी समन्वय गर्न नसक्नु तथा करका गतिला स्रोतको खोजी, रोजगारीको व्यवस्था, उद्योग-कलकारखाना स्थापना गरेर करका स्रोतहरू बढाउनुको सट्टा झीना-मसिना कुरामा अल्झिरहने हो भने मुलुकको विकास कहिले हुने ? यो प्रश्नले सबै तहका सरकारलाई छुन सकेमा केही न केही महसुस त हुने थियो कि !

**र, अन्त्यमा**

करको अनावश्यक बबन्डर मच्चिरहेको बेला सबै स्थानीय सरकारहरूले काठमाडौंको चन्द्रागिरि नगरपालिकाको निर्णयलाई अनुशरण गर्न सक्ने हो भने जनतालाई थोरै भए पनि राहत मिल्थ्यो होला। चन्द्रागिरि नपाले भर्खरै सामाजिक सेवाहरूसँग सम्बन्धित प्रमुख सिफारिसहरू निःशुल्क प्रदान गर्ने निर्णय गरेर अत्यन्त राम्रो एवम् उदाहरणीय कार्य गरेको छ। नगरप्रमुख घनश्याम गिरिका अनुसार नागरिकता प्रमाणपत्र सिफारिस, जन्म, विवाह, बसाइँ सराइ, सम्बन्ध विच्छेद, मृत्यु, छात्रवृत्ति सिफारिस, स्वास्थ्य, पेन्सन, रातो कार्डप्राप्त भूकम्पपीडितको नक्सापाससम्बन्धी सम्पूर्ण दस्तुरहरू निःशुल्क हुनेछन्।

badript@gmail.com

## पाठक पत्र

### ओली सरकार ! किन जनतालाई करको सास्ती ?

चुवावमा मत माग्न जाँदा धेरै आश्वासन दिएको वामपन्थी पार्टीको सरकारले अहिले करआतंक मच्चाएको छ। अहिले गाउँपालिकादेखि महानगरसम्म करआतंक व्याप्त छ। चुनावपश्चात् करको भार केही बढ्ने आँकलन गरिए पनि स्थानीय निकायले अनुमान र अपेक्षाभन्दा कैयौं गुणा कर बढाएपछि त्यसको देशव्यापी विरोध र सरकारको व्यापक आलोचना भएको छ। सरकार अलोकप्रिय बन्न थालिसकेको छ।

करआतंकको विरोधमा जनता आक्रोशित भइरहेका छन्। रत्ननगर नगरपालिकामा सात दल एवम् नगरवासीले रिले अनशन नै बसेर विरोधमा उत्रिए। फलस्वरूप, नगर कार्यपालिकाले अवैज्ञानिक कर समायोजन गर्ने सहमति गर्न बाध्य भयो। 'गाउँ-गाउँमा सिंहदरबारको अधिकार' आउने आशामा जनताले अत्यन्त उत्साहपूर्वक स्थानीय तहको निर्वाचनमा प्रतिनिधिहरू रोजे। तर, जनताले रोजेका प्रतिनिधिले अस्वाभाविक कर लगाएर जनताकै ढाड सेक्ने काम गरे। जनताका प्रतिनिधिहरू एक वर्षमै 'हाकिम' बन्न पुगे। अहिले जनतामा सिंहदरबारको अधिकार जनताको घरदैलोमा आएको करको बोझ बढाउन पो रहेछ भन्ने बुझाइ छ। स्थानीय तहले मनपरि कर उठाएका खबरहरू एकपछि अर्को पटाक्षेप बनिरहेका छन्। अव्यावहारिक ढंगले लगाइएका करको सडकदेखि सदनसम्म चर्को विरोध भइरहेको छ। संसद्मा सत्तापक्ष र प्रतिपक्ष दुवैले कडा आपत्ति जनाइरहेका छन्।

देश जनताले तिरेकै करबाट चल्ने गर्छ। कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य पनि हो। तर, करको औचित्य र उद्देश्य पनि मनासिव हुनुपर्छ। न्यायोचित र व्यावहारिक कर तिर्न कसैले आनाकानी गर्दैन। तर, कर असुली गर्ने नाममा जनताले धान्नै नसक्ने र जथाभावी करआतंक मच्चाउँदा त्यसले गलत सन्देश मात्रै प्रवाहित गर्छ। अहिले जबर्जस्ती जनतामा कर लाद्ने नीति स्थानीय निकायले लगाउँदा राज्यप्रणालीमाथि नै नकारात्मक धारणा विकसित हुँदै गएको छ। सञ्चारमाध्यम र सामाजिक सञ्जालहरूमा व्यक्त आक्रोश हेर्दा संघीय व्यवस्थाप्रति नै विकर्षण देखिन थालेको छ।

जनताले नै आन्दोलन गरेर स्थापना गरेको गणतन्त्र, नयाँ संविधान र संघीयताप्रति जनताले गर्व गर्न सक्नुपर्छ। जनताकै अधिकार स्थापित गर्न तीन तहको सरकार बनेको हो। तर दुर्भाग्य ! जनताको सहजताका लागि स्थापित संघीय व्यवस्था नै जनताको शोषणमा प्रयोग हुनु दुर्भाग्यपूर्ण छ। आफैँले ल्याएको व्यवस्थामा जनता निराश हुनुपर्ने, त्यसको बोझले थिचिनुपर्ने र जनप्रतिनिधिको सुविधाका लागि अस्वाभाविक कर तिर्नुपर्ने अवस्थाले जनता आक्रोशित भएका हुन्। राज्यले स्थानीय तहलाई छुट्टै स्वायत्तता प्रदान गरिएको स्वेच्छाचारिताका लागि पक्कै होइन। तर, देशभर बढेको करआतंकले यस्तै अनुभूति गराएको छ।

अहिले जनताले स्थानीय, प्रदेश र केन्द्रमा करको भार बहन गर्नुपरेको छ। यतिखेर संघीय संरचना नै महँगो भएको र त्यो नेपाली जनताले धान्न नसक्ने जुन प्रचार भइरहेको छ, त्यसलाई कर प्रकरणले प्रमाणित गर्दै छ। स्थानीय तह निर्वाचित भएको एक वर्ष बितिसकेको छ। तर, जनताका हितमा काम भएका छैनन्। बरू, जनप्रतिनिधिको स्वघोषित तलब, सेवा-सुविधा र विलासी सवारीसाधन खरिद गर्ने होड चलिरहेको छ। यस्तो अराजकताले गर्दा संघीयताप्रति जनताको उत्साह घट्न थालेको छ। संघीयताको बिरुवा नहुर्कँदै यस्ता विरोधका स्वर बढ्नु शुभ संकेत होइन। कर संकलन जनताकै लाभका लागि हो भन्ने आभास दिलाउन राज्य सञ्चालकले त्यसको सदुपयोगतर्फ ध्यान दिनै पर्छ। जनताले पालेको कुखुरा र खसीबोकामा समेत कर उठाएर मस्ती गर्ने प्रवृत्तिका कारण विरोध चुलिएको हो। जनताको समर्थन जुटाएर गरिने कामकारबाहीले मात्र सफलता हासिल हुन्छ। जनतालाई करआतंक बढाएर गरिने शासन प्रकारान्तरले तानाशाही नै हो। केन्द्रीय सरकारले स्थानीय तहले गरेको जथाभावी निर्णयमा रोक लगाउन जरुरी देखिएको छ। जनतासँग प्रत्यक्ष सम्बन्धित यस्ता विषयमा गम्भीर बन्नुपर्‍यो।


*- सरिता सिंखडा, काठमाडौं।*

## सामाजिक सञ्जाल



बा कहिल्यै बलात्कारी थिएनन्, होइनन्। जसरी म जन्मिएँ मेरा सन्तान पनि त्यसरी नै जन्मिए 'प्रेमले'। मलाई मेरा बा र मेरा सन्तानका बाप्रति सम्मान र गर्व छ। 'बा' शब्द( लाई घृणामा बदल्ने अधिकार कसैलाई छैन। फेरि पनि भन्छु- बलात्कारीलाई फाँसी दे 'बा'लाई होइन।

**Bhawana Sharma**
**@SharmaSubhawana**



पाँच वर्षको स्थिर सरकारको सफ( लता मापन ६ महिनामा हुँदैन। सरकारले कनिकुथी 'सफलताका कथा' सुनाउनुभन्दा शुरूवाती ६ महिनामा आफ्नो गति कस्तो रह्यो ? यही गतिले पाँच वर्षमा कहाँ पुगिएला ? भन्ने समीक्षा गरेर अघि बढे हुने हो !

**Rameshwar Bohara**
**@rambohara**

उहाँले मुद्दाको मिसिल व्यवस्थापन, लैंगिक अपराध, हराएका तथा फेला परेका व्यक्ति, पहिचान हुन नसकेका शव, वान्टेड तथा मस्ट वान्टेड व्यक्ति एवं हराएका तथा फेला परेका वस्तु र रेकर्ड सिस्टम सफ्टवेयरसमेतको उद्घाटन गर्नुभयो।

# नेपाल

## कलंकी-महाराजगन्ज खण्डको डीपीआर छिट्टै

नेपाल समाचारपत्र

काठमाडौं

चक्रपथ सडकखण्डको पहिलो चरणअन्तर्गत कोटेश्वर-कलंकी खण्ड विस्तारको काम अन्तिम चरणमा पुगेको छ। १० दशमलव २ किलोमिटरको यस खण्ड चीन सरकारको आर्थिक र प्राविधिक सहयोगमा बनिरहेको हो।

भदौ १ गतेबाट कलंकीमा अन्डरपास सुचारु भइसकेको छ भने बल्खुदेखि खसीबजारसम्म बाहेक सडक विस्तारको काम लगभग सम्पन्न गरिसकिएको छ। यसरी पहिलो चरणको काम अन्तिम चरणमा पुग्दा चीन सरकारले नै कलंकीदेखि महाराजगन्जसम्मको सडक पनि विस्तार गर्ने भएको छ। दोस्रो चरणअन्तर्गत विस्तार गर्न लागिएको कलंकी-महाराजगन्ज ८ दशमलव २ किलोमिटर सडकखण्ड यसअघि नै चीन सरकारले बनाइदिने गरी समझदारीपत्रमा चीन र नेपाल सरकारबीच हस्ताक्षर गरिसकेको छ।

त्यस्तै चिनियाँ प्राविधिकको टोलीले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्नका लागि अध्ययन सम्पन्न गरिसकेको सडक विभागले जनाएको छ। अहिले चिनियाँ टोलीले डीपीआर तयार पारिरहेको सडक विभागका इन्जिनियर छविलाल पौडेलले बताउनुभयो।

'डीपीआर तयार पार्न चिनियाँ टोलीले काम गरिरहेको छ', उहाँले भन्नुभयो- 'कहिलेसम्म रिपोर्ट तयार हुन्छ भन्ने उताबाट जवाफ आएको छैन। आएपछि बाँकी कुरा हुन्छ।' डीपीआर चाइनाबाट सडक विभागमा पेस भएपछि यस परियोजनाको लागत, सम्पन्न हुने समयलगायतका कुरा थाहा पाइने र कसरी अघि बढ्ने विषयमा टुंगो लाग्ने उहाँले बताउनुभयो।

नेपाल सरकारले त्यस क्षेत्रको बिजुलीका पोल सार्ने, रूख काट्ने, घर टहरा हटाउने, पानी, ढल सार्नेलगायतका कामका लागि प्रक्रिया अगाडि बढिसकेको काठमाडौं चक्रपथ सुधार परियोजनाका प्रमुख प्रकाश भण्डारीले बताउनुभयो। पहिलो चरणमा विस्तार भइरहेको सडकका बारेमा धेरै कुरा उठेकाले दोस्रो चरणको सडक विस्तारमा त्यस्तो नहोस् भनेर सचेत रहेको उहाँले बताउनुभयो।

## विमस्टेक महासन्धि अनुमोदन

काठमाडौं, (नेस)

प्रतिनिधिसभाले 'अन्तर्राष्ट्रिय आतंकवाद, अन्तरदेशीय संगठित अपराध र अवैध लागूऔषध कारोबार'विरुद्ध सहयोगसम्बन्धी विमस्टेक महासन्धिलाई अनुमोदन गरेको छ। गृहमन्त्री रामबहादुर थापाले प्रस्तुत गर्नुभएको प्रस्ताव बहुमतले अनुमोदन गरेको हो।

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (विमस्टेक)को समान धारणा बनाउन महासन्धि जरुरी रहेको गृहमन्त्री थापाले सोमबारको संसद्लाई बताउनुभएको थियो। उहाँले विमस्टेकको आसन्न चौथो शिखर सम्मेलनअगावै सो महासन्धि पारित गर्नुपर्ने संसद्लाई अवगत गराउनुभएको थियो।

सम्मेलन आगामी भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुँदैछ। सो महासन्धिका बारेमा सांसद देवप्रसाद गुरुङ, प्रेम सुवालले आफ्नो धारणा राख्नुभएको संसद् सचिवालयले जनाएको छ।

## 'सेवासुविधा र सुरक्षा दिन सके पर्यटकको संख्या बढाउन सकिन्छ'

भक्तपुर, (नेस)

सरकारले सन् २०२० सम्म २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्यका साथ योजना अघि सारिरहँदा पर्यटन क्षेत्रका सरोकारवाला व्यक्तिले सेवासुविधा र सुरक्षा प्रदान गर्न सके पर्यटकको संख्या बढाउन सकिने बताएका छन्।

पर्यटक प्रहरी एकाइ, भृकुटीमण्डपको आयोजनामा भक्तपुरमा आयोजित सरोकारवाला निकायबीचको अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रमका वक्ताहरूले आन्तरिक तथा बाह्य पर्यटकलाई सुरक्षित र सहज वातावरण सिर्जना गरी दिगो पर्यटन विकासमा सबै लाग्नुपर्नेमा जोड दिए।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पर्यटन क्षेत्रमा क्रियाशील पर्यटन व्यवसायी, स्थानीय प्रहरीलगायत पर्यटनसँग सम्बद्ध प्रतिनिधि, स्थानीय तह र सञ्चारकर्मी सबैको समन्वय र सहकार्यले मात्र पर्यटन क्षेत्रको विकास हुने बताउनुभयो।

भक्तपुरमा आउने पर्यटकको बढ्दो चापलाई मध्यनजर गर्दै पर्यटकको सेवा, सुविधा र सुरक्षाका विविध विषयमा सबैले चासो र चिन्ता राख्नुपर्नेमा जोड दिँदै प्रमुख प्रजापतिले पर्यटकलाई राम्रो व्यवहार गर्न सके उनीहरू फेरि पनि घुम्न आउने धारणा राख्नुभयो।

कार्यक्रममा महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख, प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले नेपाल प्रहरी पर्यटकको सुरक्षाका लागि सधैं तयार रहेको बताउँदै सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रबाट कर्तव्य र जिम्मेवारी पालना गर्न सके पर्यटन क्षेत्र सुरक्षित हुने उल्लेख गर्नुभयो।

पर्यटनविद् डा.आलोक प्रसाईंले जहाँ सुरक्षा छ, त्यहाँ पर्यटक जाने-आउने भएकाले पर्यटकका लागि अनुकूल वातावरण सिर्जना गरी पर्यटन क्षेत्रलाई उद्योग र रोजगारीसँग जोड्नुपर्ने बताउनुभयो। उहाँले नेपालमा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक सम्पदालगायत भाषा, संस्कृति र रीतिरिवाज पर्यटक तान्ने माध्यम भए पनि ती अझै प्रचार र पर्यटकको पर्खाइमा रहेको उल्लेख गर्नुभयो।

कार्यक्रमा पर्यटक प्रहरी एकाइ प्रमुख प्रहरी निरीक्षक रूपा थापाले भौतिक पूर्वाधार तयार भए पर्यटकलाई प्रहरीसम्बन्धी सबै सेवा भक्तपुर जिल्लाबाटै दिन सकिने बताउँदै पर्यटकको सुरक्षामा स्थानीय सरकार, नागरिक र प्रहरी सबैको सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो।

## केवल जय भगवती छात्रवृत्ति पुरस्कार वितरण



नेपाल समाचारपत्र

काठमाडौं

हात्तीवन सामाजिक सेवा केन्द्रको आयोजनामा दक्षिणकाली नगरपालिकाका विभिन्न विद्यालयबाट एसईई परीक्षामा सफलता प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ।

केन्द्रका अध्यक्ष प्रमी श्रेष्ठको अध्यक्षतामा दक्षिणकाली नगरपालिकाका नगरप्रमुख मोहन बस्नेतको प्रमुख आतिथ्यमा सो पुरस्कार वितरण कार्यक्रम गरिएको हो। केवल जय भवगती कोषको सहयोगमा हात्तीवन सामाजिक सेवा केन्द्रको सहयोग प्राप्त विभिन्न विद्यालयका २८ विद्यार्थी तथा दक्षिणकाली नगर क्षेत्रका सामुदायिक, संस्थागत तथा निजी विद्यालयबाट उत्कृष्ट ५ विद्यार्थीलाई सम्मानपत्र तथा नगदबाट पुरस्कृत गरिएको थियो।

विगत ८ वर्षदेखि फर्पिङ क्षेत्रलाई आधार मानी केन्द्रले उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्दै आएको छ। २०७४ सालको एसईई उत्तीर्ण विद्यार्थीलाई त्रिभुवन आदर्श माविको कमन हलमा भएको कार्यक्रममा सम्मान गरिएको थियो। कार्यक्रममा विशेष अतिथिका रूपमा दक्षिणकाली नगरपालिकाकी उपप्रमुख वसन्ती तामाङ, अतिथिहरू शिखरापुर सामुदायिक क्याम्पसका प्रमुख निरोज श्रेष्ठ, गुठी संस्थापक योजना आयोगकी प्रथम महिला सदस्य डा. पुष्पा श्रेष्ठ, फर्पिङ क्षेत्रका विभिन्न विद्यालयका प्रधानाध्यापक, संस्थाका प्रतिनिधि, पत्रकार, अभिभावक तथा विद्यार्थीको सहभागिता थियो।

केन्द्रले सेतीदेवी मावि सोखेल, खोकना जन मावि, कामधेनु मावि, त्रिभुवन आदर्श मावि, फर्पिङ मावि, पञ्चकन्या मावि, श्रीकृष्ण मावि, सेतीदेवी मावि टल्कु गरी ८ वटा विद्यालयका छात्रवृत्ति प्राप्त विद्यार्थीलाई पुरस्कार दिएको थियो। साथै उत्कृष्ट जीपीए ४ ल्याउने ग्रिन हिल स्कुलका नवदीपसिंह बस्नेतलगायत सामुदायिक विद्यालयका तर्फबाट शिखरापुर सामुदायिक विद्यालयकी प्रनिता श्रेष्ठ, त्रिभुवन आदर्श माविकी रितिका मानन्धर, सरकारी विद्यालयका तर्फबाट खोकना जन माविकी दीक्षा केसी तथा अरूणोदय माविका सुशन लामालाई सम्मान गरिएको थियो।

## प्रहरीको सूचना डाटा सेन्टरमा

नेपाल समाचारपत्र

काठमाडौं



प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित एक समारोहबीच नेपाल प्रहरीको डाटा सेन्टरको विधिवत् उद्घाटन गर्नुभयो। सोही अवसरमा उहाँले मुद्दाको मिसिल व्यवस्थापन, लैंगिक अपराध, हराएका तथा फेला परेका व्यक्ति, पहिचान हुन नसकेका शव, वान्टेड तथा मस्ट वान्टेड व्यक्ति एवं हराएका तथा फेला परेका वस्तु र रेकर्ड सिस्टम सफ्टवेयरसमेतको उद्घाटन गर्नुभयो। सोही क्रममा प्रहरी महानिरीक्षक खनालले उक्त सेन्टरको अवलोकनसमेत गर्नुभयो।

समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक खनालले डाटा सेन्टरको स्थापनापछि प्रहरी कार्यमा अझ बढी जिम्मेवारी बोध भएको र यसको प्रयोगबाट देशभरि हुने अपराध अनुसन्धानमा थप सहजता हुने बताउनुभयो। डिजिटलाइजेसनमा नेपाल सरकारको प्राथमिकताअनुरूप डाटा सेन्टरको स्थापना भएको उल्लेख गर्दै उहाँले डाटा सेन्टरको सञ्चालन एवं आवश्यक मर्मततर्फ विशेष ध्यान दिनुपर्ने र निरन्तरताका लागि दक्ष जनशक्ति हुनुपर्ने बताउनुभयो।

बृहत् डाटाबेससहितको एकीकृत सूचना केन्द्र, आवश्यक ढाँचासहितको केन्द्रीकृत प्लेटफर्म, आपराधिक घटनाको प्रणालीगत डाटा रेकर्ड र तथ्यांकगत सूचनाको भण्डारलाई अत्यन्त व्यवस्थितरूपमा प्रयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले आवश्यकताअनुसार अन्य निकायसँग पनि डाटाबेसका विवरण सेयर गर्दै लैजानुपर्ने बताउनुभयो। डाटा सेन्टरमा नेपाल प्रहरीका सम्पूर्ण सूचना प्रविधिसम्बन्धी सिस्टम रहने व्यवस्था गरिएको छ।

## राप्रपाका सबै केन्द्रीय पदाधिकारी पदमुक्त

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को कार्यसम्पादन समितिको बैठकले संशोधित विधानको भावनाअनुरूप पार्टीलाई अघि बढाउन र केन्द्रीय पदाधिकारीहरू नयाँ ढंगबाट पुनर्गठन गर्ने प्रयोजनका लागि हाल कायम रहेका पार्टीका सबै केन्द्रीय पदाधिकारीलाई हिजो सोमबारबाट पदमुक्त गर्ने निर्णय गरेको छ।

बैठकले गत जेठमा वीरगन्जमा सम्पन्न केन्द्रीय परिषद् बैठकले निर्देश गरेबमोजिम विधान संशोधन गर्न उपाध्यक्ष बुद्धिमान तामाङको संयोजकत्वमा गठित उपसमितिले प्रतिवेदन प्रस्तुत गरेको छ। उपसमितिले प्रस्ताव गरेअनुरूपको प्रतिवेदन संशोधनसहित पारित गरेको छ।

संशोधित विधानमा केन्द्रीय कार्यसमिति २ सय ७७ सदस्यीय हुने उल्लेख गरिएको छ। जसमा ५० प्रतिशत महाधिवेशनबाट निर्वाचित हुने र ५० प्रतिशत अध्यक्षबाट मनोनित गरिनेछ। सोमबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले प्रत्येक जिल्लाबाट कम्तीमा १/१ जनाको केन्द्रीय कार्यसमितिमा अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता हुने गरी निर्वाचन गरिने निर्णय पनि गरेको छ।

बैठकले गत जेठमा सम्पन्न केन्द्रीय परिषद् बैठकको निर्णयअनुसार देशका सबै प्रदेश र स्थानीय तहमा पार्टीको संगठनलाई सुदृढ ढंगले पुऱ्याउन विशेष अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ। यस क्रममा संगठन विभाग र हिन्दुराष्ट्र पुन:स्थापना राष्ट्रिय जनजागरण अभियानसम्बन्धी २ छुट्टाछुट्टै कार्ययोजनालाई बैठकले अनुमोदन गरेको प्रचार विभाग प्रमुख श्रेष्ठले जानकारी दिनुभएको छ।

## सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यपक्षबाट लाभ, यश-कृति बढ्ने, व्यापारबाट फाइदा ।
**वृष** : रोगको भय, कार्यमा बाधा, व्यर्थको खर्च, धन हानि ।
**मिथुन** : धनलाभ, प्रेममा सफलता, बाहन जोड्ने सम्भावना ।
**कर्कट** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, पारिवारिक सुख ।
**सिंह** : कार्य सफल, धनलाभ, सुख-सन्तोष, राम्रै कामको शुरुवात ।
**कन्या** : पेटमा समस्या, दौडधुप, दिनचर्या अस्तव्यस्त, तनाव ।
**तुला** : आर्थिक लाभ, पराक्रम, पुरस्कार प्राप्तिको सम्भावना ।
**वृश्चिक** : धनलाभ, बौद्धिक क्षमता, कूटनीतिक सफलता, सुख ।
**धनु** : उत्तम भोजन, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल ।
**मकर** : धननाश, दुर्घटना-रोगको भय, सानो कुरामा पनि विवाद ।
**कुम्भ** : विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन, आर्थिक लाभ ।
**मीन** : सुख-सन्तोष, काममा सफलता, मन प्रफुल्लित, स्वस्थता ।




# प्रदेश-३



नगरपालिकाभित्रका १६ वटा वडामा ८० वर्षमाथिका १ हजार ५० जना वृद्धवृद्धा रहेको र उनीहरु सबैको घर-घरमै पुगेर स्वास्थ्य परीक्षण गरिने जनाइएको छ।

# बाह्रबीसेमा बाढीको बबन्डर



नानीराम नेपाल, सिन्धुपाल्चोक

'गडगडाहटका साथ जमिन नै थर्कियो, बजारमै बाढी पसेपछि मध्यरातमा कोलाहल मच्चियो', आइतबार बिहान बाह्रबीसे बजारमा भेटिएका स्थानीय नहेन्द्र बहादुर श्रेष्ठ बाढीको बबन्डर सुनाउँदै थिए- 'बजारमै बाढी पसेपछि बाह्रबीसेका स्थानीयले साँधीखोलातिर नियाल्दा बडेमानका ढुंगा बजारिएर साँधीपुल भोटेकोसीमै खसिसकेको थियो।' 'बजारका घरभित्रै बाढी पस्यो, सडक त बालुवाले भरिएछ', उनी भन्दै थिए- 'ठूला-ठूला ढुंगा बजारिए, साँधी पुल भोटेकोसीमै खस्यो।'

ग्रील पसलसँगै तयार पारी राखिएका गेट र कैंची गेट बाढीमै पुरिएपछि बाहबीसेका प्रेमबहादुर रसाइली आइतबार खनीखोस्री गर्दै थिए। ग्रील पसलमा राखिएको झन्डै ७ लाख मूल्य बराबरका सामान पुरिएको उनले सुनाए। 'दु:ख गर्‍यो दैवले नै सहँदैनन्', उनी भन्दै थिए- '७ लाखका सामान बाढीमै पुरिएका छन्।'

निरन्तरको झरीका कारण बाह्रबीसे नगरपालिका-३ र ४ नम्बर वडाको सीमानास्थित साँधी खोलामा बाढी आउँदा बाह्रबीसे बजार र त्यसमाथिका दर्जनौं गाउँबस्तीको जनजीवन अस्तव्यस्त बनेको छ। उत्तरी सीमानाका जोड्ने पक्की पुल नै भोटेकोसीमा खसेपछि सडक सम्पर्क टुटेको छ। बाढीले साँधीखोलाको पक्की पुल नै बगाएपछि बाह्रबीसेमाथिका खोर्सानीबारी, जम्बु बजारसहित सीमाको भोटेकोसी गाउँपालिकासँगको सडक सम्पर्कविच्छेद भएको छ। पुल बगाउँदा पैदल यात्रा गर्ने बाटो नै नभएपछि आइतबार मध्याह्नदेखि काठका फड्के हालेर स्थानीयले यात्रा गरिरहेका छन्। 'पुल बगाउँदा बाह्रबीसे बजार र खोर्सानीबारीको आवत-जावत बन्द थियो', स्थानीय ध्रुव बुढाथोकीले भने- 'काठका फड्के हालेर मानिस ओहोरदोहोर गरिरहेका छन्।' बाढीग्रस्त क्षेत्रमा पुग्दा स्कुले केटाकेटी र वृद्धवृद्धा फड्केबाट कष्टकर यात्रा गरिरहेका देखिन्थे।

इलाका प्रहरी कार्यालय बाह्रबीसेका अनुसार बाढीले बाह्रबीसे बजारका २ घर पूर्णरूपमा क्षति भएका छन्। पुलनजिकै रहेको एउटा ग्रील पसल बाढीले पुरेको छ। 'एउटा पक्की पुल, २ वटा घर र एउटा ग्रील पसलको टहरा क्षति भएको छ' -इलाका प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक चित्रबहादुर खुलालले भने। बाह्रबीसेको उपल्लो भूभाग थलाडाँडामा ठूलो पहिरो खसेपछि साँधीखोलोमा अकल्पनीय बाढी आएको स्थानीय नहेन्द्रबहादुर श्रेष्ठले सुनाए। थलाडाँडाको पहिरोपछि साँधीखोला उर्लंदा बाह्रबीसे नगरपालिका-४ स्थित ओख्रेनी, पुजारीटोल र दमाइटोलका डेढ दर्जन घरमा क्षति भएको ओख्रेनीका स्थानीय तीर्थबहादुर राउतले जानकारी दिए। 'झन्डै बीस घर बाढी र पहिरोले क्षति भएका छन्, अरू धेरै घर जोखिममा परेका छन्', तीर्थबहादुरले भने- 'पीडितहरू कोही छिमेकीका घरमा आश्रय लिएर बसेका छन्, कोही त कुम्लो बोकेर काठमाडौं गइसकेका।'

बाढीले पुल बगाएपछि सडक विभाग र स्थानीय सरकारले सडक छिचोल्न आधा दर्जन स्काभेटर लगाएर निरन्तर प्रयास गरिरहेका छन्। बाढीले ल्याएका ठूला-ठूला ढुंगा फोर्न एउटा ब्रेकर आइतबार बिहानैदेखि लगाइए पनि अबेरसम्म सडक छिचोलिएको छैन। ३ वटा स्काभेटर र एउटा लोडर पनि आइतबार बिहानैदेखि लगाइएको छ तर सडकको निसाना नै हराएपछि नयाँ ट्र्याक खोल्न नसकिएको हो।

### पुल बगाउँदा बजार जोगियो

बाढीले साँधीखोलाको पुल बगाउँदा बाह्रबीसे बजार ठूलो क्षति हुनबाट जोगिएको छ। बाढीले बगाइ ल्याएका ढुंगाले भाँचिदा बाढीको मुल्को बजारमा पस्न नपाएको स्थानीय श्यामसुन्दर श्रेष्ठले बताए। पुल नभाँचियुन्जेल बाढी बजारभित्र छिर्‍यो, पुल भाँचिएपछि भोटेकोसीमा खस्यो', उनले भने- 'पुल नभाँचिएको भए बाह्रबीसे बजार पुरै डुबानमा पर्ने रहेछ।' साँधीखोलाको बाढी भोटेकोसीमै खसे पनि रातसाँझ पानी पर्दा बाह्रबीसे बजारका स्थानीयमा त्रास फैलिइरहेको उनी बताउँछन्।

# रसुवागढी नाकामा अर्बौंको सामान रोकियो

नेपाल समाचारपत्र

रसुवा

वर्षाका कारणले राजमार्ग तथा पुल क्षति भई सडक अवरुद्ध भएपछि व्यापारीले चीनबाट आयात गर्न लागेका तीज पर्वको सामग्री बीच बाटोमै रोकिएका छन्।

एकता व्यापार संघ नेपाल महाबौद्धका अध्यक्ष टपेन्द्रप्रसाद तिमल्सिनाका अनुसार तीज पर्वका लागि चीनबाट मगाइएको सौन्दर्यका सामग्रीबीच बाटोमा रोकिएको हो। काठमाडौं महाबौद्ध बिक्री स्थलमा सामान अभाव हुँदै गएको र साउन ११ गतेबाटै ढुवानीमा राजमार्ग अवरुद्ध भएपछि उपभोक्ताको माग आपूर्ति गर्न समस्या बढ्दै गएकाले नुवाकोट तथा रसुवाखण्डका राजमार्ग छिटो सञ्चालनमा ल्याउन सम्बद्ध पक्षसँग आग्रह गरिएको उक्त संघले जनाएको छ।

रोडिमेट कपडा, जुत्ता, चप्पल इलेक्ट्रिक उपकरण, स्याउ लसुन, अदुवालगायतका अर्बौं रुपियाँका सामग्री केरुङ आइसकेको र सडक अवरुद्ध भएपछि ढुवानी गर्न नपाउँदा १ हजार टिपभन्दा बढी ती सामग्री बीच बाटोमा रोकिएको अध्यक्ष तिमल्सिनाले जानकारी दिनुभयो। सडकको अवस्था बुझ्न प्रदेशसभा सदस्य शान्ति थिङको अगुवाइमा व्यापार संघका सबै पदाधिकारी रसुवा पुगी सरोकारवाला निकायसमक्ष ताकेता गर्ने कार्यसमेत भइरहेको अध्यक्ष तिमल्सिनाले बताउनुभयो।

रसुवाका प्रमुख जिल्ला अधिकारी कृष्ण पौडेलका अनुसार धुन्चे-भार्खुबीच त्रिशूली नदीको २ स्थान र रसुवागढी नजिकको पहिरोले क्षति पुर्‍याएको सडक मर्मतका लागि नेपाली सेनालाई जिम्मा दिइसकेको र नेपाली सेनाको प्राविधिक निर्देशनालयबाट खटिआएका विशेष टोलीले सोमबार बिहानबाटै स्थलगत अध्ययन गरी छिटो काम शुरू गर्ने बताउनुभयो।

यस्तै साउन ११ गते अविरल वर्षाले टिमुरे घट्टेखोलामा क्षति भएको पक्की पुलको मर्मत कार्य भने ४० प्रतिशत पूरा भएको डिभिजन सडक प्रमुख निरज शाक्यले जानकारी दिनुभयो। स्याउ बोकी आएका ३०/४० वटा कन्टेनर डिब्बा भने स्याफ्रुबेंसीदेखि ठूलो भार्खुका राजमार्गमा अलपत्र परेको र केही ट्रकले पुन: पल्टी गर्न थालेका छन्।

उत्तरी रसुवामा गम्भीर बिरामीको अवस्था आए जिल्ला अस्पताल ल्याउनसमेत समस्या बढेको चालकले बताएका छन्। नियमित यात्रुबाहक बसका यात्रु र मानसरोवर कैलाश जाने भारतीय तीर्थयात्री भने पहिरो स्थलबाट मोटर पल्टी गरी आवत-जावत गर्ने गरेको ट्राफिक प्रहरीले जानाएको छ।


## वर्गीकृत डिस्प्ले





## जिल्ला आपत्कालीन केन्द्र २४सै घन्टा सञ्चालनमा

नुवाकोट, (नेस)। जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र २४सै घन्टा सञ्चालन हुने भएको छ।

जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रमुख प्रशासकीय अधिकृत नन्दलाल शर्माका अनुसार जिल्लामा घटेका विपत्सम्बन्धी कुनै पनि घटनाका सम्बन्धमा कुनै सूचना वा जानकारी भए तुरुन्त ०१० ६१९३३ मा सम्पर्क सकिनेछ। केन्द्रको जुनसुकै समयमा उद्धार र राहत कार्यका लागि सबै स्थानीय तह र सबै सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन जिल्ला प्रशासन कार्यालय नुवाकोटले आग्रह गरेको छ।

# ट्रिपर जलाउँदा मुद्दैमुद्दा

काभ्रे, (नेस)

चारदोबाटो चोकमै मोटरसाइकलले गलत दिशाबाट ओभरटेक गर्दा ट्रिपरको चक्कामा ठोक्किएर मोटरसाइकल चालक कचक्कै भएपछि इन्धन ट्यांकीमा हम्बर हानी आगो झोस्नेलाई प्रहरीले पक्राउ गरेको छ।

'ट्रिपरमा हम्बर हान्दै प्लास्टिकमा आगो सल्काएर ट्रिपर जलाउने एक व्यक्ति तत्काल बैंकक गएका थिए', इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक सुनिलजंग शाहले भने- 'उनलाई बैंककबाट फर्कंदै गर्दा सूचनाका आधारमा एयरपोर्टबाटै सोमबार राति ८ बजे पक्राउ गरिएको हो।' सिन्धुपाल्चोक जिल्ला इन्द्रावती गाउँपालिका-३ घर भई बनेपाको वडा नम्बर ७ मा भाडा पसल गर्दै आएका ३४ वर्षीय उद्धव बानियाले चारदोबाटोमा दुर्घटना भएको अवस्थामा भाग्दै गरेको ट्रिपर रोकेर इन्धनको ट्यांकीमा हम्बर हान्दै प्लास्टिकमा आगो सल्काएर ट्रिपर बालेका थिए। उनलाई रामेछाप जिल्ला दोरम्बा घर भई बनेपा ७ मा जुत्ता पसल गर्दै आएका २५ वर्षीय भीमबहादुर श्रेष्ठ र भुम्लु गाउँपालिका वडा नम्बर २ घर भई हाल बनेपा ८ बस्ने वर्ष २१ का विदुर बुढाथोकीले साथ दिएका थिए। बुढाथोकी रिक्सा चलाउँदै आएका छन्।

दाप्चा घर भई भकुन्डेमा मोटरसाइकल वर्कसप चलाउँदै आएका खनालथोक-७ का ५७ वर्षीय जितबहादुर तामाङको निधन भएको थियो। उनको निधन भएलगत्तै आक्रोशित भीडले ट्रिपरमा आगो झोसेको थियो। सार्वजनिक यातायातमा आगो लगाउनेविरुद्ध प्रहरीले मुद्दा दर्ता गरेको हो। तीनैजनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरू गरेको छ।

# वृद्धवृद्धालाई घर-घरमै नि:शुल्क स्वास्थ्य सेवा



कृष्ण आचार्य, चितवन

पूर्वीचितवनको रत्ननगर नगरपालिकाले नगरभित्रका वृद्धवृद्धालाई घर-घरमै पुगेर स्वास्थ्य सेवा दिन शुरू गरेको छ।

नगरपालिकाले नगरभित्र रहेका ८० वर्ष माथिका वृद्धवृद्धालाई उनीहरूकै घरमा पुगेर प्राथमिक स्वास्थ्य सेवा दिन शुरू गरेको हो। वृद्धवृद्धालाई अस्पताल तथा स्वास्थ्य संस्थासम्म पुग्न कठिन भएकाले घर घरमै पुगेर प्राथमिक स्वास्थ्य परीक्षण गर्न शुरू गरिएको रत्ननगर नगरपालिकाका प्रमुख नारायण वनले जानकारी दिए। परीक्षण गर्दा कुनै समस्या वा रोग देखिए उनीहरूलाई बकुलहर रत्ननगर अस्पतालमा लगेर उपचार गरिने नगर प्रमुख वनले बताए।

नगरपालिकाभित्रका १६ वटा वडामा ८० वर्षमाथिका १ हजार ५० जना वृद्धवृद्धा रहेको र उनीहरू सबैको घर-घरमै पुगेर स्वास्थ्य परीक्षण गरिने जनाइएको छ। अभियानको रूपमा लैजाने ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमको सोमबार रत्ननगर नगरपालिकाको वडा नम्बर ५ झुवानीमा एक औपचारिक कार्यक्रम गरी शुरूआत गरिएको छ।

प्रदेशसभा सदस्य कञ्चन खनाल प्रमुख अतिथि रहेको कार्यक्रममा बकुलहर रत्ननगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.अजय न्यौपानेले ८० वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई अस्पतालमा उपलब्ध सबै सेवा नि:शुल्करूपमा प्रदान गरिने बताए। ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्न नगरपालिकाको स्वास्थ्य शाखाको र बकुलहर रत्ननगर अस्पतालबाट स्वास्थ्यकर्मी गाउँमा खटिएका छन्। ८० वर्षमाथिका जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा उपचारका लागि नगरपालिकाले १० लाख रुपैयाँ विनियोजन गरेको छ। वडा नम्बर ५ बाट शरू गरिएको कार्यक्रम रत्ननगरका सबै वडामा पुग्ने र अभियान निरन्तर चलिरहने नगरपालिकाले जनाएको छ।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरु

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९९९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, भदौ
मंगलबार
५

संविधानले स्थानीय तहमा भूमिसम्बन्धी दिएको अधिकारलाई संस्थागत तथा कार्यान्वयनका लागि मालपोत र नापीका कार्यालय स्थापना गर्न लागिएको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला केसीले बताइन्।

# नेपाल

## बझाङमा बाढीको क्षति

# एक महिनामै ५ जनाको मृत्यु



**ललित सिंह, बझाङ**

जिल्लाको विभिन्न ठाउँमा परेको अविरल वर्षापछि आएको बाढीले एकमहिनामै ५ जनाको मृत्यु भएको छ भने दुई घर र एक विद्यालय बगाएको छ।

मृत्यु हुनेमा खप्तड छान्ना गाउँपालिका ६ बयाना गाउँका एकै घरका ४ जनाको ओडारमा बसेको समयमा माथिबाट पहिरो आएर घटनास्थलमै मृत्यु भएको थियो। सो घटना साउन ४ गते दिउँसो भएको हो। त्यसै गरी जयपृथ्वी नगरपालिका-३ की १० वर्षकी सुस्मिता ओलीको डुंग्री खोलाले बगाएर मृत्यु भएको हो। गत शुक्रबार आएको पहिरोले विद्यालयको नवनिर्मित भवनमा क्षति पुगेको छ। तल्कोट गाउँपालिका-२ बस्टीस्थित विश्वनाथ प्राथमिक विद्यालयको २ महिनाअघि बनेको भवन बाढीका कारण क्षतिग्रस्त बनेको हो।

बाढीसँगै विद्यालयको पछाडिपट्टिबाट पहिरोसमेत शुरू भएपछि तल्कोट गाउँपालिकाको करिब १० लाखको लागतमा २ महिनाअघि निर्माण भएको दुईकोठे पक्की भवन र त्यसमा रहेका फर्निचरहरूमा पूर्णरूपमा क्षति भएको विद्यालयका प्रधानाध्यापक बिर्खराज जोशीले बताए। विद्यालयमा बाढी पसेर गएको पहिरोले खानेपानीको संरचना पनि बगाएर लगेको उनले बताए। यस्तै विद्यार्थीलाई दिवा खाजा तयार गर्ने भान्छाघर पनि बाढीका कारण क्षतिग्रस्त भएको छ।

उनले विद्यालय भवन, खाजा घर, खानेपानी र फर्निचर गरी झन्डै २० लाख बराबरको क्षति भएको बताए। 'पुरानो भवनमा राखिएका हुनाले कागज पत्रहरू मात्र बचेका छन्। अरू सबै पहिरोले लग्यो।' -उनले भने। विद्यालयको फर्निचरलगायतका संरचनाहरू बाढी पहिरोले क्षति भएपछि यहाँ अध्ययनरत १ सय १० जना विद्यार्थीको पठनपाठन अवरुद्ध भएको उनले बताए। उनले भने- 'सबै संरचना बगिहाल्यो। यतिका विद्यार्थीलाई कहाँ लगेर पढाउने?'

विद्यालयनजिकै रहेको बन्दै गरेको सामुदायिक महिला भवनमा पनि क्षति पुगेको छ। यो भवन गाउँपालिकाको ३ लाख अनुदान र स्थानीयको श्रमदानमा बन्दै गरेको थियो। सोही खोलामा बाढीपछि आएको पहिरोले स्थानीय चँदारा समुदायले ठेकी बनाउन प्रयोग गर्ने अन्सान्नु (आफर) घर पनि बगाएर लगेको स्थानीय नरेश रोकायाले बताए। उनले गाउँको माथिबाट पहिरो शुरू भएका कारण विद्यालयभन्दा तल रहेका स्थानीयका ३ वटा घर र करिब १ सय रोपनी खेतबारी पनि जोखिममा परेको बताए।

विद्यालयको सिरानीमा निर्माण भएको चैनुपुर रुवातोला र बायाँतर्फ निर्माण भएको बस्टी भीमढुंगा सडकका कारणले पहिरो शुरू भएको स्थानीयको भनाइ छ। 'यतिनजिकै दुईवटा सडक नबनाऔं। खोलाले धार परिवर्तन गऱ्यो भने गाउँ नै बगाउँछ भनेर भनेकै हौं', स्थानीय झलक रोकायाले भने- 'त्यो बेला गाउँलेको आवाज कसैले सुनेन। अहिले यस्तो दुर्दशा भयो।' उनले स्थानीय ठूलो खोलाको प्राकृतिक प्रवाह छेकिने गरी सडक बनाएका कारण खोला विद्यालयतर्फ फर्किएको बताए। खोलाले धार बदलेर स्कुल बगाएपछि त्यसको तल रहेका ३ घरका मानिसहरू बाढीपहिरोको डरले विस्थापित हुने अवस्थामा पुगेको बताए।

यस्तै गत बिहीबार राती गएको पहिरोले खप्तड छान्ना गाउँपालिका-७ गोर्खालीमा ३ वटा घर बगाएपछि ३ परिवारका गरी ३२ जना विस्थापित भएका छन्। स्थानीय खड्क सिंह, मोहन सिंह र हीरा सिंहको घर पूर्णरूपमा बगाएको हो। घर बगाउँदा करिब ६० लाख बराबरको अन्नपात, भाँडाकुँडा, लत्ताकपडा र नगद पहिरोमा पुरिएको स्थानीय भीम सिंहले बताए।

## भरुवा बन्दुकले लागेर तामाङको मृत्यु

**नेपाल समाचारपत्र**

संखुवासभा

संखुवासभाको मादी नगरपालिका-८ का हस्तबहादुर तामाङको आफैले बोकेको बन्दुक पड्किँदा मृत्यु भएको छ। मादी नगरपालिका-९ फाबिङको जंगलमा एक्लै शिकार खेल्न गएका २५ वर्षीय तामाङ जंगलमा मृत फेला परेका थिए।

आइतबार घरबाट भरुवा बन्दुक लिएर शिकार खेल्न निस्केका तामाङ घर नफर्केपछि उनलाई आफन्तले जंगलमा मृत फेला पारेका थिए। उनको निधारमा गोली लागेको र घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनास्थलमा एक थान भरुवा बन्दुकसहित तामाङको शव जंगलमा भेटिएको र घटनाको प्रहरीद्वारा थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक श्याम सारु मगरले बताउनुभयो। त्यसै गरी गस्ती प्रहरी टोलीले मादी नगरपालिका-८ का रत्नबहादुर तामाङ र छिमेकी कृष्णबहादुर तामाङलाई भरुवा बन्दुकसहित पक्राउ गरेको छ।

उनीहरूको साथबाट २ थान भरुवा बन्दुक, भरुवा बन्दुकमा प्रयोग हुने अन्दाजी ५० ग्राम बारुद, गोलीका रूपमा प्रयोग हुने १० थान किटको टुक्रा, २ थान खुकुरी र टर्चलाइट बरामद गरिएको प्रहरीले जनाएको छ।

## ४ लाख बराबरको सामान बरामद

बुटवल, (नेस)

जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जिल्लाका विभिन्न स्थानबाट भन्सार चोरी गरी पैठारी गरेका सवा ४ लाख बराबरको सामान बरामद गरी भन्सार चलान गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय तथा मातहतसमेतबाट खटिएको प्रहरी टोलीले विभिन्न स्थानबाट भन्सार चोरी निकाशी पैठारी गरी ल्याएका मरिच, लत्ताकपडा र अन्य खुद्रा सरसामानहरू बरामद गरी आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहिया पठाएको प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रनाउ कुमोध ढुंगेलले बताउनुभयो।

## लघु जलविद्युत् पुनः सञ्चालनमा

बाजुरा, (नेस)

गौमुल गाउँपालिका-२ स्थित सियाढुंगा लघु जलविद्युत् आयोजना शनिबारदेखि पुनः सञ्चालनमा आएको छ। स्टेप ट्रान्सफर्मर र प्यानलबोर्डलगायतका उपरकण त्रिवेणी साना जलविद्युत् केन्द्रका पावरहाउस इन्चार्ज हरिचन्द्र विष्टले मर्मत गरेपछि विद्युत् सेवा सुचारु भएको हो। ३२ किलोवाट क्षमता भएको उक्त लघु जलविद्युत् केन्द्रका स्टेप ट्रान्सफर्मर प्यानलबोर्डमा खराबी देखिँदा गत असारदेखि विद्युत् सेवा अवरुद्ध थियो।

## स्थानीय तहमा मालपोत र नापी स्थापना

सुर्खेत, (नेस)

कर्णाली प्रदेशका स्थानीय तहमा मालपोत र नापी कार्यालय स्थापना गरिने भएको छ।

कर्णालीमा प्रदेश सरकारले प्रस्ताव गरेको जग्गा प्रशासन विधेयकमा कर्णालीका स्थानीय तहमा मालपोत र नापी कार्यालय स्थापना गर्ने प्रस्ताव गरिएको हो।

संविधानले स्थानीय तहमा भूमिसम्बन्धी दिएको अधिकारलाई संस्थागत तथा कार्यान्वयनका लागि मालपोत र नापीका कार्यालय स्थापना गर्न लागिएको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला केसीले बताइन्। कर्णालीका स्थानीय तहमा स्थापना गरिने मालपोत र नापीका कार्यालयहरू पूर्णरूपमा डिजिटल प्रविधिबाट सञ्चालन हुने मन्त्री केसीले बताइन्। उनीहरूलाई जग्गाको कित्ताकाट गर्ने अधिकार हुनेछ भने जग्गा नापी गर्ने कार्य प्रदेशले नै गर्ने मन्त्री केसीले जानकारी दिइन्।

मन्त्रालयले तयार गरेको जग्गा प्रशासन विधेयकमा मन्त्रालयको मातहतमा रहने गरी प्रदेशस्तरमा जग्गा प्रशासन तथा व्यवस्थापन कार्यालय र नापी कार्यालय पनि राख्ने प्रस्ताव गरिएको मन्त्री केसीले जानकारी दिइन्।

विधेयकमा दैनिक जग्गा प्रशासन सञ्चालन र व्यवस्थापनको काम, रजिस्ट्रेसन, नामसारी, दाखिला खारेज, लगतकट्टा, मोठ सम्बन्धीका काम प्रस्ताव गरिएको छ। त्यस्तै विधेयकमा भूमिकर असूली तथा मिनाहसम्बन्धी कार्य, घरजग्गा रजिस्ट्रेसनसम्बन्धी कार्यलगायतका कार्यलाई प्रदेशमा एकरूपता कायम गर्न विधेयक तयार गरिएको मन्त्री केसीको भनाइ छ। उनका अनुसार ऐन लागू भएपछि जग्गा प्रशासनलाई पूर्णरूपमा डिजिटलका रूपमा सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ।

## । संक्षेप समाचार

### तीर्थयात्रीको मृत्यु

संखुवासभा, (नेस)

संखुवासभाको धार्मिकस्थल सभापोखरीबाट फर्किने क्रममा एक तीर्थयात्रीको बाटोमा मृत्यु भएको छ। तीर्थस्थल सभापोखरीमा पूजा गरेर फर्किएका पाँचखपन नगरपालिका-८ चुङखुरुङ आहालेका हर्कबहादुर न्यौपानेको शनिबार बाटोमा मृत्यु भएको प्रहरीले जनाएको छ। नागपञ्चमीका दिन सभापोखरीमा पुगेर पूजा गरी फर्किएका न्यौपाने चाररातें भन्ने स्थानमा बिरामी परेका थिए। बिरामी भएपछि तत्कालै आफन्तले बोकेर घरतर्फ ल्याउने क्रममा उनको तेर्से भन्ने स्थानमा मृत्यु भएको थियो। तीर्थस्थलमा न्यौपानेसहित ८ जना साउन २८ गते सभापोखरीतर्फ गएका थिए।

### मदिरा नियन्त्रणमा युवा

डोटी, (नेस)

स्थानीय सरकारले डोटीमा मदिरा नियन्त्रण गर्न नसकिरहेको अवस्थामा डोटीको जोरायल गाउँपालिका-५ गड्सेराका युवाहरू भने मदिरा नियन्त्रण अभियानमा जुटेका छन्। आफ्नो वडाभरिमा मदिराको बिगबिगी भएसँगै मदिरा सेवनले विकृति फैलाउन थालेको भन्दै युवाहरूको समूह मदिरा नियन्त्रण अभियानमा जुटेको हो। सो वडाका वडा सदस्य डम्मर पातलीको संयोजकत्वमा युवाहरूको समूह मदिरा नियन्त्रण अभियानमा जुटेको स्थानीय युवा तथा शिक्षक प्रकाश रावलले बताउनुभयो।

### उमावि बनाउन हस्ताक्षर अभियान

वीरगन्ज, (नेस)

पर्साको कालिकामाई गाउँपालिकाको वडानम्बर २ भेडिहारीमा रहेको श्री सुकई साह माध्यमिक विद्यालयललाई उच्च मावि तहमा स्तरोन्नति गराउने व्यवस्थाका लागि सोमबारदेखि हस्ताक्षर अभियान शुरू भएको छ। श्री सुकई साह माध्यमिक विद्यालयलाई १० जोड २ बनाउनका लागि ब्रिलिएन्ट युवा क्लब भेडिहारीले हस्ताक्षर अभियान शुरू गरेको हो। श्री सुकई साह माध्यमिक विद्यालय १० जोड २ बनाउन उपयुक्त रहेकाले अविलम्ब गाउँपालिकाको कार्यालयले निर्णय गरी अनुमति दिनका लागि हस्ताक्षर अभियान शुरू गरिएको संस्थाका सचिव शम्भुकुमार सुमनले बताए।

## करको दर नभई दायरा बढाउन माग

**नेपाल समाचारपत्र**

बुटवल

प्रदेश र स्थानीय तहका सरकारद्वारा वृद्धि गरिएको करले सर्वसाधारण मारमा परेको हुँदा करको दर नभई दायरा बढाउनुपर्ने एक कार्यक्रमका वक्ताहरूले औंल्याएका छन्। करलाई वैज्ञानिक र व्यावहारिक बनाउनुपर्ने मागसमेत उनीहरूले गरेका छन्।

रिपोर्टर्स क्लब प्रदेश पाँचले सोमबार बुटवलमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव थानेश्वर गौतमले मुलुकमा वित्तीय संघीयता अवलम्बन गरेको स्मरण गराउँदै करको बारेमा सचेतनामूलक शिक्षा जरुरी रहेको बताउनुभयो।

संघीयतालाई खराब भन्न थालिएको छ यसलाई व्यवस्थित गर्न जरुरी रहेको बताउँदै उहाँले भन्नुभयो- 'कानुन विपरीत कतिपय नगरपालिकामा शुल्क लिइएको हल्ला सुनिएको छ। यदि त्यस्तो रहेछ भने प्रदेश ५ सरकारले यसलाई नियमन गर्दछ।'

छत्रदेव गाउँपालिका अर्घाखाँचीका अध्यक्ष लेखनाथ पोखरेलले स्थानीय तहमा पनि फरकफरक नीति देखिएको बताउनुभयो। उहाँले केही नगर र गाउँपालिकाका कारणले सबै स्थानीय तहले कर जनतामारा बनाएजस्तै देखिए पनि वास्तविकता त्यस्तो नभएको दाबी गर्नुभयो। गाउँपालिकाहरूले पहिला जनताको आयस्रोत बढाउनेतर्फ ध्यान दिनुपर्ने भन्दै त्यसपछि करको दायरमा ल्याउनुपर्ने बताउनुभयो।

तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले आफ्नो नगरपालिकाले कर वृद्धि गरेको हल्ला आए पनि आफूहरूले १२ प्रकारका छूट दिएको बताउनुभयो। नेपाली कांग्रेस बुटवल उपमहानगरपालिकाका सभापति खेलराज पाण्डेले अहिले बुटवल उपमहानगरपालिकाले कर जनताको आयस्रोत र भौतिक पूर्वाधार विकासविना लगाएको बताउनुभयो।

## अभियुक्तको म्याद थप

**गोकुल घोरसाइने, बारा**

प्रहरीले बारा जिल्लामा भिडियो कन्फरेन्समार्फत अनुसन्धानको क्रममा थुनामा रहेका अभियुक्तको अदालतबाट म्याद थप गर्ने व्यवस्था मिलाएको छ। इलाका प्रहरी कार्यालय सिमराले सार्वजनिक अपराध मुद्दाका अभियुक्तहरू जितपुरसिमरा उपमहानगरपालिका-७ बस्ने वर्ष २० का चाँद महमद, वर्ष १८ का सलामुद्दिन मियाँ र २० वर्षीय समशेर अन्सारीलाई आइतबार भिडियो कन्फरेन्समार्फत जिल्ला अदालत कलैयाबाट अनुसन्धानका लागि म्याद थप गराएको हो।

अनुसन्धानका लागि थुनामा राखिएका अभियुक्तलाई म्याद थप गर्न लैजाने क्रममा उत्पन्न हुने समस्याको अन्त्य गर्न जिल्ला प्रहरी कार्यालय बाराको समेत समन्वयमा इलाका प्रहरी कार्यालयले जिल्लामा पहिलोपटक भिडियो कन्फरेन्समार्फत अदालतबाट म्याद थप गराएको प्रहरी निरीक्षक सुवास हमालले बताए। निरीक्षक हमालका अनुसार जिल्ला अदालतमा रहेको प्रहरी युनिटका प्रहरी कर्मचारी प्रहरी सहायक निरीक्षक ओपन्द्र थापाले दिउँसो ३ बजे ६ नम्बर न्यायाधीश कृष्ण साहको इजलासमा फाइल पेस गरेपछि म्याद थप प्रक्रिया शुरू भएको थियो। न्यायाधीश साहले अदालतको आईटी सेक्सनबाट प्रहरी कार्यालय सिमरामा रहेका अभियुक्तहरूसँग करिब २० मिनेटसम्म भिडियोमा कुराकानी र सोधपुछपछि प्रहरीको मागबमोजिमको म्याद थपको पत्रमा हस्ताक्षर गरेका थिए।

प्रहरी कार्यालयका तर्फबाट भने निरीक्षक हमाल स्वयंले कम्प्युटरबाट सम्पर्क गराएपछि न्यायाधीशसँग अभियुक्तहरूको कुराकानी भएको थियो। सार्वजनिक अपराध नियन्त्रण ऐनअन्तर्गत मुद्दा चलाइएका अभियुक्तलाई यो दोस्रो पटकको म्याद थप हो। यसअघि प्रहरीले उनीहरूलाई सवारी साधानमा राखेर अदालतमा उपस्थित गराएपछि म्याद थप लिएको थियो।

सर्वसाधारणलाई कुटपिट गरेको अभियोगमा जितपुर बजारबाट एक साताअघि पक्राउ परेका उनीहरूमाथि थप अनुसन्धानका लागि अदालतले ५ दिनको म्याद थप गरेको छ। 'म्याद थपमा लैजाने क्रममा सुरक्षा जोखिम हुने गरेको थियो', प्रहरी निरीक्षक हमालले भने- 'अब भिडियो कन्फरेन्सबाट नै अदालतको म्याद थप लिन सकिने भएपछि अनुसन्धानमा सजिलो भएको छ।' भिडियो कन्फरेन्समार्फत अदालतबाट म्याद थप गर्न सकिने भएपछि प्रहरीको साधन, स्रोत र समयको पनि बचत हुने र अपराध अनुसन्धानमा प्रभावकारिता आउने उनले बताए।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी,उदयपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०७५।०५।०५

यस कार्यालयबाट मिति २०७५।०५।०३ गतेको राष्ट्रिय दैनिक नेपाल समाचारपत्र मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन २०६३ को दफा २३ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल:-

| S. N. | IFB No: | Description of Work | Bidder's Name | Bid Price Rs. (Without VAT) |
|---|---|---|---|---|
| 1 | 04/Uda/KATARI MUN/074/075 | Shiva mandir RCC Road | R.S Construction Tri.Na.Pa.-7,Udayapur | 2119606.02/- |

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे।
फोन नं. [illegible]

**परामर्शदाता स्विकृत गर्ने आशयको सुचना।**

(प्रथम पटक प्रकाशित मिति २०७५।०५।०४)

यस मण्डनदेउपुर नगरपालिकाको नगर यातायात गुरुयोजना र नगर पर्यटन गुरुयोजना तयार गर्ने क्रमश: [illegible] र [illegible] मा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित भएको सूचना बमोजिम रितपूर्वक प्राप्त भएका प्रस्तावहरू गठित मूल्याङ्कन समितिको प्रतिवेदन अनुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ को उपनियम ५ बमोजिम गुणस्तर र लागत को आधारमा मूल्याङ्कन गर्दा सारभूतरूपमा तपसिल बमोजिमको प्रस्तावदाता छनौट भएकोले यस सूचना प्रकाशित भएको ७ दिनभित्र निवेदन दिई सम्झौताका लागि सम्बन्धित प्रस्तावदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| प्रस्ताव नं | कार्य विवरण | परामर्शदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| [illegible] | नगर यातायात गुरुयोजना तयार गर्ने | [illegible] | [illegible] |
| [illegible] | नगर पर्यटन गुरुयोजना तयार गर्ने | [illegible] | [illegible] |

# विश्व

**आस्था**

साउदी अरेबियाको मक्कास्थित मुस्लिमहरुको सबैभन्दा पवित्र धार्मिकस्थल काबामा पवित्र ढुंगा छुँदै हज यात्रीहरु। एक महिनासम्म चल्ने पवित्र हज यात्रा आइतबारदेखि शुरु भएको थियो।



**भ्रमण**

चीनको भ्रमणमा रहेका मलेसियाका प्रधानमन्त्री महाथिर मोहम्मद र चिनियाँ प्रधानमन्त्री ली केकियाङ।





विश्व २ मिनेट

**भारत**

## ‘वार्ताको प्रस्ताव छैन’

नयाँ दिल्ली/इस्लामावाद, (एजेन्सी)

पाकिस्तानमा पूर्वक्रिकेटर इमरान खान प्रधानमन्त्री बनेपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पत्र पठाई बधाइ दिएको र वार्ताको प्रस्ताव राखेको पाकिस्तानी विदेशमन्त्री शाह महमुद कुरैसीको दाबीलाई भारतले अस्वीकार गरेको छ। नयाँ दिल्लीको सरकारी सूत्रले पत्रमार्फत बधाइ दिएको स्वीकार गरेको छ तर त्यसमा वार्ताको कुनै प्रस्ताव नभएको प्रष्ट पारेका छन्। भारत र पाकिस्तानबीच विगत २ वर्षदेखि वार्ता बन्द रहेको छ। यसअघि पाकिस्तान विदेशमन्त्रीले भारतसँग बिनाअवरोध लगातार वार्ताको आवश्यक रहेको बताए। दुई छिमेकी देशबीच रहेका समस्या समाधानमा वार्ताको विकल्प नरहेको उनले बताएका थिए।

**फिजी**

## शक्तिशाली भूकम्प

सुभा, (एजेन्सी)

फिजी र टोंगानजिककै प्रशान्त महासागरमा आइतबार बिहान ८ दशमलव २ म्याग्निच्युड भूकम्प आएको अमेरिकी भूगर्भ सर्वेक्षणले जनाएको छ। उक्त शक्तिशाली भूकम्पको धक्काले फिजीको एनदोइ टापुलाई हल्लाएको थियो। यद्यपि भूकम्पको केन्द्रबिन्दु अत्यन्त गहिराइमा भएकाले सुनामीको खतरा नभएको बताइएको छ। प्यासिफिक सुनामी वार्निङ सेन्टरले खतरा नदेखिएका केही साना सुनामी छालहरु अवलोकन गरिएको जानकारी दिए। भूकम्पको केन्द्रबिन्दु करिब ५ सय ६० किलोमिटर गहिराइमा भएको यूएसजीएसले जनाएको छ। शुरूमा भूकम्प ७ दशमलव ९ म्याग्निच्युडको भएको बताइएको थियो।

**भारत**

## पीडितको उद्धार

नयाँ दिल्ली, (एजेन्सी)

बाढीग्रस्त भारतीय राज्य केरलाबाट आइतबार करिब २२ हजार व्यक्तिलाई उद्धार गरिएको सरकारी अधिकारीले बताएका छन्। अन्ततः मनसुन वर्षा अलि थामिएपछि यो उद्धार कार्य भएको हो। केही सबैभन्दा नराम्ररी बाढीग्रस्त क्षेत्रमा दैवी प्रकोप उद्धार फौजसहितको सेनाको टोली स्थानीय माझीहरु परिचालित गरिएको छ। दुई साता लामो लगातार भीषण वर्षाका कारण बाह्य सम्पर्क विच्छेद भएका समुदायका लागि अत्यावश्यक सामग्री उपलब्ध गराउन हेलिकोप्टर प्रयोग गरिएका छन्। यस बाढी पहिरोमा ३ सय ५० जनाभन्दा बढीको मृत्यु भएको छ।

**अफगानिस्तान**

## यात्रु अपहरित

काबुल, (एजेन्सी)

उत्तरी अफगानिस्तानमा तालिवान लडाकूले सोमबार ३ वटा बसलाई एम्बुसमा पारेर करिब १ सय ५० जना मानिसलाई अपहरण गरेको सरकारी सञ्चारमाध्यमले जनाएको छ। तालिवानका प्रवक्ताले तिनीहरुले सुरक्षाकर्मी चढेको बसमाथि लक्षित गरिहरको र सर्वसाधारणलाई मुक्त गरिने जानकारी दिएका छन्। एक दिनअघि मात्र अफगान राष्ट्रपति असरफ घानीले तालिवानसमक्ष शर्तसहितको तीनमहिने युद्धविरामको प्रस्ताव राखेका थिए। सोमबार तालिवानका नेताले यो प्रस्ताव अस्वीकार गरेका छन्। प्रवक्ता शेख हाइबाथुल्लाह आखुन्जादाले सरकारविरुद्धको युद्ध जारी रहने बताएको रोयटसले जनाएको छ।

# उत्तर कोरियामा युद्धमा बिछोडिएकाहरुको भेटघाट

सोल, (एजेन्सी)

दक्षिण कोरियाका एक वृद्ध समूह सन् १९५०-१९५३ को कोरियाली युद्धयता नदेखेका आफ्ना आफन्तलाई भेट्न अहिले उत्तर कोरियामा रहेको छ। युद्धका कारण कोरिया विभाजित हुनासाथ उत्तर कोरियामा रहेका मानिस त्यहीं बस्न बाध्य भएका थिए।

सो युद्ध कुनै पनि शान्त सम्झौतामा हस्ताक्षर नभई युद्धविराममा मात्र टुंगिएकाले यो अझै प्राविधिकरूपमा जारी रहेको मानिन्छ। यसअघि पनि युद्धको दौरान बिछोडिएका परिवारबीचको पुनर्मिलनका लागि पटक-पटक कार्यक्रमको आयोजना भइसकेको छ।

तर ३ वर्ष लामो समयपछि आयोजना भएको यो भने पहिलो कार्यक्रम हो। गोलाप्रथाबाट उत्तर कोरिया जाने टोलीका लागि छानिएका दक्षिण कोरियालीमध्ये सबैभन्दा वृद्ध व्यक्तिको उमेर १ सय १ रहेको बताइएको छ। तिनीहरुलाई निकै छोटो समयका लागि मात्र आफनतसँग भेटघाट गराइने कार्यक्रम रहेको छ।



यस ऐतिहासिक एवं महत्त्वपूर्ण कार्यक्रममा ८३ जना उत्तर कोरियाली र ८९ जना दक्षिण कोरियाली सहभागि रहेका छन्। उत्तर र दक्षिण दुवैबाट यस पुनर्मिलनका लागि १/१ सय व्यक्ति छानिएकामा आफूहरुले भेट्न चाहेका आफन्त जीवित नरहेको थाहा पाएपछि केहीले कार्यक्रम त्यागेको दक्षिण कोरियाली सञ्चारमाध्यमले जनाएको छ।

९२ वर्षीया एक वृद्धाले कोरियाली युद्ध समाप्तीपछि पहिलोपटक आफूले छोरा भेट्न जान लागेको पत्रकारलाई जानकारी गराएकी छिन्। लि केयुम सियोम नामक ती महिलाले दक्षिणतर्फ हतार हतारमा भाग्ने क्रममा आफू त्यतिबेला ४ वर्षीय छोरा र पतिसँग छुटेको स्मरण गरेकी छिन्।

उनले खुसी र दुःख मिश्रित भावमा भनिन्- ‘यो दिन पनि आउँछ भन्ने मैले सोचेकै थिइन तर मलाई मेरो छोरा जीवित छन् कि छैनन् भन्ने पनि थाहा छैन।’ त्यसै गरी ९० वर्ष नाघिसकेकी अर्की महिला मून ह्युन सुकले आफ्ना बहिनी भेट्न जान लागेको बताएकी छिन्।

# प्रहरी चौकीमा आक्रमणकारी मारिए

म्याड्रिड, (एजेन्सी)

स्पेनको बार्सिलोनादेखि दक्षिणमा पर्ने एउटा प्रहरी चौकीमा अरबी भाषामा चिच्याउँदै लामो छुरा बोकेर एकजना पुरुषले सोमबार अधिकारीमाथि लक्षित आक्रमण गरेका छन्।

प्रहरीले यस घटनालाई आतंककारी आक्रमणको संज्ञा दिएको छ। २९ वर्षीय अल्जेरियन मुलका ती आक्रमणकारीलाई अधिकारीमाथि अघि बढ्दै गर्दा गोली हानेर मारिएको प्रहरीले जनाएको छ।

स्पेनको उत्तर पूर्वी क्याटलाना क्षेत्रमा सन् २०१७ मा बार्सिलोनामा भएको डरलाग्दो आतंककारी आक्रमणको वार्षिकी मनाउँदै छ। तर प्रहरीले यस आक्रमणको आतंकवादसँग कुनै सम्बन्ध रहेको प्रमाण भेटाउन सकेको छैन।

स्थानीयस्तरमा अब्देलओउहाव ताइव नामक ती व्यक्ति स्थानीय समयअनुसार बिहान ५ बजेर ५२ मिनेट जाँदा कोर्नेल्ला डि लोव्रेगाट शहरको प्रहरी चौकीमा प्रवेश गरेका थिए।

प्रहरी आयुक्त राफेल कोमेसले रिसेप्सन पछाडि बसेकी एक महिला प्रहरीलाई ‘अल्लाहु अकबर’ भनी चिच्याउँदै मार्ने प्रयास गरेको पत्रकारलाई बताएका छन्। गतवर्षको १७ अगस्टमा बार्सिलोनाको लास राम्बलास भेन्यु र क्याम्ब्रिल्समा भएका आतंककारी आक्रमणमा १६ जना व्यक्तिको ज्यान गएको थियो।



# बच्चामाथि प्रहार भएको बम अमेरिकी



वासिङ्टन, (एजेन्सी)

विद्रोही नियन्त्रित उत्तरी यमनमा एक बसमाथि साउदी अरेबियाको नेतृत्वमा रहेका गठबन्धनले गरेको हवाई हमलामा प्रयोग भएको बम अमेरिकाले आपूर्ति गरेको बताइएको छ। गत अगस्ट ९ मा भएको उक्त हमलामा ४० बच्चा र अन्य ११ जना मारिएका थिए।

अमेरिकी विदेश मन्त्रालय र साउदी अरेबियबीच भएको एक सम्झौताअनुरूप उक्त बम आपूर्ति गरिएको सीएनएनको एक समाचारमा उल्लेख गरिएको छ। युद्ध विशेषज्ञलाई उद्धृत गर्दै सीएनएनले यसै महिना भएको उक्त आक्रमणलगत्तै बमको टुक्राहरुको खिचिएका तस्वीरबाट यो निर्देशित एमके ८२ बम भएको संकेत मिलेको उल्लेख गरेको छ। यो बमको निर्माण अमेरिकी रक्षा कम्पनी लकहिड मार्टिनले गरेको थियो।

पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाले साउदी अरेबियालाई उक्त बम बेच्न रोक लगाएको थियो। किनभने त्यस्तै खालको एक बम सन् २०१६ मा विद्रोहीको कब्जामा रहेको क्षेत्र सानामा प्रयोग गरेका थिए। उक्त आक्रमणमा १ सय ४० जनाको मृत्यु भएको थियो।

तर वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१७ मा कार्यभार सम्हालेपछि उक्त फैसलालाई उल्टाउँदै प्रतिबन्ध हटाइएको थियो। रेडक्रसको अन्तर्राष्ट्रिय समितिका अनुसार सादा प्रान्तमा अगस्ट ९ मा भएको हमलामा घाइते ७९ जनामा ५६ जना बालबालिका छन्।

# अस्ट्रियाका विदेशमन्त्रीको विवाहमा पुटिन नाचे

भियना, (एजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन विश्वकै शक्तिशाली नेतामध्ये चर्चित मानिन्छन्। उनी आफ्ना फरक-फरक शैलीका कारण प्रायः चर्चामा रहने गरेका छन्। कहिले जुडो खेलेर, कहिले घोडासवारी, कहिले जंगल सफारीजस्ता विभिन्न चर्तिकलाका उनका तस्विर बाहिर आएका छन्।

अहिले राष्ट्रपति पुटिन अस्ट्रियाकी विदेशमन्त्री कारिन निसलसँग नृत्यमा मग्न रहेको उनको तस्वीर अगाडि आएको छ। निसलको विवाहमा सहभागी हुन अस्ट्रिया पुगेका पुटिन समारोहमा उनीसँग नृत्य गरेका थिए।

उनी अस्ट्रियाको दक्षिण शहर ग्राजमा आयोजित उक्त विवाह समारोहमा सहभागी भएका थिए। निसललाई रुस समर्थक मानिने अस्ट्रियन फ्रिडम पार्टीले विदेशमन्त्रीको पदमा मनोनित गरेको हो।

५३ वर्षीय निसलले व्यापारी वाल्फगेंग मिलंगरसँग विवाह गरेकी हुन्। राष्ट्रपतिका सल्लाहकार युरी उसाकोबले यसै वर्ष पुटिन भियना भ्रमणका बेला निसलले उनलाई विवाहमा सहभागी हुन निमन्त्रणा दिएको जानकारी दिएका थिए।

यसैबीच पुटिनको यो भ्रमणलाई लिएर युरोपेली देश अस्ट्रियाका विपक्षी दल विदेशमन्त्रीमाथि आक्रमक बनेका छन्। विपक्षी नेताहरुले पुटिनलाई निमन्त्रणा दिएर निसलले युरोपेली युनियनको विदेश नीतिलाई बेवास्ता गर्ने काम गरेको आरोप लगाएका छन्। अस्ट्रिया जाने क्रममा पुटिन जर्मनी पनि गएका थिए र त्यहाँ उनले चान्सलर एन्जेला मर्केलसँग भेटवार्ता गरेका थिए।



# धुमपान गर्ने अभिभावकसँग हुर्कने बालबालिकालाई खतरा

न्युयोर्क, (एजेन्सी)

धुमपान गर्ने अभिभावकसँग हुर्केका तर धुमपानै नगर्ने वयस्कमा गम्भीर रोगको कारण मृत्यु हुने सम्भावना धेरै रहेको एउटा अमेरिकी अनुसन्धानले देखाएको छ। अनुसन्धानकर्ताले वार्षिकरूपमा मर्ने १ लाख गैर धुमपानकर्तामध्ये बाल्यकाल धुमपानको प्रभावमा परेका यस्ता ७ जना वयस्क पर्ने गरेको जनाएको छ।

अमेरिकन क्यान्सर सोसाइटिले ७० हजार ९ सय धुमपान नगर्ने महिला तथा पुरुषमाथि यो अध्ययन गरेको हो। विशेषज्ञहरुले आफ्ना बालबालिकालाई अकाल मत्युबाट जोगाउने हो भने मातापिताले धुमपान त्याग्नुपर्ने सल्लाह दिएका छन्।

सोही अध्ययनले यदि बाल्यकालमा अभिभावकको कारण धुमपानको शिकार भएका व्यक्तिहरुले वयस्क भएपछि आफैंले पनि धुमपान गर्न थाल्ने हो भने परिणाम अझै भयानक हुनसक्ने चेतावनी दिएको छ।

धुमपान नगर्ने अभिभावकसँग हुर्केकाहरुको तुलनामा हरेक साता १० वा त्योभन्दा बढी घन्टा धुमपानको संसर्गमा रहनेलाई मुटुको रोग लाग्ने २७ प्रतिशत, मस्तिष्कघात हुने २३ प्रतिशत र फोक्सोसम्बन्धी गम्भीर रोग लाग्ने सम्भावना ४२ प्रतिशतले बढी हुने बताइएको छ।



पठनपाठनको अनुगमन, अतिरिक्त क्रियाकलापको अध्ययन एकैसाथ गाउँपालिकाका प्रमुख, शिक्षक र अभिभावकले दैनिक, साप्ताहिक र मासिकरूपमा आफ्नो कोठामा हेर्न सकिने व्यवस्था गरिएको छ।

# प्रकाण्डलाई २४ घन्टाभित्र हाजिर गराउन पुनः आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले विप्लव नेतृत्वको नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डलाई २४ घन्टाभित्र हाजिर गराउन पुनः आदेश दिएको छ।

सर्वोच्चका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले प्रकाण्डलाई बाटोको म्यादबाहेक २४ घन्टाभित्र हाजिर गराउन आदेश दिएको हो। गैरकानुनी थुनामा राखिएको भन्दै प्रकाण्डका छोरा वीरेन्द्र विकले आइतबार सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गराउनुभएको थियो।

सर्वोच्चले बन्दी प्रत्यक्षीकरणको रिट किन जारी हुनु नपर्ने हो त्यसको प्रमाणसहित बन्दीलाई सशरीर अदालत उपस्थित गराउन आदेश दिएको छ। प्रकाण्डविरुद्ध काभ्रेको क्रसर उद्योगमा आक्रमण गरेको अभियोग लगाइएको छ।

आदेशमा भनिएको छ- 'निवेदकको मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी हुनुपर्ने हो ? आदेश जारी हुनु नपर्ने मानसिब आधार कारण र प्रमाण भए २४ घन्टाभित्र निज निवेदकउपर कुनै प्रकारको कानुनी कारबाही चलाइएको भए सोसम्बन्धी सक्कल कागजातसहित नियमानुसार पेस गर्नु।'

प्रहरीले प्रकाण्डलाई गत साउन २२ गते काठमाडौंको टौदहबाट पक्राउ गरेको थियो। चन्दा उठाएको अभियोगमा महानगरीय प्रहरी परिसरले पक्राउ गरे पनि उहाँलाई छोड्न सर्वोच्चले गत शुक्रबार आदेश दिएको थियो। तर उहाँलाई छाडिएलगत्तै प्रहरीले अदालत परिसरबाट पक्राउ गरी काभ्रे लगेको थियो।

## रोल्पा कांग्रेसको छायाँ सरकार

# अपेक्षा बढी उपलब्धि शून्य

महेश न्यौपाने, रोल्पा

सरकारले गरेका राम्रा कामको रचनात्मक सहयोग र गलत कामको सशक्त प्रतिवाद गर्ने भन्दै नेपाली कांग्रेस रोल्पाले गठन गरेको छायाँ सरकार कामयावी नभएको जिल्लावासीले गुनासो गरेका छन्। अनियमितताका घटना भए पनि छायाँ सरकारले त्यसलाई रोक्न नसकेको जिल्लावासीले आरोप लगाएका छन्।

कांग्रेसले स्थानीय तह, प्रदेश र प्रतिनिधिसभा निर्वाचनका प्रत्यासी रहने गरी छायाँ सरकार गठन गरेको थियो। वडादेखि जिल्लास्तरसम्म छायाँ सरकारको संरचना बनाएको थियो। निर्वाचनमा प्रत्यासी भई पराजित भएका जुन पदमा पराजित भए सोही पदकै छायाँ सरकारको जिम्मेवारीमा रहने गरी नेपाली कांग्रेस रोल्पाले गत फाल्गुनमा छायाँ सरकार गठन गरेको थियो।

'जनताबाट आएका उजुरी र असन्तुष्टिलाई छानबिन गर्न जिल्ला समितिले निर्देशन दिएको छ', नेपाली कांग्रेस रोल्पाका जिल्ला सदस्य पहलमान वलीले भने- 'स्थानीय तहमा सम्पादन भएका योजनाको सूक्ष्म अध्ययन भइरहेकाले परिणाम नदेखिएको हो ।'

सरकारका राम्रा कामलाई सहयोग गर्ने तथा गलत कामको सशक्त प्रतिवाद गर्न छायाँ सरकार गठन गरिएको नेपाली कांग्रेस रोल्पाका सभापति अमरसिंह पुनले बताए। 'लोकतन्त्रमा प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुने भएकाले भूमिका सशक्त बनाउन छायाँ सरकार गठन गरेका हौं', पुनले भने- 'सत्ताको आडमा स्थानीय तहमा सञ्चालित योजनामा व्यापक अनियमितता भएको जनताबाट गुनासो आइरहेकाले त्यस्ता अनियमितता नियन्त्रणका गर्न छायाँ सरकार आवश्यक छ।' 'अघिल्लो आर्थिक वर्षमा रोल्पाली जनताको विकासका लागि आएको अरबौं बजेट व्यापक ब्रह्मलुट भई कार्यकर्ता पोस्न खर्च भएकाले त्यसकोसमेत सत्य तथ्य छानबिन गरी कानुनी दायरामा ल्याउन छायाँ सरकारले सहयोग गर्छ' -उनले भने। स्थानीय तहमा व्यापक अनियमितता भएको रिपोर्ट आएकाले छायाँ सरकारले त्यसको सत्य तथ्य छानबिन गरिरहेको पुनले जानकारी दिए।

नेपाली कांग्रेसले गठन गरेको छायाँ सरकारप्रति जिल्लावासीको मिश्रित प्रतिक्रिया आएको छ। विकास निर्माणलाई पारदर्शी बनाउन तथा जनप्रतिनिधिलाई जनताप्रति जवाफदेही बनाउन यस्ता निगरानी समूहको जरुरी रहेको एकथरिको आकलन छ। अर्कोथरिले भने विरोधका नाममा विरोध गर्न यस्ता संयन्त्र बनाइएको आरोप लगाएका छन्।

१ प्रतिनिधिसभा, २ प्रदेशसभा र १० स्थानीय तह रहेको रोल्पामा ७२ वटा वडा रहेका छन्। प्रतिनिधिसभाको १ पद र प्रदेशसभाको दुवै पक्ष पूर्वमाओवादी केन्द्रले जितेको थियो। यसैगरी १० स्थानीय तहमध्ये ७ पूर्वमाओवादी केन्द्र, २ पूर्वएमाले र १ नेपाली कांग्रेसले जितेका थिए। पूर्वमाओवादी केन्द्र र पूर्वएमालेको पार्टी एकीकरणसँगै जिल्लामा ९ स्थानीय तह नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को कब्जामा छ भने नेपाली कांग्रेस १ स्थानीय तहमा खुम्चिएको छ।

# डडेल्धुरा सदरमुकाममा ट्राफिक समस्या बढ्दै

राम धामी, डडेल्धुरा

प्रदेश नं ७ को भौगोलिक केन्द्रविन्दु मानिने डडेल्धुरा सदरमुकाममा ट्राफिक समस्या बढ्दै गएको छ।

यातायातका साधनको चाप बढ्दै गएको सदरमुकामस्थित बागबजारमा साँघुरो सडकका कारण ट्राफिक समस्या बढ्दै गएको हो। बजार क्षेत्रमा फुटपाथसमेत नहुँदा सर्वसाधारणलाई हिँड्डुल गर्नसमेत समस्या उत्पन्न हुने गरेको छ। अमरगढी नगरपालिका र जिल्ला ट्राफिक प्रहरी कार्यालय डडेल्धुराको संयुक्त पहलमा डडेल्धुरा सदरमुकाममा ट्राफिक व्यवस्थापनसम्बन्धी नयाँ योजनाका साथ काम शुरू भएको बताइए पनि सदरमुकाममा यातायातका साधन चलाउन निकै कठिन भइरहेको यातायातकर्मीको गुनासो छ।

जिल्ला ट्राफिक कार्यालय डडेल्धुराले बजारका मुख्य सडकमा भीडभाडको समयमा ठूला सवारीसाधन आवागमनमा रोक लगाइन सकिएमा केही हदसम्म समस्या समाधान हुने जनाएको छ। सदरमुकामस्थित बसपार्कसमेत निकै साँघुरो भएकाले यातायातका साधनको चाप बढ्दै जाँदा पार्किङमा समस्या हुने गरेको यातायात व्यवसायी बताउँछन्।

बजार क्षेत्रमा 'ट्राफिक आइल्यान्ड'( ट्राफिक प्रहरी उभिने ठाउँ) स्थापना गर्न नसकिएकाले यातायातका साधनको चाप बढेका बेला ट्राफिक प्रहरीलाई सवारीसाधन सञ्चालन गर्न कठिनाइ हुने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय डडेल्धुराले जनाएको छ। यात्रुको आवागमन सहज बनाउन ठाउँ-ठाउँमा 'जेब्रा क्रसिङ' बनाउने, बजारमा चलिरहेका सवारीसाधन सञ्चालनको उचित व्यवस्थापन गर्न सबै क्षेत्रबाट सहयोग आवश्यक रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय डडेल्धुराका प्रहरीकर्मी बताउँछन्।

सदरमुकाम क्षेत्रका मुख्य सडक छेउमा जथाभावीरूपमा निर्माण सामग्री राख्ने र सडक क्षेत्रमै मालवाहक सवारीसाधनले मालसमान लोड अनलोड गर्ने भएकाले झनै समस्या थपिएको स्थानीयको गुनासो छ। सडक साँघुरो हुँदै गएपछि ट्राफिक समस्या बढेकाले सडक विस्तार गर्न तत्काल पहल हुनुपर्ने स्थानीयको माग छ। प्रदेश नं. ७ का ७ पहाडी जिल्लामा चल्ने सवारीसाधन डडेल्धुरा भएरै जाने भएकाले सवारीसाधनको चाप बढेको हो।

# तलब भत्ता सबै विद्यालयलाई

बुटवल, (नेस)

कांग्रेसबाट निर्वाचित तिलोत्तमा नगरपालिकाको वडा नम्वर ९ का वडाध्यक्ष नारायण न्यौपानेले जनप्रतिनिधिका हैसियतमा प्राप्त गर्ने पारिश्रमिक र भत्ता आफ्नै वडाका विद्यालयको शिक्षा सुधारमा खर्च गर्ने घोषणा गर्नुभएको छ।

न्यौपानेले ५ वर्षसम्म जनप्रतिनिधिका हैसियतमा प्राप्त गर्ने पारिश्रमिक भत्तासहित अन्य सबै सुविधा वडामा रहेका गौतम बुद्ध माध्यमिक विद्यालय, गौतम बुद्ध शिशु सदन र विश्व शान्ति आधारभूत विद्यालयमा खर्च गर्ने बताउनुभयो।

यसको औपचारिक घोषणा वडा कार्यालयमा स्थानीय समाजसेवी, शिक्षाविद् तथा संघसस्थाका प्रतिनिधिको रोहवरमा केही दिनभित्र गर्ने न्यौपानेले बताउनुभएको छ।

न्यौपानेले भन्नुभयो- 'जनताको सेवा गर्न जनप्रतिनिधि भएको हुँ, सकेसम्म राज्यले जनप्रतिनिधिलाई यस्तो सुविधा दिनु हुँदैन भन्ने मेरो मान्यता छ, तर सबैले लिएकाले मैले त्यो रकम सामाजिक सेवामा नै लगाउने निधो गरेको छु।' उहाँले कुन क्षेत्रमा लगाऔं ? भन्दा धेरै साथीले शिक्षामा लगानी गर्न सुझाव दिएकाले आफ्नै वडाका विद्यालयमा सहयोग गर्ने बताउनुभयो।

# हत्यारालाई कारबाहीको माग राख्दै शवसहित प्रदर्शन

सरोज यादव, विराटनगर

कार्यस्थलमै शनिबार राति विराटनगरमा हत्या गरिएका मृतक परिवारले शवसहित प्रदर्शन गरेका छन्। हत्यारालाई कारबाही र पीडित पक्षलाई क्षतिपूर्तिको माग गर्दै उनीहरूले प्रदर्शन गरेका हुन्। विराटनगर-३ स्थित न्यु विक्की हार्डवेयरमा शंकास्पद अवस्थामा मृत भेटिएका विराटनगर-४ का टंकप्रसाद भट्टराईका परिवारसहित वडा नम्बर ३ का वडावासीले हत्यारालाई कारबाही र क्षतिपूर्तिको माग गर्दै प्रदर्शन गरेका हुन्।

घटनापछि धरानबाट पोस्टमार्टम गरी ल्याइएको भट्टराईको शवसहित उनीहरूले प्रदर्शन गरेका हुन्। पीडितपक्षको प्रदर्शनमा अखिल नेपाल सेक्युरिटी मजदुर संगठन मोरङले समेत ऐक्यबद्धता जनाएको छ। सो क्रममा पीडित पक्षले सोमबार दिउँसो शवसहित धरानरोडमा प्रदर्शन गर्दै विराटनगर-३ मा रहेको घटनास्थल विक्की हार्डवेयर पसलअगाडि शव राखेर केहीबेर प्रदर्शन गरेका थिए। मृतककी छोरी नवीना भट्टराईले आफूहरूले न्याय नपाएसम्म शवको अन्त्येष्टि नगरी प्रदर्शन जारी राख्ने बताइन्।

पसलअगाडि शव राखेर केहीबेर प्रदर्शन गरेका पीडित पक्षले केहीबेरपछि धरानरोडको मुख्य राजमार्गमा शव राखेर धर्नामा बसेका थिए। सो क्रममा उनीहरूले सवारीसाधन आवागमनमा रोक लगाउँदै पीडित पक्षलाई न्याय दिन माग गर्दै नाराबाजीसमेत गरे। पीडित पक्षले न्याय नपाएसम्म प्रदर्शन जारी रहने उनीहरूले प्रतिक्रिया दिएका थिए।

सवारीसाधन अवरोध गरिएपछि उत्तर-दक्षिण राजमार्गको निकै लामो दूरीसम्म सवारीसाधनको जाम लागेको थियो। प्रदर्शनका कारण तनाव उत्पन्न हुनसक्ने आशंकामा व्यापक प्रहरी परिचालन गरिएको थियो। झन्डै १ घन्टा बढीको प्रयासपछि प्रहरीले प्रदर्शनकारीलाई छेकबार लगाउँदै सडकमा राखिएको शव कब्जामा लिएको थियो। प्रहरीले सडकमा राखिएको शव सडक किनारमा पार्किङ गरिराखिएको शवबाहनमा राखेर पछि प्रदर्शनकारीलाई राजमार्गबाट छेउ लगाएर सवारीसाधनको आवागमन सुचारु गरेको थियो।

सडकबाट उठाएको शव पछि प्रहरीले मृतकका आफन्तलाई नै जिम्मा लगाएको थियो। मृतक भट्टराईको शव जिम्मा लिएका आफन्तले सोमबार साँझ उनको अन्त्येष्टि गरिने जनाएका छन्। उनीहरूले शवको अन्त्येष्टि गरिए पनि न्याय नपाएसम्म प्रदर्शन र पहल जारी रहने जनाएका छन्।

# फरार ११ जना कारागार चलान

बुटवल, (नेस)

विभिन्न मुद्दामा संग्लन भई फरार रहेका ११ जनालाई प्रहरीले पक्राउ गरी अदालतसमक्ष बुझाएको छ। अदालत बुझाइएका सबैलाई कैद भुक्तानका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ।

रूपन्देही जिल्ला अदालतबाट प्राप्त फरार लागतअनुसार बहुविवाह मुद्दामा ११ महिना ८ दिन कैद तथा ५ हजार रुपियाँ जरिवाना तोकिएका साविक रूपन्देही शंकरनगर-६ हाल तिनपा-४ बस्ने वर्ष ३५ का रामु परियारलाई पक्राउ गरी सोमबार जिल्ला अदालत रूपन्देहीमा दाखिला गरीएकोमा कैद भुक्तानका लागि कारागार चलान गरेको वडा प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक अमरबहादुर थापाले बताउनुभयो।

निज परियारलाई लागूऔषध र अन्य मुद्दामा पनि १ महिना कैद सजायको फैसला अदालतले गरेको थियो। वडा प्रहरी कार्यालय बुटवलले बितेको ९ महिनामा अदालतले विभिन्न मुद्दामा कैद सजाय तथा जरिवानाको फैसला सुनाएका फरार ११ जनालाई पक्राउ गरी अदालतसमक्ष बुझाएको प्रहरी निरीक्षक थापाले बताउनुभयो।

# मन्त्रालय अनुगमनमा मुख्यमन्त्री

हेटौंडा, (नेस)

३ नम्बर प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश मन्त्रालयबाट गरिएका कामका विषयमा अनुगमन शुरू गर्नुभएको छ।

प्रदेशका ६ मन्त्रालयमा मुख्यमन्त्रीले अनुगमन शुरू गर्नुभएको हो। प्रदेशका मन्त्रालयले चालू आर्थिक वर्षको वार्षिक योजना तथा बजेट कार्यान्वयनको तयारी र मन्त्रालयबाट गरेका काम/कारबाहीका विषयमा जानकारी लिने र निर्देशन दिने काम उहाँले गर्नुभएको हो।

मन्त्रालयबाट निर्माण गर्नुपर्ने कानुन निर्माणको अवस्था, बजेट कार्यान्वयनको अवस्थाका विषयमा मन्त्रालयमै गएर छलफल शुरू गरिएको हो। त्यही क्रममा मुख्यमन्त्री पौडेल, प्रमुख सचिव आनन्दराज ढकालसहित सामाजिक विकास मन्त्रालयको अनुगमन र काम कारबाहीका विषयमा जानकारी लिइएको थियो।

मन्त्रालयमा सामाजिक विकासमन्त्री युवराज दुलाल, सचिव, शाखाका कर्मचारीसहितले गरिएका कामका विषयमा प्रस्तुतीकरण गरेका थिए। अनुगमनका क्रममा गत आर्थिक वर्षका बजेट कार्यक्रमको समीक्षा, मन्त्रालयका तर्फबाट तर्जुमा गर्नुपर्ने कानुन निर्माणको अवस्था, कार्ययोजना, बनेका कानुन, अब बन्नुपर्ने कानुन, चालू आर्थिक वर्षका कार्यक्रम तथा बजेट कार्यान्वयनको तयारी, मन्त्रालयगत समस्या, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सहजीकरण गर्नुपर्ने विषयमा छलफल गरिएको थियो।

# विद्यालयमा एसपीआरए सिस्टम

## प्रतिविद्यालय वार्षिक १ लाख २५ हजार शुल्क

विराटनगर, (नेस)

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न तल्लोस्तरबाट सूचना प्रविधिको प्रयोग सोमबारदेखि मोरङको जहदा गाउँपालिकास्थित विद्यालयमा गरिएको छ। जहदा गाउँपालिकाका प्रमुख कैलाशप्रसाद मण्डलले इम्पेटस टेक्नोलोजी नेपाल प्रालिद्वारा निर्मित 'स्टुडेन्ट प्रोफाइल रिसर्च एनालाइसिस (एसपीआरए) एकेडेमिक एनलाइसिस रिसोर्स प्रोग्रामिङ (ईआरपी) सिस्टमको गाउँपालिकाको कार्यालयमा स्विच दबाई शुभारम्भ गरे।

उक्त सिस्टमको सूचना प्रविधिद्वारा विद्यालयको गतिविधि अध्ययन गर्नुका साथै विद्यार्थीको विद्यालयमा उपस्थिति, पठनपाठनको अनुगमन, अतिरिक्त क्रियाकलापको अध्ययन एकैसाथ गाउँपालिकाका प्रमुख, शिक्षक र अभिभावकले दैनिक, साप्ताहिक र मासिकरूपमा आफ्नो कोठामा हेर्न सकिने व्यवस्था गरिएको छ।

विद्यालयको अध्ययनस्तरको मापन, नियमन, गुणस्तर कायम गर्न प्रविधि उपयोगी रहेको स्थानीय अभिभावको भनाइ रहेको छ। यस प्रविधिको प्रयोगबाट विद्यालय हाताभित्र हुने सम्पूर्ण गतिविधि जानकारी प्राप्त भई विद्यार्थीको अध्ययन शैलीमा वृद्धि हुनुका साथै अध्यापनमा लगनशीलता साथै सिकाइ उपलब्धिमूलक हुने विश्वास गरिएको छ।

### मुद्दा...

सरकारी सेवा भए पनि बढुवा हुने प्रावधान नहुँदा र सीमित कोटामा मात्रै आवेदन खुला गर्दा यो पदमा नयाँ पुस्ताको आकर्षण उत्साहपूर्ण नहुने उहाँको ठहर छ।

प्रदेश र स्थानीय तहमा विकास निर्माणका गतिविधि बढिरहेको अवस्थामा हरेक स्थानीय तहमा वातावरण निरीक्षकको व्यवस्था अनिवार्य गरिनुपर्ने वातावरणविद् नवराज पोखरेलले जोड दिनुभयो। 'दिगो विकासको लक्ष्य प्राप्तिका लागि विकास र पूर्वाधार अपरिहार्य हुन्छ, त्यसका लागि विषय बुझेका जनशक्ति परिचालन नभएसम्म लक्ष्यमा पुग्न समस्या हुन्छ' -उहाँले भन्नुभयो।

### अपराधपीडितले...

यस्तो सम्भव र व्यावहारिक नभएमा पीडितको सुरक्षा र हितका निमित्त पीडित र अभियुक्तलाई अलग-अलग रहने व्यवस्था गर्नुपर्नेछ। दफा-१६ मा यो व्यवस्था गरिएको छ।

कसूर स्थापित भएको तर कसूरदार कायम हुन नसकेको अवस्थामा पनि अदालतले कोषबाट क्षतिपूर्तिस्वरूप उचित रकम पीडितलाई भराइदिने व्यवस्था छ। पीडकको उमेर, मानसिक अस्वस्थता, कूटनीतिक उन्मुक्ति र अन्य कुनै कारणले आपराधिक दायित्व बहन गर्न नपर्ने व्यक्तिबाट कुनै कसूर भएमा पनि कोषबाट मुनासिव रकम दिइनेछ।

यस्तै कसूरसम्बन्धी छलफल गर्दा विवाद समाधानमा सघाउ पुग्ने भएमा अदालतले पीडित र पीडकलाई एकै ठाउँमा राखेर छलफल गराउन सक्नेछ। अदालतको आदेश वा निर्णयविरुद्ध चित्त नबुझेमा त्यस्तो आदेश वा निर्णयविरुद्ध पुनरावेदन दिने अधिकार पनि सुरक्षित रहेको छ।

अनुसन्धानको सिलसिलामा वा प्रमाणका लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य सकिएपछि पीडितलाई यथाशीघ्र फिर्ता गर्नुपर्नेछ तर त्यस्तो सम्पत्तिलाई प्रमाणको लागि अदालतसमक्ष पेस गर्नुपर्ने भएमा वा सम्पत्तिको भोगको विषयमा विवाद भएमा विवाद टुंगो लाग्नुअघि सम्पत्ति फिर्ता गरिहाल्नुपर्दैन।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाका सञ्चारविज्ञ अशोक पौडेलले उक्त विधेयक राष्ट्रियसभामा प्रस्तुत भएको जानकारी दिँदै भन्नुभयो- 'आवश्यकताअनुसार जुनसुकै सदनमा विधेयक प्रस्तुत गर्न मिल्ने भएकाले पहिले प्रतिनिधिसभामा गएर राष्ट्रियसभामा आउनुपर्छ भन्ने छैन।'

उक्त विधेयकमाथिको छलफल बैठकमा सांसद रामनारायण बिडारी, राधेश्याम अधिकारी, अनिता देवकोटा र प्रकाश पन्तले बोल्नुभएको थियो। नेपाली कांग्रेसका सांसद पन्तले कुनै पनि नियम प्रभावकारी कार्यान्वयन नगरेसम्म बनाउनुको मात्र अर्थ नरहने भएकाले सरकारलाई कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिनुभएको थियो। उहाँले क्षतिपूर्तिबापत दिइने रकम वा अन्य व्यवस्था अझै पनि नाममात्रको भएको भन्दै बालबालिका बलात्कार गर्ने र अपांगता भएकामाथि बलात्कार र अन्य कसूर गर्नेलाई दोब्बर जरिवाना र दोब्बर नै क्षतिपूर्ति भराउनुपर्ने बताउनुभएको थियो।

नेकपा सांसद बिडारीले नेपालमा पहिलोपटक यस्तो व्यवस्था शुरू गरिएको बताउनुभयो। 'विश्वका धेरै मुलुकमा छैन, हामीले शुरू गरेका छौं, यो राम्रो पाटो हो', उहाँले भन्नुभयो- 'अपराधीलाई कारबाही र सजाय दिएर मात्र न्याय भएको परिकल्पना गर्न सकिँदैन त्यसका लागि पीडितले पनि क्षतिपूर्ति पाएको महसुस गर्न पाउनुपर्छ भन्ने उद्देश्यले यो विधेयक आएको हो।'

### पूर्वराजदूत...

झा राजदूत रहेका बेला नेपाल युनेस्कोको बोर्डमा नेपाल निर्वाचित भएको थियो भने उहाँ फ्रान्समै रहेका बेला नेपालको तर्फबाट विभिन्न समयमा उच्चस्तरीय भ्रमण भएका थिए। तत्कालीन राजा वीरेन्द्र, पूर्वप्रधानमन्त्रीद्वय मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला, तत्कालीन उप-प्रधानमन्त्री माधवकुमार नेपाललगायतले फ्रान्सको भ्रमण गर्नुभएको थियो। झाको कार्यकालमा यूरापेली मुलुकमा नेपालका उच्च र विशिष्ट अधिकारीको भ्रमणले नेपालको सम्बन्ध अन्तर्राष्ट्रिय तहमा फराकिलो बन्ने अवसर भएको परराष्ट्र मन्त्रालयका अधिकारी बताउँछन्।

उहाँको अकल्पनीय निधनले मुलुकले परराष्ट्र क्षेत्रका अनुभवी गुरु र ठूलो अभिभावक गुमाएको परराष्ट्र मामिलाका जानकारबताउँछन्। फ्रान्सकै लागि पूर्वराजदूत रहनुभएका मोहनकृष्ण श्रेष्ठ भन्नुहुन्छ- 'झा सरजस्तो अनुभवी र सबैलाई हौसला प्रदान गर्ने व्यक्ति परराष्ट्र सेवामा विरलै पाइन्छ, उहाँ त सबैका गुरु र अभिभावक हुनुहुन्थ्यो।'

### म त...

किसानले त्यो राख्नुपर्छ भन्ने पनि थाहा भएन। करिब ४५ हजार रुपियाँबराबरको सामान हो। गर्मी ठाउँबाट ल्याएको फर्सी हो। १/२ दिनमै बेचिएन भने त्यो कुहिन्छ। गाडी एक ट्रिपको लागि भनेर १३ हजार रुपियाँ भाडा तिरेर ल्याएको हुँ। त्यो गाडीको ड्राइभरलाई थुनिएको छ। उसको झन् के दोष !

### सरकार...

अनुगमन टोलीलाई कालीमाटी बजार अनुगमन गर्ने क्रममा अवरोध गरेको भन्दै विभागले उजुरी दिएपछि प्रहरीले कालीमाटी फलफूल तथा तरकारी व्यवसायी संघका अध्यक्ष भरत खतिवडालाई पक्राउ गरेको छ भने अर्का व्यवसायी विमल ढुंगाना भने फरार छन्। यसैगरी तरकारीको उत्पादनदेखि कालीमाटी थोक बिक्रेता बजारसम्म आइपुग्दा तरकारीको मूल्यवृद्धिका सम्बन्धमा अनुगमन गर्दा १ जना चालक र २ वटा सवारीसाधनमा रहेको तरकारीको खरिद बिक्री बिल पेस नगरेकाले वृत्तमा पठाइएको छ।

ना४च ६६३४ का चालक सुदीप दराईलाई नियन्त्रणमा लिइएको छ भने अर्को गाडीका चालक फरार छन्। विभागले पक्राउ परेका व्यक्तिले सरकारी टोलीलाई छेकबार गर्ने, नाराजुलुस गर्ने, धम्काउनेजस्ता क्रियाकलाप गरी अनुगमन कार्यमा बाधा अवरोध गर्ने काम गरेकाले आवश्यक कारबाही गर्न भन्दै प्रहरीलाई पत्र पठाएको छ।

विगत केही समयदेखि काठमाडौं उपत्यकाभित्र तरकारी तथा फलफूलको मूल्य अस्वाभाविकरूपमा बढिरहेको भन्ने गुनासो प्राप्त भएका आधारमा कालीमाटीमा छापा मारिएको थियो। केही समयअघि विभागको अनुगमन टोलीले काठमाडौं भित्रिने तरकारीका वास्तविक किसानसम्म पुगेर उनीहरूले पाउने मूल्यका विषयमा अध्ययन गरेको थियो। उक्त अध्ययनपछि किसानले पाउने मूल्य र बजारमा उपभोक्ताले तिर्ने मूल्यबीच निकै अन्तर रहेको निष्कर्षमा विभाग पुगेको छ।

स्थलगत निरीक्षणपछि मन्त्री यादवले जनताको भान्सासम्म पुग्ने तरकारीको सिन्डिकेट अन्त्य गर्न सरकार कडाइका साथ लागेको बताउनुभयो। किसानलाई कम मूल्य दिई उपभोक्ताबाट बढी रकम असुल्ने विचौलिया नियन्त्रण गरी तरकारीको उत्पादक र उपभोक्ताबीचको दूरी न्यून गरी नियमित अनुगमन गरिनेसमेत मन्त्री यादवको भनाइ छ। उहाँले उक्त कार्यमा जुनसुकै तत्त्वले व्यवधान गर्ने खोजे पनि सरकार पछि नहट्ने बताउनुभयो।

यसैबीच नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघले मंगलबार एक विज्ञप्तिमार्फत देशभर तरकारी तथा फलफूल नबेच्ने घुर्की लगाएको छ।

### कर्मचारीले...

यसबारे उक्त मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालले भने फरक मत राख्दै भन्नुभयो- 'साउन लाग्नासाथ तलब खान पाइएन भन्न मिल्दैन। मन्त्रालयको समस्या कर्मचारी पदस्थापन हो, तलबको होइन। तलब नखुवाएको होइन कर्मचारीको व्यवस्थापन हुन नसक्दा समस्या परेको हो।'

उहाँले थप्नुभयो- 'कर्मचारी पदस्थापन कहिले हुने भन्ने अनिश्चितताको कारण तलब खुवाउन समस्या परेको हो। कहा काम गर्ने टुंगो लागेकै छैन, कसरी खुवाउने तलब ?'

कर्मचारीको पदस्थापन नभएसम्म तलब खुवाउन समेत समस्या परेको मन्त्रालयको ठहर छ। यद्यपि, प्रवक्ता अर्यालले चाँडै नै समस्या समाधान हुने विश्वास राख्नुभयो।

कर्मचारी व्यवस्थापन भए पनि खाता सञ्चालन गर्न नसकेको कारण समस्या परेको हो। बजेट नचलेको कारण केन्द्रको सम्पूर्ण आर्थिक कारोबार ठप्प भएको छ। केन्द्रका महानिर्देशक बाबुराम पौडेलले महालेखा परीक्षक कार्यालयका कुन कर्मचारीले आर्थिक कारोबार हेर्ने भन्ने विषयमा टुंगो नलागेका कारण समस्या भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'तत्कालीन, शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्र समायोजन भई नया संरचना गठन भएको कारण केही समस्या आएको हो।'

विभिन्न निकायबाट काजमा आएका, समायोजन भएका ३ निकायमा बढी भएका कर्मचारीलाई व्यवस्थापना गर्ने विषयमा समेत समस्या भएकाले ती कर्मचारीलाई कसरी तलब खुवाउने भन्ने समस्या भएको हो। ३ निकाय हुँदा १ सय १३ कर्मचारी थिए। अहिले केन्द्रअन्तर्गत १ सय १ कर्मचारी छन्।

'करिब २ सय ५० उपसचिव कामविहीन भएका छन्, तलब खुवाउनसमेत सकेको छैन, जतातत्तै भद्रगोल छ' -एक उपसचिवले नेपाल समाचारपत्रसँग भने। तलब संरचना नयाँ भयो, कसलाई लेखाको जिम्मेवारी दिने, अहिलेसम्म खाताको अपडेट भएकै छैन। यस्ता कारणले समस्या भएको केन्द्रका उच्च अधिकारीको भनाइ छ। कर्मचारीको जिम्मेवारी लिनुपर्ने महानिर्देशक पौडेल र लेखा नियन्त्रकको कमजोरीको कारण गम्भीर समस्या आएको उनीहरूको आरोप छ। 'संरचना खुम्चियो, सानोबाट ठूलो कार्यालय भयो, कर्मचारी व्यवस्थापन गर्न केही समस्या भएकाले यस्तो भएको हो' -महानिर्देशक पौडेलको भनाइ छ।

मन्त्रालयअन्तर्गत विद्यालय शिक्षक किताबखानालाई निजामती कर्मचारी किताबखानामा गाभिएको छ। २९ वटा शैक्षिक तालिम केन्द्रलाई खारेज गरेर ७ वटामा मात्रै सीमित बनाइएको छ।'

# अर्थ

सबैभन्दा बढी जीवन बीमा समूहमा गिरावट आएको छ। त्यस्तै सबैभन्दा बढी नेपाल इन्भेष्टमेन्ट बैंकको संस्थापक र साधारण शेयरको कारोबार भएको छ।

# संस्थानमा मनपरी सुविधा

नेपाल समाचारपत्र

काठमाडौं

सार्वजनिक संस्थानहरूमा उच्च आर्थिक भार हुने गरी कर्मचारीले मनपरी सुविधा लिने गरेको छानविनमा फेला परेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न ११ वटा संस्थानमा गरेको छानविनका क्रममा त्यहाँभित्रको बेथिति फेला परेको हो।

कतिपय संस्थान घाटामा जाँदा समेत सेवा सुविधामा अधिकार स्थापित गर्न खोजेको देखिएको अख्तियारले जनाएको छ। अख्तियारका अनुसार नेपाल टेलिकमले कर्मचारी र सञ्चालक समितिका सदस्यलाई मासिक रुपमा मोवाइल, टेलिफोन, इन्टरनेट सुविधा दिँदा पाँच वर्षमा ५६ करोड २८ लाख ६८ हजार रुपियाँ भार थपिएको छ भने दुग्ध विकास संस्थानले कर्मचारीलाई दैनिक एक लिटर दूध र मासिक एक किलो घियू सुविधा दिँदा पाँच वर्षमा संस्थानलाई ११ करोड ८१ लाख ९७ हजार रुपियाँ बढी भार थपिएको छ।

त्यस्तै खानेपानी संस्थानले कर्मचारीलाई मासिक ५६० रुपियाँको दरले खानेपानी महशुल सुविधा दिँदा २ करोड भार थपिएको छ। संस्थानहरूले कर्मचारीलाई जथाभावी सुविधा दिँदा आर्थिक भार थपिएको हुँदा त्यस्तो सुविधा संस्थाको दीर्घकालीन दायित्वको विवेचना समेतका आधारमा छुट्टै कोषको व्यवस्था गरी त्यस्तो सुविधालाई पारिश्रमिकको अभिन्न अंग बनाइ एकरुपता कायम हुने गरी निश्चित मापदण्ड तोकेर यस्ता सबै प्रकारका सुविधालाई वार्षिक आयमा गणना गर्ने कानुनी व्यवस्था मिलाई सेवा सुविधा उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले सरकारलाई सुझाव दिएको छ।

# सिप्रदीद्वारा आयोजित रोड सेफ्टी फेन्सी ड्रेस प्रतियोगिता सम्पन्न



नेपाल समाचारपत्र

काठमाडौं

टाटा मोटर्सको नेपालको लागि आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ प्रालिले विद्यार्थी, शिक्षक र सञ्चालकलाई सडक सुरक्षा र ट्राफिक नियमका बारेमा सचेत गराउन विभिन्न क्रियाकलाप गर्दै आएको छ।

यसै सन्दर्भमा सडक सुरक्षा फेन्सी ड्रेस प्रतियोगिता प्रदर्शनी मार्गमा रहेको राष्ट्रिय सभागृहमा 'सुरक्षाका लागि पोशाक लगाऔं' भन्ने नाराका साथ सम्पन्न भयो। सिप्रदीले यस वर्ष विभिन्न कार्यक्रम गरी ६४ हजारभन्दा धेरै विद्यार्थीलाई सचेत गराउन सफल भएको जनाएको छ।

कार्यक्रमका प्रमुख अतिथि, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले अहिले सडक सुरक्षा प्रमुख र चिन्तालाग्दो विषय भएको उल्लेख गर्दै हरेक व्यक्ति समान खुबीले समान रुपमा सक्षम रहेको बताउनुभयो। उहाँले सबै नेपालीलाई सुरक्षा नियम पालना गर्न र सभ्य बन्न पनि अनुरोध गर्नुभयो।

महानगरीय ट्राफिक प्रहरी प्रभागका प्रहरी उपरीक्षक (एसपी) राजकुमार लम्सालले कार्यक्रममा सडक सुरक्षाको सवालले प्राथमिकता पाएकोमा खुसी व्यक्त गर्नुभयो। केन्द्रीय प्याब्सनका उपाध्यक्ष दीपिका थापाले बालबालिकालाई सुरक्षा नियमको पालना गर्न प्रोत्साहन गर्नुभयो।

सडक सुरक्षाप्रति आफ्नो महत्त्वपूर्ण पहल देखाउनका लागि १५ वटा विद्यालय प्रतियोगितामा सहभागी थिए। सबै विद्यालयको सुरक्षाको बारेमा आफ्नै नारा थियो र उनीहरूले सुरक्षातर्फ सम्मान देखाउँदै परेड पनि प्रस्तुत गरे। विद्यार्थीले ट्राफिक बत्ती, ट्राफिक कोन, जेब्रा क्रसिङ, परावर्तन हुने ज्याकेट, मादक पदार्थ सेवन गरी सवारी नचलाउने विषयवस्तु समेटिएको घाइते मानिस, हेल्मेट लगाउनेलगायतका सन्देश दिने खालका सडक सुरक्षासम्बन्धी सिर्जनशील विचार रहेका पोशाक लगाइरहेका थिए। प्रतियोगितामा रुपि इन्टरनेसनल स्कूलले समग्र सुरक्षा सन्देशमा सर्वोत्कृष्टको पदक पाएको थियो। त्यस्तै, हेराल्ड बोर्डिङ स्कूल सर्वोत्कृष्ट सुरक्षा परेडको पदका पाएको छ।

नाइटिंगेल स्कूलका स्वर्ण सिंह (कक्षा ७) सबैभन्दा सिर्जनशील कस्ट्युम (ट्राफिक लाइट लगाएको) को विजेता बने भने रुपि इन्टरनेसनल स्कूलका एकता ढकाल (कक्षा ६) लाई सर्वोत्कृष्ट प्रस्तोताको रुपमा छानियो। उनीहरूलाई प्रमाणपत्र, ट्रफी र नगद पुरस्कारले सम्मान गरिएको थियो।

कार्यक्रम समापन गर्दै सिप्रदी ट्रेडिङका सीओओ राजेशप्रसाद गिरीले हाम्रो बसको कुराको पछाडि सुरक्षा हाम्रो नियन्त्रणमा भएको सबैले सुरक्षा नियमको पालना गर्नुपर्ने र कुनै पनि अनिश्चितताबाट आफूलाई जोगाउन सुनिश्चित गर्नुपर्ने मान्यता भएको बताउनुभयो।

# नेप्सेमा गिरावट कायमै

काठमाडौं, (नेस)

साताको दोस्रो दिन पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेको छ। नेप्सेमा कारोबार शुरू भएदेखि नै ओरालो लागेको नेप्से ८ दशमलव २२ अंकले घटेर ११८८ दशमलव शून्य ७ अंकको बिन्दूमा कारोबार बन्द भएको छ।

सोमबार परिसूचकसँगै कारोबार रकममा पनि उल्लेख्य रुपले गिरावट आएको छ। यस दिन २२ करोड ६१ लाख ७२ हजार रुपियाँमा ६ लाख ३ हजार १ सय कित्ता शेयर कारोबार भएको छ।

सोमबार उत्पादनमुलक समूहबाहेक कारोबारमा आएका सबै समूहमा गिरावट आएको छ। सबैभन्दा बढी जीवन बीमा समूहमा गिरावट आएको छ। त्यस्तै सबैभन्दा बढी नेपाल इन्भेष्टमेन्ट बैंकको संस्थापक र साधारण शेयरको कारोबार भएको छ। संस्थापकतर्फ १ करोड ८९ लाख ६६ हजार रुपियाँ र साधारणतर्फ ९१ लाख १० हजार रुपियाँबराबरको कारोबार भएको छ। यस दिन वर्ल्ड मर्चेन्ड बैंकिङ एन्ड फाइनान्सका लगानीकर्ताले कमाएका छन्। सबैभन्दा बढी राष्ट्रिय बीमा कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

# एनआईसी एसिया बैंक र प्राइम लाइफ इन्स्योरेन्सबीच सम्झौता




काठमाडौं, (नेस)

एनआईसी एसिया बैंक र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्स सम्झौता भएको छ।

उक्त सम्झौताअनुसार एनआईसी एसिया बैंकका ग्राहकले बैंकका २३७ वटै शाखाबाट प्राइम लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बीमा पोलिसी खरिद गर्न सक्नेछन्। सम्झौतापत्रमा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार भट्टराईले हस्ताक्षर गर्नुभयो।

बैंकका २३७ शाखा कार्यालय, २३० एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवं १७ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १८२ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५४ अर्ब तथा कुल कर्जा १२७ अर्ब लगानी गरेको छ। बैंकका ग्राहक साढे १२ लाखभन्दा बढी रहेका छन्।

# एभरेस्ट बैंक र एनबीआईबीच सम्झौता

काठमाडौं, (नेस)

नेसनल बैंकिङ इन्ष्टिच्युट (एनबीआई) र एभरेष्ट बैंकबीच बैंकिङ तालिम सञ्चालनसम्बन्धी सम्झौतापत्र भएको छ।

उक्त सम्झौताअनुसार एनबीआईले एभरेष्ट बैंकका कर्मचारीको कार्यदक्षता विकासका लागि विभिन्न तालिम उपलब्ध गराउने छ। सम्झौताअनुसार एभरेष्ट बैंकले आफ्ना कर्मचारीका लागि नेसनल बैंकिङ इन्ष्टिच्युटबाट न्यूनतम् ५० लाख रुपियाँबराबर रकमको वार्षिक तालिम सञ्चालन गराउने छ।

उक्त सम्झौतापत्रमा एभरेष्ट बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठ र नेसनल बैंकिङ इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत सञ्जिब सुब्बाले हस्ताक्षर गरेका थिए।

# सुजुकीको नयाँ सर्भिस सेन्टर वीरगन्जमा

काठमाडौं, (नेस)

सुजुकीका चार पाङ्ग्रे सवारी साधनको नेपालका लागि आधिकारिक बिक्रेता तथा सीजी होल्डिङको अटोमोटिभ विभाग सीजी मोटोकर्पले वीरगन्जमा सर्भिस सेन्टर स्थापना भएको छ।

सुजुकीको बिक्रीपछिको सेल्स, सर्भिस तथा पार्ट्स वितरणको लागि रौनक अटो केयरलाई आधिकारिक सर्भिस सेन्टर नियुक्त गरिएको छ। यस सर्भिस सेन्टरमा दैनिक न्यूनतम १५ वटा कार हयाण्डल गर्ने क्षमता रहेको छ। यस सर्भिस सेन्टरमा सुजुकीको मापदण्डअनुसार सुजुकी एडभान्स्ड डाएग्नोस्टिक सिस्टमसहित सम्पूर्ण उच्चस्तरीय उपकरणहरू उपलब्ध रहेको कम्पनीले जनाएको छ। कम्पनीका कार्यकारी निर्देशक करण चौधरीका अनुसार बिक्रीपछिको सेवाले ग्राहकको सन्तुष्टिमा ठूलो भूमिका खेलेको हुन्छ, वीरगन्जस्थित सो सर्भिस सेन्टर ग्राहकलाई गुणस्तरीय तथा तीव्र सेवा प्रदान गर्ने प्रतिबद्धताको एक उदाहरण हो।

# पोखरामा १८ तले अपार्टमेन्ट बन्ने

नेपाल समाचारपत्र

पोखरा

व्यवसायी बिमल बसेलको अगुवाईमा पोखरामा अपार्टमेन्ट बन्ने भएको छ। पोखरा महानगरपालिका १८ सेदीमा 'बी एन्ड बी लेक भ्यु रिसोर्ट अपाटमेन्ट' निर्माण शुरू भएको छन्। टाइम शेयरिङ अवधारणाबाट अपार्टमेन्ट निर्माण हुनेछ, बसेलले भन्नुभयो-'मेरो २५ वर्ष पहिलेको सोच हो, जसले संसारभरका मानिस लाई दोस्रो घरको याद दिलाउनेछ।'

अपार्टमेन्ट फेवाताल, पोखराकाले लेकसाइड, शान्तिस्तुपा केबुलकारको दृश्य देखिने गरी ३६ रोपनी जग्गामा बनाउन लागेको बसेलले जानकारी दिनुभयो। १८ तलाको अपार्टमेन्ट निर्माणका लागि ८ अर्ब रुपियाँ लाग्ने अन्मान गरिएको छ। '३ तलाको पार्किङसहित १८ तलाको अपार्टमेन्ट निमाण गर्ने छौं, उहाँले भन्नुभयो-'दुईवटा भवनमा गरी ४ सय ६४ वटा अपार्टमेन्ट निर्माण गर्ने छौं।'

अपार्टमेन्ट भित्र २ वटा रेस्टुरेन्ट, २ वटा स्विमिङ पुल सुपरमार्केट, एटीएम, ट्राभल सुविधा, मनि चेन्जर, व्युटिपार्लर, स्पा, सैलुन, हेल्थ क्लब, पेन्ट घर, फिल्म हललगायतका आवश्यक सुविधा रहने बसेलले बताउनुभयो।

तीन वर्षमा निर्माण सम्पन गर्ने लक्ष्य परियोजनाको छ। परियोजना निर्माण हुने स्थान सम्याउने काम सकिएको अपार्टमेन्टका निर्देशक राम बसेलले जानकारी दिनुभयो। 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनिसक्दा हामी पनि सेवाका लागि तयार हुन्छौ,' बसेलले भन्नुभयो अपार्टमेन्टको बुकिङसमेत शुरू भएको छ। १ करोड ३३ लाख रुपियाँदेखि २ करोड ८९ लाख रुपियाँसम्मका अपार्टमेन्ट खरिद गर्न सकिनेछ। प्रि लन्चिङको अवसरमा ५ प्रतिशत छुटको व्यवस्था गरेको बसेलले जानकारी दिनुभयो। केबुलकार भ्यु भएको भवनका अपार्टमेन्टको १ करोड ३३ लाख र फेवा भ्यु भएको अपाटमेन्टको २ करोड ८९ लाख रुपियाँसम्म पर्ने उहाँले जानकारी दिनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रिलन्च गर्नुभएको थियो। प्रि लन्चिङ कार्यक्रममा ५० वटा अपाटमेन्ट बुकिङ भएको कम्पनीले जनाएको छ।

# 'स्प्राइट रिफ्रेस बनायो, रिचार्ज गरायो'मा २३ लाख बराबरको रिचार्ज भयो




काठमाडौं, (नेस)

'स्प्राइट रिफ्रेस बनायो, रिर्चाज गरायो' योजनामा भव्य रुपमा सञ्चलान भइरहेको छ। यस योजनामा प्रत्येक दिन १० हजारभन्दा बढी उपोभोक्ताको सहभागी हुँदै आइरहेका छन्। यस योजना अन्तर्गत गत हप्तामा एक दिनमै विजेताहरूको संख्या १८ हजार जनाभन्दा बढी पुगेको छ। गत हप्तासम्म यो योजनामा १ लाख ८० हजारभन्दा बढी भाग्यमानी विजेताले २३ लाखबराबरको रिचार्ज जितिसकेका छन्।

रिफ्रेस एन्ड रिर्चाज क्याम्पेनमा अन्तर्गत ग्राहकले १० रुपियाँदेखि ५ हजार रुपियाँसम्मको टक टाइम जित्न सक्नेछन्। यो हप्ताको ५ हजार जित्ने भाग्यशाली विजेता तनहुँका अभिषेक पन्त, बनेपाका रोशन मान्नधर तथा चाबहिलकी सिर्जना तामाङ रहेका छन्। विजेतामध्येका अभिषेक पन्तले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो-'यो मेरो पहिलो जित हो। यस्तैखाले योजनामा भाग लिएर आजसम्म कहिलै जितेकी थिइन, यो योजनामा जितेको ५ हजार सानो जित होइन। मैले महिनामा रिचार्जमा ४ सय रुपियाँ जति खर्च गर्ने गरेको छु, यो जितेको एक वर्षको रिचार्ज खर्च धान्नेछ।'

यस योजनामा सहभागी हुन ग्राहकले स्प्राइट, कोक तथा फ्यान्टा गरिद गरी बोटलमा भएको लेबलको पछाडि रहेको युनिक कोड टाइप गरी ३६७६८ मा एसएमएस गरेर सहभागी हुन सक्नेछन्। यो योजना भदौ १५ गतेसम्म लागू हुनेछ।







हकदावी गर्न आउने ३५ दिने सूचना

[illegible]

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

RELIANCE LIFE INSURANCE

अभिकर्ता आधारभूत तालिम बारेको सूचना

यस कम्पनीले **भाद्र** महिनाको लागि देहायका स्थान तथा मितिमा निम्नानुसारको अभिकर्ता आधारभूत तालिम कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा कम्तीमा एस इ इ परिक्षा उत्तीर्ण गरि सकेका र जीवन बीमा अभिकर्ताको रुपमा कार्य गर्न चाहनुहुने महानुभावहरुले यस कम्पनीको आधारभूत तालिम कार्यक्रममा समावेश भई मौकाको फाइदा उठाउनुहुन अनुरोध गर्दछौं। साथै तालिममा सहभागी हुनको लागि यस कम्पनीको कन्द्रीय तथा नजिकको शाखा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

| क्र.सं. | तालिम स्थान | तालिम मिति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कर्पोरेट कार्यालय | २० देखि २२ सम्म | ०१४७८२२४ |
| २ | पाटन | १३ देखि १५ सम्म | ०१५५४१६९१ |
| ३ | भक्तपुर | १० देखि १२ सम्म | ०१६६२०००३ |
| ४ | चाबहिल | ९ देखि ११ सम्म | ०१४४९८६०१ |
| ५ | कलंकी | ९ देखि ११ सम्म | ०१५२३४६६६ |
| ६ | महाराजगञ्ज | १२ देखि १४ सम्म | ९८०१२३३७७४ |
| ७ | बनेपा | १३ देखि १५ सम्म | ९८०१२३३२४६ |
| ८ | बिर्तामोड | १० देखि १२ सम्म | ९८०१२३३२८२ |
| ९ | दमक | १२ देखि १४ सम्म | ९८०१२३७००२ |
| १० | इटहरी | १५ देखि १७ सम्म | ९८०१२३३३२५ |
| ११ | बिराटनगर | १६ देखि १८ सम्म | ९८०१२३७००३ |
| १२ | मन्थली | १० देखि १२ सम्म | ९८०१२३७०२१ |
| १३ | गाईघाट | १५ देखि १७ सम्म | ९८०१२३७०२३ |
| १४ | जनकपुर | १६ देखि १८ सम्म | ०४१४२०५११ |
| १५ | नुवाकोट | ०८ देखि १० सम्म | ९८०१२३८०४९ |
| १६ | धादिङ | १० देखि १२ सम्म | ९८५११२०८९० |
| १७ | गोर्खा | १२ देखि १४ सम्म | ९८५१०९४१४५ |
| १८ | नारायणगड | १४ देखि १६ सम्म | ९८०१२३३३२९ |
| १९ | हेटौंडा | १५ देखि १७ सम्म | ०५७५२५३७२ |
| २० | बिरगञ्ज | १६ देखि १८ सम्म | ०५१५२४५३८ |
| २१ | लमजुङ | ८ देखि १० सम्म | ९८५६०४५७२५ |
| २२ | इलाम | ८ देखि १० सम्म | ९८४४६२८७३५ |
| २३ | जोरपाटी | ०७ देखि ०९ सम्म | ९८४३२६८१११ |
| २४ | चरिकोट | ८ देखि १० सम्म | ०१४७८२२४ |
| २५ | बर्दिबास | १२ देखि १४ सम्म | ९८६९२२८१५० |
| २६ | लेखनाथ | १४ देखि १६ सम्म | ९८१९१४४२४९ |
| २७ | पोखरा | १५ देखि १७ सम्म | ०६१५५१६५४ |
| २८ | बागलुङ | १६ देखि १८ सम्म | ९८४७६३१७०५ |
| २९ | बेनी | १६ देखि १८ सम्म | ९८५७०२८९४७ |
| ३० | बुटवल | १० देखि १२ सम्म | ९८४७०२४३०४ |
| ३१ | पाल्पा | १२ देखि १४ सम्म | ९८०१२३७०२४ |
| ३२ | घोराही | १४ देखि १६ सम्म | ९८०१२३७०२७ |
| ३३ | तुलसीपुर | १५ देखि १७ सम्म | ९८०१२३७०१० |
| ३४ | नेपालगञ्ज | १६ देखि १८ सम्म | ९८०१२३७००७ |
| ३५ | सुर्खेत | १७ देखि १९ सम्म | ९८०१२३७००५ |
| ३६ | दैलेख | १८ देखि २० सम्म | ९८०१२३७००८ |
| ३७ | धनगढी | ८ देखि १० सम्म | ०९१५२४१०४ |
| ३८ | महेन्द्रनगर | १० देखि १२ सम्म | ९८०१२३७००६ |
| ३९ | डडेल्धुरा | १२ देखि १४ सम्म | ९८०१२३७००९ |
| ४० | टिकापुर | १४ देखि १६ सम्म | ९८०१२३७००४ |
| ४१ | कुश्मा | १७ देखि १९ सम्म | ९८०१२३७०२६ |
| ४२ | भैरहवा | ८ देखि १० सम्म | ९८४७०२४३०४ |
| ४३ | लहान | १४ देखि १६ सम्म | ९८०१२३३३२७ |
| ४४ | धरान | १४ देखि १६ सम्म | ९८४१०१४९९९ |
| ४५ | दमौली | १० देखि १२ सम्म | ०१४७८२२४ |
| ४६ | दुलेगौंडा | १२ देखि १४ सम्म | ९८५११८१९९५ |
| ४७ | पुतलीसडक | ०७ देखि ०९ सम्म | ९८०११५९०४६ |
| ४८ | कीर्तिपुर | ०७ देखि ०९ सम्म | ९८५१०३९३१४ |
| ४९ | बालाजु | ०७ देखि ०९ सम्म | ९८४९७२९०३४ |

रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड
पो.ब.नं. ७८२, कृष्ण टावर, चौथो तल्ला, नयाँ बानेश्वर, काठमाडौं
फोन नं : ४७८७२२४/२२५, फ्याक्स : ९७७-१-४७८६३८१
info@relifeinsurance.com www.relifeinsurance.com

# अर्थ

संस्थानहरूले कर्मचारीलाई जथाभावी सुविधा दिँदा आर्थिक भार थपिएको हुँदा त्यस्तो सुविधा संस्थाको दीर्घकालीन दायित्वको विवेचना समेतका आधारमा छुट्टै कोषको व्यवस्था गरी त्यस्तो सुविधालाई पारिश्रमिकको अभिन्न अंग बनाइ एकरुपता कायम हुने गरी निश्चित मापदण्ड तोकेर यस्ता सबै प्रकारका सुविधालाई वार्षिक आयमा गणना गर्ने कानुनी व्यवस्था मिलाई सेवा सुविधा उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले सरकारलाई सुझाव दिएको छ।







# कीर्तिमान तोडेमा थप १ लाख पाउने

काठमाडौं, (नेस)

काठमाडौं म्याराथनको १२औं संस्करणमा म्याराथनतर्फ कीर्तिमान तोड्ने खेलाडीको लागि थप १ लाख दिइने सोमबार पत्रकार सम्मेलनमा आयोजकका निलेन्द्रराज श्रेष्ठले जानकारी गराएका छन्। १०औं म्याराथनमा नेपाल प्रहरी क्लबका भूमिराज राईले २ घन्टा २१ मिनेट २४ सेकेन्डको कीर्तिमान रचेका थिए। यो कीर्तिमान तोड्ने खेलाडीलाई आयोजक प्रो स्पोर्टस् प्रालि र इभेन्ट सोलुसनले थप १ लाख दिने श्रेष्ठले बताएका हुन्। काठमाडौं म्याराथन आगामी असोज २० गते हुँदै छ। पहिलोपटक स्पोर्टस् एक्स्पो आयोजना गर्न लागिएको पनि श्रेष्ठले बताए। स्पोर्टस् एक्सपो असोज १८ गतेदेखि २० गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजना हुनेछ।

म्याराथनमा यसपटक फुल म्याराथन, हाफ म्याराथन, को-अपरेट म्याराथन (रिले), ५ किलोमिटर, भेट्रान ५ किलोमिटर, विद्यालय ५ किलोमिटर र ३ किलोमिटरको हवीलचेयर गरी ७ स्पर्धामा प्रतिस्पर्धा हुनेछ। फुल म्याराथनको महिला र पुरुष दुवैतर्फको विजेताले समान १ लाख प्राप्त गर्नेछन् भने दुवै विधाको दोस्रो र तेस्रो हुने टिमले क्रमशः समान ५० हजार र २५ हजार प्राप्त गर्नेछ। हाफ म्याराथनको महिला र पुरुष दुवैका शीर्ष तीनले क्रमशः ५० हजार, २५ हजार र १०, को-अपरेट म्याराथनका शीर्ष तीनले क्रमशः २५, १० र ५ हजार, ५ किलोमिटर खुल्ला, भेट्रान ५ किलोमिटर र विद्यालय ५ किलोमिटर दौडको दुवै विजेताले क्रमशः १५, १० र ५ तथा ३ किलोमिटरको हवीलचेयरको शीर्ष तीनले क्रमशः १०, ५ र ३ हजार नगद प्राप्त गर्नेछन्।

# रियल मेड्रिडको जित

लन्डन, (एजेन्सी)

यस सिजनको स्पेनिस ला लिगामा रियल मड्रिडले गेटाफेलाई २-० ले हराउँदै विजयी सुरुआत गरेको छ। आइतबार राति घरेलु मैदान बेर्नबाउमा भएको खेलमा रियललाई जिताउन गेरेथ बेल र डेनी कार्भाहलले गोल गरेका थिए। कार्भाहलले २०औं मिनेटमा हेडमार्फत् गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए। त्यस्तै ५१औं मिनेटमा वेल्सका स्टार बेलले गोल गरेपछि रियलको अग्रता दोब्बर बनेको थियो। जितसँगै रियलले ३ अंक जोडेको छ।

# इन्डोनेसियामा नेपाली खेलाडीको निरस प्रदर्शन

जकार्ता, (एजेन्सी)

इन्डोनेसियाको राजधानी सहर जाकार्तामा जारी १८औं एसियाली खेलकुदमा नेपालले सहभागिता भएका खेलमा नेपाली खेलाडीको निरासजनक प्रदर्शन भइरहेको छ।

पौडीमा आस गरिएकी महिला पौडी खेलाडी गौरिका सिंह हिट चरणबाटै बाहिरिइन्। २ वर्षअघि दक्षिण एसियाली खेलकुदमा शानदार प्रदर्शन गरेकी गौरिकाले जाकार्तामा राम्रो गर्न सकिनन्। १ सय मिटर फ्रिस्टाइल महिला इभेन्टमा उनी १८औं स्थानमा रहिन्। उनले सो दुरी १ मिनेट ०.८२ सेकेन्डमा पूरा गरेकी थिइन्।



यसै गरी महिला पौडीमा नेपालको तर्फबाट सहभागिता भएकी टिसा शाक्य सोही इभेन्टमा २२औं स्थानमा रहेकी थिइन्। सो हिट चरणमा २७ खेलाडीले भाग लिएका थिए। टिसाले १ मिनेट ०३.९६ सेकेन्डमा दूरी पूरा गरेकी थिइन्।

### निमा ११औं स्थानमा

१२औं दक्षिण एसियाली खेलकुदमा नेपाललाई पहिलो स्वर्ण पदक दिलाएकी उसुकी निमा घर्तीमगर ११औं स्थानमा सीमित भएकी छिन्। १२ खेलाडी सहभागि भएको महिला नान् ताउमा निमाले ९.१७ अंक जोडेकी छिन्। यो उनको राष्ट्रिय कीर्तिमान अंक हो। पुरुष छान् छ्वानमा नेपालका युवराज थापा मगरले २३ खेलाडी प्रतिस्पर्धा गरेकोमा २१औं स्थान प्राप्त गरे। उनले ८.२२ अंक जोडेका थिए। यस्तै सान्सौं पुरुष ५६ केजीमा पदम ठकुल्ला लाओसका खेलाडीसँग पराजित भए।

### ब्याडमिन्टन

नेपालको पुरुष ब्याडमिन्टन टोलीले हारको सामना गरेको छ। क्वार्टरफाइनलमा पुरुष टिम इभेन्टतर्फ नेपाली टोली चाइनिज ताइपेईसँग ३-० ले हार्‍यो। सिंगल्सतर्फ रत्नजित तामाङ, दिपेश धामी र नवीन श्रेष्ठ तीनै जनाले सोझो सेटमा ताइपेई खेलाडीसामू नतिजा सुम्पेका थिए।

### तेक्वान्दो

तेक्वान्दोतर्फ सागर गुभाजु पुरुष ५८ केजीमुनि गेरोगीअन्तर्गत क्वार्टरफाइनलमा रोकिए। नेपालका खेलाडी सागर भियतनामका खेलाडीसँग २५-५ अंकको अन्तरले हारेका थिए। महिलातर्फ ५३ केजीमुनि निमा गुरुङ लेबनानकी खेलाडीसँग २३-१० ले हार्दा अर्की नेपाली महिला खेलाडी संगीता बस्यालले ६७ केजीमुनि फिलिपिन्सकी खेलाडीसँग २०-१७ ले खेल गुमाइन्।

### सुटिङ

इन्डोनेसियामा नेपाली सुटिङ खेलाडीको चुनौती पनि समाप्त भएको छ। पुरुषतर्फ सुरेश चौधरी ६ सय ५४ पूर्णांकमा ५ सय ८१ अंक जोडेर ४२औं स्थानमा रहेका थिए। सो स्पर्धामा विभिन्न देशका गरी ४४ खेलाडीले सहभागिता जनाएका थिए। महिला १० मिटर एयर राइफल इभेन्टमा कल्पना परियार र सुस्मिता नेपाल क्रमशः ४५औं र ४६औं स्थानमा रहे। सो इभेन्टमा कुल ४८ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

### राणा दिदीबहिनी अन्तिम १६ मा

एसियाड टेनिसको महिला डबल्सतर्फ नेपालकी राणा दिदीबहीनी मायांका र माहिकाको जोडीले अन्तिम १६ मा स्थान सुरक्षित गरेको छ। पालेम्वाङमा भएको खेलमा सो जोडीले माल्दिभ्सको जोडीलाई ६-४ र ६-१ को सोझो सेटमा हराएको थियो। आज उनीहरुको सामना जापानी खेलाडीसँग हुनेछ। पुरुष डबल्समा भने नेपालका संरक्षकभूषण बज्राचार्य र अभिषेक बास्तोलाको जोडी भारतीय जोडीसँग सहजै पराजित भएको छ।

### प्याराग्लाइडिङ

प्याराग्लाइडिङको व्यक्तिगत एक्युरेसीको पहिलो दुई चरण समाप्त हुँदा नेपालका प्रतिस्पर्धी विजय गौतम तेस्रो स्थानमा रहेका छन्। पहिलो स्थानमा इन्डोनेसियाका मेगावान्तो जाफ्रो छन्। दोस्रो स्थानमा थाइल्यान्डका विटेहाम जिरासाक छन्। यो प्रतिस्पर्धाको तेस्रो चरण केही खेलाडीले सकाए पनि नेपालका गौतमले खेल्न बाँकी छ।

छैटौं चरणसम्म चल्ने सो इभेन्टमा २९ खेलाडीले भाग लिएका छन्। अर्का नेपाली खेलाडी सुशील गुरुङ भने २५औं स्थानमा छन् र उता एक्युरेसीको महिला टिम इभेन्टको दोस्रो चरण समाप्तीमा नेपाल चौथो स्थानमा छ।






## धरहरा

### करप्रसाद



केही साताअघि धेरै नेपालीलाई करबारेको समाचार हेर्न, पढ्न, सुन्न रहर हुन्नथ्यो। बहुसंख्यकले करैले मात्र करको समाचार नियाल्थे। तर हिजो-आज करबारेको समाचार पढ्ने, हेर्नेको जमात ह्वात्तै बढ्या छ। अर्थात् करको समाचार पढ्न, हेर्न कर गरिरहनु पर्दैन।

ओली सरकारले जनतालाई 'कर' बम्पर उपहार दिएको छ। हरेक क्षेत्र र सेवामा कर बढाइएको भनेर सर्वत्र आलोचना भइरहेको छ। तर पीएम ओली भन्छन्- 'करबारे अतिरन्जित ढंगमा प्रचार-प्रसार भइरहेको छ।' ६ महिना पुग्या सरकारले राम्रो र उदाहरणीय काम केही गर्‍या भए पो जयजयकार गाउनु अनि घर-घरमा मैनबत्ती बालेर दीपावली मनाउनु।

करबारे ओलीका फ्यान चुपचाप बसे पनि कांग्रेससहित केही प्रतिपक्षी दललाई मसला बन्या छ। उनीहरुलाई सदनदेखि सडकसम्म ओलोचना गर्ने खुराक बन्या छ। करकै विषयमा कटाक्ष गर्दै कांग्रेस नेता अमरेस संसद्मा भन्दै थिए- 'सामाजिक सञ्जालमा करको विरोध व्यापक बन्या छ, अब म पनि प्रधानमन्त्रीलाई करप्रसाद भनौं कि क्या हो।'

अमरेसले ढिलै गरी संसद्मा त्यस्तो कुरा राख्या हुन्। तर धरहराले धेरै दिन अघिदेखि नै पार्टी पंक्तिमा त्यस्तो सम्बोधन हुन थाल्या देख्या छ। नेकपाका कार्यकताले खुलेआमरूपमा त्यसरी सम्बोधन नगरे पनि पार्टी अध्यक्ष एवं पीएमलाई खुसुखुसु 'करप्रसाद' भन्न थाल्या धेरै दिन भयो।

# सिटीद्वारा गोलको वर्षा

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर लिग फुटबलमा हडर्सफिल्डविरुद्ध म्यानचेस्टर सिटीले गोलको वर्षा गरेको छ।

आइतबार घरेलु मैदानमा भएको खेलमा डिफेन्डिङ च्याम्पियन सिटीले हडर्सफिल्डलाई ६-१ को फराकिलो गोल अन्तरले पराजित गरेको हो। टोलीको जितमा सर्जियो अग्युरोले ह्याट्रिक गर्दा गाब्रियल जेसस र डेभिड सिल्भाले १-१ गोल गरेका थिए। हडर्सफिल्डका टेरेन्स कांगोलोले सिटीलाई १ आत्मघाती गोल उपहार दिएका थिए। हडर्सफिल्डका लागि स्टन्कोविकले १ गोल फर्काएका थिए।

खेलको २५औं मिनेटमा अग्युरोले गोल गर्दै सिटीलाई अग्रता दिलाएका थिए। त्यसको ६ मिनेटमै जेससले गोल गर्दै अग्रता दोब्बर बनाए। ३५औं मिनेटमा अग्युरोले व्यक्तिगत दोस्रो र सिटीका लागि तेस्रो गोल गरे।

खेलको ४३औं मिनेटमा हडर्सफिल्ड स्टन्कोविकले गोल गर्दै गोलअन्तर खुम्च्याएका थिए। पहिलो हाफमा ३ गोलले अग्रता बनाएको सिटीको गोलवर्षा दोस्रो हाफमा पनि कायमै रह्यो। ४८औं मिनेटमा सिल्भाले सिटीका लागि चौथो गोल गरे भने ७५औं मिनेटमा अग्युरोले ह्याट्रिक पूरा गरेका थिए। त्यस्तै ८४औं मिनेटमा टेरेन्स कांगोलोले आत्मघाती गोल गरेपछि सिटीले ६-१ को शानदार जित दर्ता गर्‍यो।

२ खेलमा लगातार जित निकालेको सिटी ६ अंक जोड्दै लिग तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। यसअघि सिटीले आर्सेनललाई हराएको थियो।

एकातिर सिटीले शानदार जित निकाल्दा म्यानचेस्टर युनाइटेड भने पराजित भएको छ। युनाइटेड ब्राइटन एन्ड होभ अल्वियोनसँग ३-२ ले पराजित भएको हो। ब्राइटनले घरेलु मैदानमा २७ मिनेटभित्र नै २ गोल गर्न सफल भएको थियो। सोली मार्चको पासमा ग्लेन मुरेले गोल गर्दै टिमलाई १-० को अग्रतामा राखेका थिए।

त्यसको २ मिनेटपछि नै सेन डफीले गोल गरेपछि घरेलु टोली खेलमा २-० ले अघि बढेको थियो। ३४औं मिनेटमा रोमेलु लुकाकुले १ गोल फर्काउँदै युनाइटेडलाई खेलमा फर्काउने सम्भावना बनाए। तर, ४४औं मिनेटमा पास्कल ग्रसले पेनाल्टीमार्फत गोल गरेपछि ब्राइटन पहिलो हाफसम्म ३-१ ले अघि बढेको थियो।

दोस्रो हाफमा अधिकांश समय बलमा पकड जमाए पनि पाउल पोग्बाले १ मात्र गोल गर्न सफल भएपछि युनाइटेड जारी सिजनको दोस्रो खेलमा नै पराजित हुन पुग्यो। यस्तै अर्को खेलमा वाट्फोर्डले बर्नलेलाई ३-१ ले पराजित गरेको थियो।



मलेसियामा हुने एसिया कप छनोटका लागि तयारी गर्न नेपाली राष्ट्रिय क्रिकेट टोली श्रीलंकामा सोमबार प्रस्थान गरेको छ। नेपालले त्यहाँ यसै साता तीन अभ्यास खेल खेल्नेछ। त्यहाँबाट नेपाली टोली मलेसियामा एसिया कप छनोटमा खेल्न त्यसतर्फ जानेछ। सन्दीप लामिछाने वेस्ट इन्डिजबाट सिधैं मलेसिया जानेछन्।

# जोकोभिचले इतिहास रचे

लन्डन, (एजेन्सी)

पूर्व विश्व नम्बर एक खेलाडी नोभाक जोकोभिचले एटीपी मास्टर्स १००० टेनिस प्रतियोगिताका सबै ९ उपाधि जितेर इतिहास रचेका छन्।

आइतबार राति सिनसीनाटी टेनिस प्रतियोगिताको फाइनलमा जोकोभिचले रोजर फेडेररलाई हराएर इतिहास रचेका हुन्। सर्बियाली खेलाडी मास्टर्सका सबै ९ उपाधि जित्ने पहिलो खेलाडी बनेका छन्।

३१ वर्षीय जोकोभिचले यसअघि सिनसिनाटीमा ५ पटक उपविजेतामै चित्त बुझाउँदा ३ पटक स्विस खेलाडीसँगै पराजय बेहोरेका थिए। उनले यसपटक भने छैटौं फाइनलमा ७ पटकका विजेता फेडेररलाई ६-४, ६-४ को सोझो सेटमा पाखा लगाएका थिए। जोकोभिचको यो करियरको ९९औं उपाधिसमेत हो। साथै उनले फेडेररसँग जित-हारको हेड टू हेडमा २३-२३ बराबरी गरेका छन्।

विम्बल्डन विजेता जोकोभिचले जितपछि बताए- 'यो ज्यादै विशेष क्षण हो। पहिलोपटक मैले सिनसिनाटीमा ट्रफी जितिरहेको छु।'



# आठौं समयमा नहुने चिन्ता

नेपाल समाचारपत्र

बाँके

युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्माले साउन ८ गते नेपालगन्ज रंगशालाको शिलान्यास गर्नुभयो। मन्त्री विश्वकर्माले २५ करोडको प्याराफिट, ट्र्याक एन्ड फिल्डको तामझामका साथ शिलान्यास गर्नुभएको थियो। तर त्यो विधिपूर्वक गरिएको शिलान्यासमा राखिएको इट्टा अहिलेसम्म जस्ताको तस्तै रहेको छ।

नेपालगन्ज रंगशाला आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताको उद्घाटनस्थल हो। राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले मंसिर २१ देखि २८ गतेसम्म चल्ने खेलकुदको महाकुम्भ मेला यही लगाउने निर्णय गरिसकेको छ।

'निर्धारित समयमा आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुने' भाषण गर्न खेलकुदमन्त्री विश्वकर्मा, राखेपका सदस्य सचिव केशव विष्टदेखि क्षेत्रीय अध्यक्ष भीम वलीले छोडेका छैनन्।

शिलान्यास भएको १९ दिन पछि रंगशाला निर्माणका लागि ठेकेदारसँग सम्झौता भएको छ। साढे १८ करोडको प्याराफिट र साढे ६ करोडको ट्र्याक एन्ड फिल्डको काम शुरूसम्म भएको छैन। नेपालगन्ज रंगशालाको अहिलेको स्थिति हेर्दा समयमा त्यहाँ उद्घाटन हुने छाँट देखिँदैन।

नेपालगन्ज रंगशालामात्रै होइन, आठौं लक्षित अरू ठाउँका भौतिक संरचनाका काम पनि कछुवा



गतिमा अघि बढेका छन्। नेपालगन्ज रंगशाला परिसरमै पौडीपोखरी, सुटिङरेन्ज, भारोत्तोलन, कभर्डहल मर्मत हुन बाँकी नै छन्। खजुरामा शुक्र भलिबल स्टेडियम, कोहलपुरमा क्रिकेट मैदान, कारकादोमा जुडोका संरचना बनाउन भनिएको छ।

आठौं राष्ट्रिय प्रतियोगिता नेपालगन्जलाई मुख्य केन्द्र मानेर आसपासका जिल्लामा पनि हुँदै छ। बर्दिया, दाङ, कपिलवस्तु र रूपन्देहीमा पनि आठौंका खेलहरु हुँदै छन्। क्षेत्रीय अध्यक्ष वलीका अनुसार, आठौंमा ३५ वटा खेल हुनेछन्। तीमध्ये बाँकेमा १७, बर्दियामा ४, दाङमा ९, कपिलवस्तुमा एक र रूपन्देहीमा ४ वटा खेलहरु खेलाइन्छ।

### १७ करोड निकासा हुन बाँकी

क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष भीम वली डेढ महिनादेखि काठमाडौंमा बसिरहेका छन्। २०७४ सालमा निर्माण गरिएको भौतिक संरचनाको बजेट नै निकासा नभएपछि वलीले काठमाडौंमा धर्ना दिएका हुन्। आठौंका लागि २०७४/७५ का १३ वटा प्रोजेक्ट रहेका छन्। खेल नभए पनि आठौंको नाममा एउटा प्रोजेक्ट परेको पाल्पासहित ६ जिल्लाका लागि ६६ करोडको भौतिक संरचना निर्माण भइरहेका छन्। अध्यक्ष वलीले २०७५ मा पैसाको कुनै समस्या नरहेको बताएका छन्।

बाँकेमा १५ करोडको पौडी पोखरी बनिरहेको छ। बाँकेमै ६१ लाखको सुटिङरेन्ज बनिरहेको छ। भारोत्तोलनको भुइँतलाको काम सकिएको छ। ८७ लाखको भारोत्तोलनको प्रोजेक्ट तला थप्दै जाँदा १ करोडको लागतमा पुग्ने अधिकारीहरुले बताएका छन्। कभर्डहलको मर्मतका लागि ६० लाख रुपियाँ आउँदै छ। यसअघि ३१ लाखमा छानाको मर्मत गरिएको थियो।

बाँकेको कोहलपुरमा क्रिकेट मैदानमा ९० लाखको काम भएको छ भने थप १० लाख रुपियाँ आउँदै छ। २०७५ मा परेको १० लाख रुपियाँ अति नै कम भएको र थप रकम माग गरिने अध्यक्ष वलीले बताएका छन्। 'अहिले निकासा भएको पैसाले हामीले क्रिकेट खेल्न मिल्ने गरी पिच बनाउँछौं, दायाँबायाँ केही गर्दैनौ' -वलीले बताए।

कारकादोको जुडो र खजुरामा शुक्र भलिबल स्टेडियमका लागि पनि रकम छुट्याइएको छ। सवा ६ करोडको भलिबल स्टेडियम बन्दै गर्दा ६० लाखको काम भइसकेको छ। दाङको बेलझुन्डीमा २५ करोडको लागतमा रंगशाला निर्माण हुँदै छ। हालै सभामुख कृष्णबहादुर महराले त्यसको शिलान्यास गरेका थिए। लहमीमा क्रिकेट मैदान बनिरहेको छ। यहाँ २०७३ मा २० लाख, ७४ मा ४० र ७५ मा १५ लाख रुपियाँ छुट्याइएको छ।

भैरहवामा १ करोडको लन टेनिस कोर्ट, कभर्डहल मर्मत गरिँदै छ। रूपन्देहीमा ७७ लाखमा ब्याडमिन्टन कभर्डहल, कपिलवस्तुमा कुस्तीका लागि १५ लाखको संरचना बन्दै छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ